CR 019-12-4B

मानवअधिकार प्रलेख हाते किताब

इन्सेक
insec

मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरुका निम्ति

अध्ययन सामग्री

तथा

मानवअधिकार वर्ष पुस्तक

प्रलेख निर्देशिका

मानवअधिकार प्रलेख हाते किताब

प्रथम संस्करण : २०५८ कार्तिक

संख्या : ५००

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार : इन्सेकमा सुरक्षित

मूल्य : रू. १०५।-

मुद्रक : सुनकोशी प्रेस
मैतीदेवी
फोन : ४२२०९१

भूमिका

दश वर्षको मेहनतपछि मानवअधिकार वर्ष पुस्तकलाई हामी नेपालको मानवअधिकार आस्थाको समग्र तस्वीर प्रस्तुत गर्ने ऐनाको रुप दिन सफल भएका छौं। कतिपय अवस्थामा मौसम वा अन्य गडबडीले ऐना धमिलिएको पनि हुन सक्छ। तर समष्टीगत रुपमा मानवअधिकार वर्ष पुस्तक यो देशको मानवअधिकार अवस्थाको आवधिक विवरण प्रस्तुत गर्ने प्रभावशाली माध्यमका रुपमा विकसित भएको छ भन्न मैले धक मान्नु हुँदैन।

यसबीच आफ्ना बुद्धि, सीप, दक्षता र अहोरात्रको मेहनतले वर्ष पुस्तकलाई विद्यमान उचाइसम्म पुऱ्याउने असंख्य साथी, शुभचिन्तक तथा सहयोगीहरुको योगदानको यथोचित कदर गर्नै पर्छ। र, यही कर्तव्यले मलाई वर्ष पुस्तकको समृद्ध स्वरुपका बारेमा उल्लेख गर्ने सवालमा धक मान्न दिंदैन। धेरैजनाको सीप कौशलको मिश्रण र इमान्दार प्रयास वर्ष पुस्तकले सुरुदेखि अहिलेसम्म पाउदै आएको छ। समयक्रम बढ्दै जाँदा मानवअधिकार वर्ष पुस्तक परिमार्जित पनि हुँदैछ।

तर यति हुँदा हुँदै पनि हाम्रो काममा परिमार्जन भित्र्याउनु पर्ने पक्षहरु धेरै छन्। वर्ष पुस्तकका निम्ति गर्नुपर्ने सूचनाको संकलन, सम्प्रेषण वा प्रस्तुतिका लागि जे जस्ता प्राविधिक सीपहरुको जरुरत पर्दछ, तिनीहरुका बारेमा पनि हामीले अब्बल दर्जा हासिल गर्नुछ। मानवअधिकारका बारेमा समग्र ज्ञान हासिल नगरी मानवअधिकार अवस्थाको अनुगमन गर्न कहाँ सकिन्छ ? त्यसैले मानवअधिकारको इतिहासदेखि आधुनिक अवधारणासम्मका विषयमा हामीले अद्यावधिक हुनु परेको छ।

सूचनाको प्रस्तुति, लेखन वा विश्लेषण सांस्कृतिक सून्यताको स्थितिमा हुन सक्दैन। विभिन्न समाजहरुको संस्कृति, विचारधारा, उन्नति र विकासप्रतिको दृष्टिकोणमा अन्तर हुन्छ। त्यसैले नेपालको घटनाका सम्बन्धमा वाशिङ्गटन वा लण्डनबाट सम्प्रेषित विवरण तथ्यहरुमा आधारित भएको अवस्थामा समेत पूर्ण सत्य नठहरिन सक्छ। त्यही कारण हामीले नेपाली परम्परा, चालचलन र यथार्थहरुमा आधारित भएर सूचना संकलन, आंकलन वा विश्लेषण गर्ने बानी बसाल्नु पर्दछ।

यही कार्तिक २० गतेदेखि धुलिखेलमा हुन लागेको मानवअधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधिहरुको तालिम कार्यक्रममा यिनै विषयहरुमा छलफल गरिने भएको छ। त्यही प्रयोजनका निम्ति यो तालिम पुस्तक तयार गरिएको हो। यसको तयारीका निम्ति परिश्रम गर्नु हुने वर्ष पुस्तक तथा प्रलेख शाखाका कृष्ण गौतम एवं प्रकाश ज्ञवाली धन्यवादका पात्र हुनुहुन्छ। पुस्तकमा मानवअधिकारको अवधारणा सम्बन्धी खण्डको तयारी गर्नु हुने कृष्ण उपाध्याय एवं मुकुन्द कट्टेललाई पनि धन्यवाद ज्ञापन गर्दछु।

पुस्तकमा संचार सीप सम्बन्धी खण्डको तयारी गर्नु हुने इन्सेक कार्य समिति सदस्यद्वय विनयकुमार कसजू र कुन्दन अर्याललाई धन्यवाद ज्ञापन गर्दछु। उहाँहरु दुवैले आफ्नो संचार प्रशिक्षण सम्बन्धी ज्ञान र अनुभव पुस्तकमा समावेश गर्नु भएको छ।

पुस्तकको टाइप र साजसज्जा गरी यस रुपमा तयारी गर्नु भएकोमा गोविन्द त्रिपाठी प्रति धन्यवाद ज्ञापन गर्दछु।

पुस्तक कस्तो लाग्यो ? पढिसकेपछि सुझावहरु प्राप्त हुने आशा गरेको छु।

सुबोधराज प्याकुरेल
महासचिव

विषय सूची

पेज नं.

खण्ड - क :- अध्ययन सामग्री

१. अधिकार र मानवअधिकार १
- १.१ मानवअधिकार विवेचना
- १.२ मानवअधिकार र राज्यको दायित्व
- १.३ निष्कर्ष

२. मानवअधिकारको ऐतिहासिक पृष्ठभूमि ६
- २.१ ऐतिहासिक पृष्ठभूमि
- २.३ मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८

३. समूहगत अभ्यास र प्रस्तुति ९
- ३.१ मानवअधिकारको विश्वव्यापी घोषणापत्रअनुरूप मानवअधिकारको पहिचान
- ३.२ " प्रस्तुति

४. मानवअधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरू ११
- ४.१ नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध १९६६
- ४.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध १९६६
- ४.३ महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९
- ४.४ वालअधिकार महासन्धि
- ४.५ यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि

५. नेपालले अनुमोदन/सम्मिलन गरेका अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरू १६

६. नेपाल अधिराज्यको संविधान २०४७ मा मौलिक हक १७

७. मानवअधिकारका अनुबन्धका प्रावधानहरू (१६ समूहमा) २०

८. मानवअधिकारका अनुबन्धका प्रावधानहरू : हननको पहिचान र निक्यौंल २२

९. अभ्यास : ECOSOC and ICCPR २७

१०. सबैका लागि सम्पूर्ण अधिकार : अधिकारहरूको अन्तर्सम्बन्ध र स्वअस्तित्वसम्बन्धी अवधारणा २८

११. अभ्यास : अधिकारहरूको अन्तर्सम्बन्ध र स्वअस्तित्व २९

१२. द्वन्द्व व्यवस्थापनसम्बन्धी कखरा ३०
- १२.१ द्वन्द्व के हो ?
- १२.२ द्वन्द्वका प्रकारहरू
- १२.३ द्वन्द्व समायोजन कसरी गर्ने त ?
- १२.४ सार

१३. मानवअधिकार र सामाजिक न्यायका निम्ति सञ्चार सीप ३५
- १३.१ सञ्चारका प्रकारहरू
- १३.२ तथ्यको संकलन र प्रस्तुति
- १३.३ समाचारका आधारभूत तत्वहरू
- १३.४ मानवअधिकारका सवाल र फिचर
- १३.५ सूचना र जनताप्रति उत्तरदायित्वको प्रश्न

१३.६ सूचनाको प्रस्तुति र ख्याल गर्नुपर्ने कानुनी कुरा

१४. आमसञ्चारलाई कसरी जनोपयोगी बनाउने ? ५२

खण्ड – ख :- मानवअधिकार वर्ष पुस्तक प्रलेख निर्देशिका

१. मानवअधिकार वर्ष पुस्तक प्रकाशनको उद्देश्य

२. जिल्ला प्रतिनिधि कस्तो हुनुपर्छ ?

३. सूचना : केही आधारभूत कुराहरू

४. सूचना लिने विधिहरू

५. सूचना संकलनमा ध्यान दिनुपर्ने कुराहरू

६. घटना संकलन फारम भर्न चाहिने कुराहरू

७. घटना विवरणको तयारी

८. जिल्ला परिचय

९. निम्न लिखित घटनाबारे तुरून्तै केन्द्रलाई सूचना दिने

१०. सूचना सम्प्रेषण

११. आर्थिक हरहिसाबका सम्बन्धमा

१२. जिल्ला प्रतिनिधिहरूलाई प्रस्तावित आचार संहिता ६७

१३. वर्ष पुस्तक लेखन शैली ६८

अधिकार र मानवअधिकार

मानवअधिकार विवेचना

मानिस सामाजिक प्राणी हो। समाज मानिसको प्राकृतिक संगठन हो। मानिस-मानिसबीच हुने सम्बन्धमा मानिसहरूको सामाजिक सम्बन्ध निर्भर गर्दछ। यो सामाजिक सम्बन्ध व्यक्तिहरूबीचका आपसी सम्बन्धहरूबाट निर्माण हुन्छ। छोरा-बाबु, आमा-छोरी, काका-भतिजा आदिबीच परिवारभित्र एक प्रकारका दायित्व (कर्तव्य) को सिर्जना हुन्छ। उदाहरणका निम्ति : एउटा छोरा भएको हैसियतमा कसैले बाबुबाट शिक्षाको अवसर पाउने अधिकार खोज्न सक्दछ। त्यसैगरी यही कुरालाई उसले छोरालाई शिक्षा दिनु बाबुको कर्तव्य हो भनेर पनि अभिव्यक्त गर्न सक्दछ। यसरी अधिकार दुई व्यक्ति वा व्यक्ति/व्यक्तिबीचको अन्तर्सम्बन्ध हो।



कहिलेकाहीँ कानूनीव्दारा पनि यस्ता सम्बन्धहरू परिभाषित हुन्छन्। दुई वा बढी व्यक्तिहरूबीच भएको कानूनी सम्बन्धबाट पनि अधिकारका क्षेत्रहरू सृजित हुन्छन्। कसैले कुनै संस्थामा निश्चित अवधिभरमा निश्चित शर्तमा सेवा प्रदान गर्ने कानूनी सम्झौता गरेको भए यस्तो संस्था (कानूनी व्यक्ति) र व्यक्तिले एक आपसमा शर्त अनुसारको अधिकार राख्दछन्। कानूनी व्यक्तिले उक्त व्यक्तिबाट शर्त अनुसारको काम वा सेवा प्राप्त गर्ने अधिकार राख्दछ भने, व्यक्तिले उक्त संस्था वा कानूनी व्यक्तिबाट शर्तअनुसारको सुविधाको अवसर राख्दछ। यहाँ पनि अधिकार प्राप्त गर्ने र कर्तव्य निर्वाहक रहन्छन्। त्यसैले अधिकार भन्ने बित्तिक्कै कर्तव्य निर्वाहक तथा अधिकार प्राप्तकर्ताको कुरा आउँछ। अधिकारको अस्तित्वकानिम्ति एकातर्फ कर्तव्य निर्वाहक र अर्कोतर्फ अधिकार प्राप्तकर्ता हुनै पर्छ।



"मानवअधिकार" अधिकारभन्दा फरक कुरा हो। मानवअधिकार व्यक्ति-व्यक्तिबीचको सम्बन्ध होइन। मानवअधिकार "व्यक्ति" र "राज्य" बीचको सम्बन्ध हो। "मानवअधिकार" मा "व्यक्ति" अधिकार प्राप्तकर्ता हुन्छ भने "राज्य" कर्तव्य निर्वाहक। राज्यले मानिसमा अन्तर्निहित मानवअधिकारका निम्ति जिम्मेवारी वहन गर्दछ।



विविध कालखण्डमा मानिस र राज्य बीचको अन्तरसम्बन्धको प्रकृति (Nature) फेरिने गर्दछ। वर्तमान बहुदलीय संसदीय प्रजातान्त्रिक प्रणाली र निरंकुश पंचायत व्यवस्थाका दुई कालखण्डमा जनतासँगको राज्यको अन्तरसम्बन्ध फरक-फरक खालका रहेको पाइन्छ। पंचायती शासन बढी दमनकारी थियो। त्यसैले जनता आधारभूत राजनीतिक अधिकारबाट वञ्चित थिए। हालको राजनीतिक प्रणाली त्यस्तो दमनकारी अवस्था छैन तर राज्यले गर्ने कतिपय अन्य दायित्व पूरा गर्न सकेको छैन। यसबाट के देखिन्छ भने अलग-अलग अवस्थामा राज्यसँग जनताका मागहरू फरक-फरक हुने गर्छन्। अर्को शब्दमा भन्नुपर्दा, यी फरक-फरक अवस्थामा मानवअधिकारका विषयवस्तु (Content) निर्धारित भएका छन्। यसरी जनताको राज्यसँगको अन्तरसम्बन्धको प्रकृतिबाटै मानवअधिकारका विषयवस्तुको निर्धारण हुन्छ। यसबाट के प्रष्ट हुन्छ भने मानवअधिकार राज्यको चरित्रसँग भर पर्ने विषय हो। मानवअधिकारलाई राज्यको चरित्रसँग गाँसेर नहेर्ने हो भने यसको संरक्षण र सम्बर्द्धनमा राज्यको दायित्व र हननको जिम्मेवारीबाट राज्यलाई पन्छाउने अनुत्तरदायी काम मात्र हुनेछ।

मानवअधिकार के हो ?

- मानवअधिकार मानिसको नैसर्गिक अधिकार हो, जुन अधिकार जहाँ सुकै बस्ने समस्त मानव जातिका लागि हुन्छ र यसलाई मानव जातिको प्राकृतिक अधिकार पनि भन्न सकिन्छ।
- मानवअधिकार किन्नु, कमाउनु अथवा प्राप्त गर्नुपर्ने विषय होइन। यो स्वतःसिद्ध समानताका आधारमा सबैले उपभोग गर्न पाउने र कसैले हरण गर्ने नपाउने अधिकार हो।

यद्यपि कतिपय देशका कानूनहरूले मानवअधिकारको सम्पूर्ण रूपमा सम्मान वा सुरक्षा गरेका छैनन् भने पनि प्रत्येक नागरिकहरूको मानवअधिकार स्वतः आफूमा अन्तरनिहित रहने हुन्छन्।

माथिका यिनै भावनालाई समेट्दै मानवअधिकारको विश्वव्यापी घोषणा पत्र जारी गरियो । समष्टिगतरूपमा उक्त घोषणापत्रमा उल्लेखित कुराहरू नै मानवअधिकार हुन्।

कहिलेकाहीँ मानवअधिकारलाई व्यक्ति-व्यक्तिबीचको सम्बन्धका रूपमा परिभाषित गर्ने प्रवृत्ति पनि हामीकहाँ नआएको होइन। तर बिर्सनै नहुने कुरा के हो भने व्यक्ति-व्यक्तिबीचको सम्बन्धकलाई राज्यको कानून वा परम्परागत नियमहरूले परिभाषित गरेको हुन्छ। मानवअधिकारलाई अन्तरव्यक्तीय सम्बन्धको प्रकृतिको रूपमा परिभाषित गर्न मिल्दै मिल्दैन। मानवअधिकारलाई परिभाषित गर्न निम्न ३ महत्वपूर्ण पक्षहरूको आवश्यकता पर्दछ।

(क) उपभोगकर्ता (जनता) : पीडित हुने, भइरहेका वा हुन सक्ने व्यक्ति वा समुदाय
(ख) कर्तव्य निर्वाहक (राज्य) : यसको चरित्र र मानवअधिकारको निम्ति यसले निर्वाह गर्नुपर्ने दायित्व
(ग) मानवअधिकारका विषयवस्तु : मानवअधिकारका विषयवस्तु भन्नाले, आधारभूत मानवीय स्थिति (Basic Human Status) लाई बुझ्नु पर्दछ।

(क) जनताका बारेमा यहाँ उल्लेख नगर्दा पनि प्रष्ट छ। तर राज्यको बारेमा थोरै चर्चा गर्नु सान्दर्भिक हुन्छ।
(ख) कर्तव्य निर्वाहक (राज्य) र यसका दायित्व, मानवअधिकारका विषयवस्तु सँगसँगै मानवअधिकारका निम्ति राज्यको दायित्वमाथि पनि विचार गरिनु पर्दछ। सम्मान गर्ने (Respect-bound obligation), संरक्षणको दायित्व (Protection-bound obligation) र परिपूर्तिको दायित्व (Fulfillment Obligations) हुन्छन्। यी दायित्व पूरा गर्दा भेदभावरहित नीति अख्तियार गर्नु अनिवार्य छ।

सम्मान गर्ने दायित्व : राज्यले मानवअधिकारका आधारभूत (राष्ट्रिय अन्तर्राष्ट्रिय) मान्यतालाई कानून र नियमको साँचोमा ढालेर मात्र पुग्दैन। आफ्ना क्रियाकलापबाट तिनीहरूको सम्मान पनि गर्नु पर्दछ।

संरक्षणको दायित्व : संविधान, कानून तथा नीति नियमसहित राज्यले जनताको आधारभूत मानवीय स्थितिको संरक्षण पनि गर्नु पर्दछ।

परिपूर्तिको दायित्व : राज्यले गरीवीको रेखामुनिका जनताका आवश्यकताहरूलाई परिपूर्ति गर्दै उनीहरूलाइ आधारभूत मानवीय स्थितिसम्म ल्याउने दायित्व निर्वाह गर्नु पर्दछ।

यो काम राज्यले आफ्नो क्षमताअनुसार दीर्घकालीन दीर्घकाली रूपमा गर्दै जानु पर्दछ।

(ग) **मानवअधिकारका विषयवस्तु** : आधारभूत मानवीय स्थिति भनेको व्यक्तिको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जीवनको मर्यादित स्थिति हो। यी स्थितिबाट कसैलाई पनि विमुख पारिनु हुन्न। आधारभूत मानवीय स्थिति निश्रृत हुने आधारभूत अवधारणा (Basic Principle) भनेको सुरक्षा (Security), पहिचान (Identity) र सहभागिता (Participation) हुन्। यिनीहरू एक अर्कासँग यतिधेरै अन्तरसम्बन्धित छन्, एकको अभावमा अर्कोको अस्तित्व रहन सक्दैन। यिनीहरू माथि उल्लेखित मानिसका नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनसँग अन्योन्याश्रित सम्बन्ध राख्दछन्। आर्थिक सहभागिता, आर्थिक सुरक्षा र पहिचानसँग पनि अन्योन्याश्रित रूपमा जोडिएकाछन्। यसैगरी यी राजनीतिक पहिचान, सुरक्षा र सहभागितासँग पनि उत्तिकै तादात्म्य राख्दछन्। यसरी नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनलाई यी आधारभूत अवधारणा (सुरक्षा, पहिचान र सहभागिता) का आधारमा राज्यसँग जनताको अन्तरसम्बन्धको प्रकृतिको रूपमा लिने हो भने यिनीहरू मानवअधिकारका विषयवस्तु बन्दछन्।

स्वतन्त्रता (Freedom) वा शोषण (दमन), उत्पीडन (Oppression) लाई पनि मानवीय स्थितिको आधारमा परिभाषित गरिनु पर्दछ। मानिसको आधारभूत स्थितिलाई ध्वंस गर्नु वा ध्वंस भैरहेको रहेछ भने त्यही रहिरहन दिनु शोषण (दमन), उत्पीडन (Oppression) हो। स्वतन्त्रताले शोषण (दमन), उत्पीडन (Oppression) को अनुपस्थितिलाई जनाउँछ। यसले राज्यको निस्क्रियता वा कर्तव्यविमूढ अवस्थालाई जनाउँदैन। मानवअधिकारहरूमाथि ज्यादति भइरहेको अवस्थामा राज्यले हस्तक्षेप नगर्नु स्वतन्त्रताको सम्मान गर्नु होइन ।

मानवअधिकार हनन : मानवअधिकार र राज्य बीचको अन्तरसम्बन्ध भएको हुनाले मानवअधिकार हननको चर्चा गर्दा राज्यले आफ्ना दायित्वहरू पूरा गरे/नगरेको पनि हेरिनु पर्दछ। राज्यले आफ्नो दायित्व पूरा नगरेको वा दायित्वबाट भागेको कारणले व्यक्ति वा समुदायको आधारभूत मानवीय स्थिति ध्वंस भएको वा प्राप्त गर्न असमर्थ भएको भए त्यसलाई मानवअधिकार हनन (Violation) भएको मान्नु पर्दछ। मानवअधिकार हननमा राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहेकै हुन्छ। त्यसो त व्यक्ति-व्यक्तिबीचको सम्बन्धका कारणले पनि आधारभूत मानवीय स्थितिको ध्वंस हुन्छ र मानिसहरू मानवअधिकारबाट वञ्चित (Deprive) हुन्छन्। तर त्यस्ता विषयलाई राज्यका कानून र नियमले परिभाषित गरेका हुन्छन् र अदालतको क्षेत्राधिकारभित्र पर्दछन्। कानूनले परिभाषित नगरेका खण्डमा मात्र यस्ता विषयको जिम्मेवारी राज्यको हुन्छ र मानवअधिकारको हनन हुन्छ। यहाँनिर के दोहोऱ्याउनु आवश्यक छ भने समाजमा हुने सबै नराम्रा घटनाहरू मानवअधिकार हनन होइनन, धेरैजसो व्यक्ति-व्यक्तिबीचका सम्बन्धका कारणले आधारभूत मानवीय स्थितिको ध्वंस हुँदा अपराध हुने गर्छन्। मानवअधिकार हनन हुनलाई कि त राज्यको प्रत्यक्ष/परोक्ष संलग्नता देखिनु पर्दछ कि त ऊ आपनो दायित्वबाट भागेको हुनु पर्दछ।

मानवअधिकार र राज्यको दायित्व

नेपालमा मानवअधिकारको विषयवस्तु (Content) वा मुद्दाहरू (Issues) को पहिचान गर्न र त्यसका प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्न नेपाली जनता र राज्यको द्वन्दात्मक सम्बन्ध (Dilectical Relation) का बारेमा चर्चा गर्नु आवश्यक छ।

(क) नेपालको राज्य व्यवस्था : नेपाल अधिराज्यको संविधान २०४७ लागू गरिएयता नेपालको राज्यको उपल्लो ढाँचामा परिवर्तन आएको छ। दुई सदन भएको संसद छ। आवधिक निर्वाचनबाट छानिएका प्रतिनिधिहरूले मुलुकको कानून निर्माण गर्नेदेखि लिएर राज्य संचालन गर्ने सरकारको गठन समेत गर्दछन्। छुट्टै न्यायपालिका पनि यो मुलुकमा छ।

विगतका राज्य संचालनका व्यवस्था र राष्ट्रकै रूपमा पनि ढिलो संगठित भएको कारणले राज्य स्वयंले आफ्ना जनताबीच पनि विभेद गर्ने नीति लियो। यी भेदभावपूर्ण चरित्र अंगालिसकेपछि क्षेत्रगतरूपमा असमान विकास, लैंगिक भेद, संस्कृतिहरूको जगेर्ना गर्नमा असमानता र राज्यको आर्थिक गतिविधिमा तथा सामाजिक काममा असमान सहभागिताको कारणले मानिसहरूबीच आर्थिक, सामाजिक तथा राजनीतिक असमानताको दूरी बढायो। राज्यको चरित्रका काणले बनेका यी असमानताका पीडा नेपाली समाजका स्थायी वस्तु बन्न पुगे। २०४६ सालमा संसदीय प्रजातन्त्रको पुनर्वहालीपछि राज्यको उपल्लो ढाँचामा (Superstructure)

मात्रात्मक परिवर्तन देखा परे पनि नेपाली समाजका यी असमानता ज्यूँका त्यूँ छन्। राजनीतिक विचारको आधारमा राज्यले भेद नगर्ने भएता पनि अन्य कैयौं विषयमा राज्यको विभेदकारी चरित्रमा परिवर्तन आएको छैन। महिलाहरू, कृषि मजदुर, बँधुवा मजदुर आदि क्षेत्र राज्यका सकारात्मक र हस्तक्षेपको अभावमा विभेदकारी र शोषणयुक्त तथा दमनात्मक स्थितिको शिकार भएका छन्।

(ख) पुरानो विभेदकारी चरित्र बाँकी रहेजस्तै राज्यको विगतमा देखिएको दमनात्मक चरित्र पनि अझ विद्यमान छ। २०४६ साल यताको मानवअधिकार स्थितिको मूल्यांकन गर्दा मात्रै पनि राज्यको यो चरित्र छर्लङ्ग हुन्छ। स्थितिले केही मात्रात्मक सुधारतर्फ संकेत गर्छ । तर मानवअधिकारको दृष्टिकोणले हेर्ने हो भने यो चरित्रमा आधारभूत रूपमै फरक भने आएको देखिँदैन।

(ग) राज्यको चरित्र आफैमा अन्तरविरोधपूर्ण ढुलमुले किसिमको रहेको पाइन्छ। यसले आफैले जाहेर गरेको मानवअधिकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता अर्को आर्थिक प्रतिबद्धताले खण्डन गरिरहेको हुन्छ। यही हालत राष्ट्रिय प्रतिबद्धताको पनि छ। अन्तर्राष्ट्रिय र राष्ट्रिय पूँजीको दबाब र प्रभावको अगाडि निष्प्राण जस्तो देखिने हाम्रो राज्य दृढताका साथ अगाडि बढ्न सकेको छैन। एकातिर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धमा प्रतिबद्धता जाहेर गरिन्छ भने त्यसका प्रावधानहरूका विरूद्ध जाने विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषका नीतिहरूमा पनि प्रतिबद्धता जाहेर गरिन्छ।

राज्यका यी चरित्रहरूको असर मानवअधिकारसम्बन्धी दायित्व वहन गर्ने सवालमा पनि पर्दछन।

नेपालमा मानवअधिकार र राज्यको दायित्व :

(क) **सम्मान गर्ने दायित्व** (Respect bound obligation) : राज्यले अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमा आफ्नो प्रतिबद्धता जाहेर गरी त्यसको राष्ट्रिय कार्यान्वयन गर्ने बचनबद्धता जनाएर सकारात्मक भूमिका निभाएको छ। साथसाथै निकै हदसम्म (आफ्ना कानूनहरू) राष्ट्रिय प्रतिबद्धताको पनि परिपालना गरेको छ। तर यिनीहरू आफैमा पूर्ण भने छैनन्। अझै पनि केही अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गर्नु पर्नेछ भने केही अन्य विषयमा गरिएका विषयहरूमा प्रतिबद्धता फिर्ता लिनु पर्नेछ। विश्व बैंक, मुद्रा कोष, विश्व व्यापार संघसँग गरेका मानवअधिकार विरोधी प्रावधानहरूबाट राज्यले आफ्नो प्रतिबद्धता फिर्ता गर्नु पर्ने देखिन्छ।

यसैगरी राज्यले आफैले बनाएका विधान कानूनका विरूद्ध गरेका मानवअधिकारविरोधी कार्यवाहीहरू निन्दनीय छन्। हिरासतमा यातना, प्रहरीले गर्ने हत्या, अनिवार्य र निःशुल्क शिक्षा, स्वास्थ्य सेवाको उपलब्धता, श्रम ऐनको कार्यान्वयन, हननकर्तालाई कानूनको कठघरामा ल्याउने आदिको बारेमा राज्यले मानवअधिकारको पूर्ण सम्मान देखाउन सकेको छैन।

(ख) **संरक्षणको दायित्व** (Protection-bound obligation) : राज्यले धेरैजसो मानवअधिकारसम्मत विधान कानूनद्वारा जनताको संरक्षण गर्ने कार्य गरेको छ। संविधानले पनि धेरैजसो मौलिक हक अधिकारको प्रत्याभूति पनि गरेको छ। अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रत्याभूति गरेको छ। अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयनकै क्रममा बालबालिकाहरूको हित गर्न बनेको ऐन जस्ता कानून निर्माण गरेर प्रगतिशील कदम चालेको छ। यति हुँदाहुँदै पनि नभएका पक्षहरू धेरै छन्। मानवअधिकारविरोधी कानूनी प्रावधान अध्यावधि कायमै छन्। महिलाहरूको मानवअधिकारका सवालमा, जीवनको अधिकार, सामाजिक सुरक्षाका सवालमा मानवअधिकारसँग बाझ्ने कानून विद्यमान छन्।

राज्यको सकारात्मक हस्तक्षेप, संरचना निर्माण र प्रशासनिक व्यवस्थामार्फत् पनि यसले संरक्षणको भूमिका निर्वाह गर्दछ। सकारात्मक हस्तक्षेपको अभावमा राज्यले जनतालाई बचाउन सक्दैनन्। हामीकहाँ कैयौं विषयमा राज्यले यसको निम्ति सकारात्मक पहलकदमी लिएको छ भने अन्य कैयौं विषयमा यिनीहरू अपूर्ण छन्। चेलीबेटी बेचबिखन, अनिवार्य प्राथमिक शिक्षा र स्वास्थ्य सेवा आदि क्षेत्रमा राज्यले अझै यस्तो हस्तक्षेप गर्न सकेको छैन।

(ग) **परिपूर्तिको दायित्व** (Fulfillment- bound obligation) : माथि नै उल्लेख गरेझैं आधारभूत मानवीय स्थितिबाट तल परेका वा मानवअधिकारबाट वञ्चित भैरहेकाहरूको स्थितिलाई सुधारेर आधारभूत मानवीय स्थितिसम्म पुऱ्याउने दायित्व राज्यको हुन्छ। यो नै परिपूर्तिको दायित्व हो। यो दीर्घकालीन काम हो। नेपालमा कतिपय भौगोलिक र विषयगत क्षेत्रमा यो कार्य सकारात्मक रूपमा अघि बढेको छ। महिला र बालबालिकाको शिक्षा र स्वास्थ्य, उत्पीडित जातिहरूको सहभागिता, पिछडिएका जनजातिको विकास, असहाय र अपाङ्ग मानिस आदि विषयमा संवेदनशील देखिए तापनि पूर्णता भने देखिएको छैन।

यसैगरी राज्यका कानूनले नै नछोएका बँधुवा मजदुर, कृषि मजदुर, महिला विरूद्ध हुने पारिवारिक हिंसा जस्ता विषयमा राज्यले केही कार्य गरेको भए पनि ठोस कदम चाल्न सकेको छैन। सामाजिक सुरक्षामा भने केही प्रयोगात्मक काम भएको पाइयो।

राज्यले पूर्णरूपले दायित्व निर्वाह गर्न नसक्नु वा दायित्वबाट भाग्नु वा समाजमा रहेका समस्याको विरूद्ध सकारात्मक हस्तक्षेपको अभावमा जनता र राज्यको बीचमा जस्तो अन्तरसम्बन्धको प्रकृति बनेको छ, ती नै हाम्रो सम्बन्धमा मानवअधिकारका विषयवस्तु हुन्।

निष्कर्ष : मानवअधिकार कानून होइनन्। यिनीहरूको रूप मात्र कानूनी हो। मानवअधिकार जनताको जीवनका सबै पक्षसँग सम्बद्ध हुने हुनाले तिनीहरूलाई कानूनमा जस्तै छुट्याएर नहेरी एकीकृत ढाँचामा कार्यान्वयन गरिनु पर्दछ।

मानवअधिकारको ऐतिहासिक पृष्ठभूमि

ऐतिहासिक पृष्ठभूमि

सभ्यताको प्रारम्भदेखि नै मानवीय चाहनाहरूको परिपूर्तिका लागि विभिन्न तवरबाट आवाज नउठेका होइनन्। मानिसहरूले परिवार र समुदायमा विभिन्न प्रकारले कामको विभाजन गरेर अधिकार बाँडफाँड गरेको हामी पाउँदछौं। यद्यपि सन् १२१५ मा वेलायतका राजा जोन (John) ले मानवअधिकारको पहिलो लिखित दस्तावेजको रूपमा Magna Carta वेलायती जनतालाई दिलाए। तत्पश्चात् सन् १६८९ मा वेलायती संसदले Habas Carta लाई ग्रहण गरेको हामी पाउँछौं। यसैगरी उत्तर अमेरिकाका १३ वटा औपनिवेशिक राज्यका प्रतिनिधिहरूले १७७६ मा अमेरिकी स्वतन्त्रता संग्रामपछि गरेको स्वतन्त्रताको घोषणा, फ्रान्सेली राज्य क्रान्ति (१७८९) पश्चात् घोषणा गरिएको नागरिक अधिकारहरू लगायत्का घटनाक्रमहरू मानवअधिकारका वर्तमान स्वरूपका आधारस्तम्भ हुन्।

सन् १७७६ मा अमेरिकी संविधानमा Bill of Rights लाई समावेश गरिए पछि उक्त संविधानलाई संसारका अधिकांश राष्ट्रहरूले अनुकरण गरेको पाइन्छ। संसारका धेरैजसो संविधानहरू १७७६ देखि १७८७ को बीचमा लेखिएका कारण पनि ती संविधानहरूमा जनताका मौलिक हकहरूलाई प्रतिबिम्वित गरिएको पाइन्छ।

१८ औं शताब्दीको प्रारम्भसँगै मानवअधिकारका सम्बन्धमा केही अन्तर्राष्ट्रिय प्रयासहरू भए। यद्यपि राष्ट्रहरूमा बढ्दै गएको होडबाजी जस्ता कुराहरूले मानवअधिकारको अवधारणामा कुनै प्रश्न चिन्ह लाग्न सक्ने खतराले गर्दा सबै राष्ट्रहरू संगठित रूपमा मानवअधिकारको प्राप्तिका लागि अघि बढ्नु पर्ने महसुस गर्दै १९१९ मा League of Nation को स्थापना भयो। यसै वर्ष League of Nation को पहलमा मजदुरहरूका हक र अधिकारको पक्षमा काम गर्न अन्तर्राष्ट्रिय श्रमिक संगठनको गठन भयो। खासगरी League of Nation द्वारा लक्षित गरिएका समझदारीका प्रयासहरूमा जाती, धर्म, भाषा र लिंगको आधारमा विभेद नगरिने नीतिहरू समाविष्ट थिए। यी प्रावधानहरूले केही समयसम्म त प्राथमिकता पाए तर १९३९ देखि १९४५ सम्म निरन्तर चलेको द्वितीय विश्वयुद्धको विनाशकारी र दानवीय परिस्थितिले ती सम्पूर्ण प्रयासहरूलाई सखाप पारिदियो। तर यस युद्धले अन्तर्राष्ट्रिय शान्ति सुरक्षाको लागि मानवअधिकारको प्रभावकारी संरक्षण हुन आवश्यक भएको महसुस गरायो। फलस्वरूप युद्ध जारी रहेकै अवस्थामा १९४१ मा Atlantic Charter जारी गरियो र यस Charter को मूल आशय भनेकै "सबै मानिसहरू आ-आफ्नो भू-भागमा भय र अभावबाट मुक्त भएर बाँच्न पाउनेछन्" भन्ने थियो। फलतः १९४२ को प्रारम्भमै कतिपय राष्ट्रहरूले युद्ध छाडी आ-आफ्नो भू-भागहरूमा पनि जीवन, स्वतन्त्रता, मुक्ति र धार्मिक स्वतन्त्रताका दुश्मनहरूमाथि विजय प्राप्त गर्न र आफ्नो भूमिमा मानवअधिकार र न्यायको संरक्षण गर्ने घोषणा गरे।

यसैबीच संसारभर युद्धबाट मुक्ति र शान्तिको चाहनाका आवाजहरू बुलन्द रूपमा उठ्न थाले र सबै राष्ट्र र जनताहरूबीच आपसी सद्भाव, भाइचारा र प्रेमको भावनामा वृद्धि हुनुपर्ने महसुस गरी फेब्रुअरी १९४५ मा सोभियत संघमा Yalta Conference सम्पन्न भयो। जसमा अमेरिका, सोभियत संघ (तात्कालिन) र वेलायतका प्रतिनिधिहरूले भावी अन्तर्राष्ट्रिय संगठनका लागि यसै अनुरूप २५ अप्रिल १९४५ देखि २५ जुन १९४५ सम्म अमेरिकाको सानफ्रान्सिस्कोमा सम्पन्न भएको सम्मेलनले अन्तर्राष्ट्रिय संगठनको नाम United Nations Organisation राख्यो र २४ अक्टोबर १९४५ देखि लागू हुने गरी बडापत्रमा हस्ताक्षर गऱ्यो। यसरी संसारले पाएको लामो हण्डरपछि संयुक्त राष्ट्रसंघको स्थापना भयो। यसरी स्थापना भएको संयुक्त राष्ट्रसंघले संसारले व्यहोर्नु परेका विभिन्न अनुभवहरूलाई संगाल्दै यसको प्रमूख उद्देश्य नै विश्वमा मानवअधिकारको संरक्षण गर्नु र मौलिक स्वतन्त्रताको रक्षा गर्नु रह्यो।

राष्ट्रसंघीय आर्थिक तथा समाजिक परिषद् (ECOSOC) द्वारा संयुक्त राष्ट्र संघको वडापत्रको धारा ६८ बमोजिम सन् १९४६मा गठित मानवअधिकार आयोगलाई मानवअधिकार सम्बन्धी अन्तराष्ट्रिय इस्तहार (International Bill of Human Rights) तयार पार्ने जिम्मेवारी दिइएको थियो । त्यसैक्रममा आयोगले १९४७ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्रको लिखित मस्यौदा तयार गऱ्यो। जसलाई संयुक्त राष्ट्रसंघको महासभाले १० डिसेम्बर १९४८ का दिन पारित गरी जारी गयो ।

प्राचीन कालदेखि मानवअधिकारको पक्षमा भएका आन्दोलनका उपलब्धीको रूपमा मानवअधिकारको एक मात्र पूर्ण दस्तावेजको रूपमा र अझै भन्ने हो भने संयुक्त राष्ट्रसंघकै महत्वपूर्ण उपलब्धीको रूपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको छ। यसमा सम्पूर्ण मानवअधिकारहरूलाई ३० वटा धाराहरूमा समेटिएको छ। यो घोषणा नै मानवअधिकारसम्बन्धी आधुनिक अवधारणाको विकासमा निर्णायक विन्दु बन्न पुग्यो। जसको उद्देश्य मानव-मानवबीच हुने सम्पूर्ण किमिसका (जाति, लिंग, भाषा, धर्म, रंग आदि) भेदभावहरूको अन्त्य गरी स्वतन्त्रता न्याय र शान्तिको जगमा आधारित भयमुक्त विश्वको निर्माण गर्नु हो।

मानवअधिकारका विश्वव्यापी घोषणापत्र १९४८

मानव सभ्यतामा हरेक परिवारका हरेक सदस्यको समान अधिकार र कर्तव्य छन्। एकले अर्काको अधिकारको आदर र सम्मान गर्नुपर्छ। अधिकारको संरक्षणको दायित्व सबैमा बराबर छ। विश्व समुदायमा विनाशकारी दुईवटा युद्ध भएपछि त्यसबाट भएको असंख्य धनजनको क्षति पुनः नदोहोरियोस् भन्ने कुरा तत्कालिन विश्व समुदायले गरेर भातृत्व, शान्ति, सहअस्तित्व कायम गरी विश्व समुदायमा नेतृत्व प्रदान गर्ने विश्वव्यापी संगठनको आवश्यकता महसुस गयो । त्यहीक्रममा २४ अक्टोवर १९४५ का दिन विश्वका राष्ट्रहरूको साझा संगठनको रूपमा संयुक्त राष्ट्रसंघको स्थापना भयो। अन्याय र अत्याचारका विरूद्ध अन्य उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने मानिसहरूले नठानून् भन्ने हो भने मानवअधिकारहरू कानूनी शासनद्वारा संरक्षित हुनुपर्छ भन्ने कुरा घोषणापत्रले प्रष्ट शब्दमा अघि सारेको छ । मानवअधिकारहरूप्रति गरिएको अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर काम भई मानव जातिको अन्तस्करणमा चोट पुग्ने काम भएको तथ्य समेत घोषणापत्रको प्रस्तावनामै उल्लेख गरिएको छ । धर्म र वाक स्वतन्त्रता पाउनु पर्छ तथा भय र अभावबाट मुक्ति पाउनुपर्छ भन्ने सर्वसाधारणको घोषित आकांक्षा भएको हुनाले नै संयुक्त राष्ट्र संघको महासभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको हो।

घोषणापत्रका धाराहरूमा उल्लेखित अधिकारहरू नै मानवअधिकार हुन्। उक्त ३० वटा धाराहरूलाई विस्तृत व्याख्या गरी संयुक्त राष्ट्रसंघले नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ जारी गरी सकेको छ। यी दुईटा दस्तावेजहरू संयुक्त राष्ट्र संघले निर्माण गरी विश्वका सबै सरकारहरूलाई अनुमोदन गर्न आव्हान गरेको छ। उक्त दुई वटा अनुबन्धहरूलाई नेपालले मे १४, १९९१ मा अनुमोदन गरिसकेको छ। मानवअधिकारको विश्वव्यापि घोषणापत्र, नागरिक तथा राजनीतिक अनुवन्ध एवं आर्थिक, सामाजिक तथा साँस्कृतिक अनुवन्धहरूको समष्टीलाई Bill of Human Rights भनिन्छ।

घोषणापत्र मानवअधिकारको पहिलो सामान्य संहिता हो। यो वाध्यात्मक प्रकृतिको नभए पनि यसको पालना गर्नु प्रत्येक सदस्य राष्टको राजनीतिक एवं नैतीक दायित्व हो। मानवअधिकार घोषणापत्रका सबै धाराहरू सर्वव्यापी र अभिभाज्य छन । त्यसैले सबैका लागि सबै अधिकार भनिएको हो।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको सारसंक्षेप

१. हरेक व्यक्ति स्वतन्त्र हुन् र सबैलाई समान व्यवहार गरिनेछ।

२ हरेक व्यक्तिलाई रंग, लिंग, जाति र भाषाको आधारमा भेदभाव गरिने छैन।

३. हरेक व्यक्तिको बाँच्ने अधिकार छ।

४. कसैलाई पनि बाँधा वा दास बनाउन पाइने छैन।

५. कसैलाई पनि यातना र अमानवीय व्यवहार गरिने छैन।

६. कानूनको प्रयोगमा सबै व्यक्ति समान हुनेछन्।

७. कानून सबै व्यक्तिहरूको लागि बराबर हुनेछ र व्यवहारमा समान प्रयोग हुनेछ।

८. सबै व्यक्तिलाई योग्य राष्ट्रिय अदालतसम्म पुग्ने अधिकार छ।

९. कसैलाई पनि मनमानी ढंगबाट देश निस्काशन, गिरफ्तार वा नजरबन्द गरिने छैन।

१०. सबै व्यक्तिलाई स्वच्छ र निष्पक्ष न्यायको अधिकार हुनेछ।

११. सबै व्यक्ति अदालतबाट प्रमाणित नहुञ्जेल निर्दोष ठहरिने छन्।

१२. कुनै व्यक्तिको मनमानी ढंगबाट घर, परिवार र पत्र व्यवहारमाथि आघात पुऱ्याइने छैन।

१३. प्रत्येक व्यक्तिलाई देशको सीमाभित्र घुमफिर गर्ने अधिकार छ।

१४. प्रत्येक व्यक्तिलाई राजनैतिक शरण (अर्को देशमा) माग्ने अधिकार छ।

१५. प्रत्येक व्यक्तिलाई राष्ट्रको नागरिकताको अधिकार छ।

१६. हरेक व्यक्तिलाई विवाह गर्ने र परिवार बसाउने अधिकार छ।

१७. हरेक व्यक्तिलाई एक्लै वा अरूसँग मिलेर सम्पत्ति आर्जन गर्ने अधिकार छ।

१८. हरेक व्यक्तिलाई आफूले रोजेको धर्म पालन गर्न पाउने अधिकार छ।

१९. प्रत्येक व्यक्तिलाई विचार र प्रकाशनको अधिकार छ।

२०. हरेक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले सभा सम्मेलन गर्ने अधिकार छ।

२१. हरेक व्यक्तिलाई देशको शासनमा भाग लिने अधिकार छ।

२२. प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ।

२३. हरेक व्यक्तिलाई उपयुक्त ज्यालामा र राम्रो वातावरणमा काम गर्ने तथा ट्रेड यूनियन खोल्ने अधिकार छ।

२४. हरेक व्यक्तिलाई काम पछि आराम गर्ने र विदाको अधिकार छ।

२५. प्रत्येक व्यक्ति र निजको परिवारको स्तरीय जीवनयापनका लागि स्वास्थ्य तथा भलाईको अधिकार छ।

२६. हरेक व्यक्तिलाई शिक्षाको अधिकार छ।

२७. हरेक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको साँस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार छ।

२८. यस घोषणामा उल्लेखित अधिकार प्राप्त गर्न हरेक व्यक्तिलाई अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ।

२९. हरेक व्यक्तिले अरूको अधिकारको सम्मान गर्नु पर्ने र सामाजिक जीवनमा बसेर मात्र व्यक्तिको अधिकार संभव छ।

३०. कुनै पनि व्यक्ति र राष्ट्रलाई यो घोषणापत्रको गलत व्याख्या गर्ने अधिकार छैन।

अभ्यास :

मानवअधिकारको विश्वव्यापी घोषणापत्रअनुरुप मानवअधिकारको पहिचान

(समूहगत अभ्यास)

प्रस्तुति :

मानवअधिकारको विश्वव्यापी घोषणापत्र अनुरुप मानवअधिकारको पहिचान

(समूहगत प्रस्तुति)

मानवअधिकारका अन्तर्राष्ट्रिय संयन्त्रहरू

संयुक्त राष्ट्र संघको महासभाद्वारा सदस्य राष्ट्रहरूले मानवअधिकारको वहाली र सोही मापदण्ड अनुसारको कानूनको निर्माण गरून् भन्ने उद्देश्यले १६ डिसेम्बर १९६६ मा अभिसन्धिको विकास गरियो। जस अन्तर्गत मुख्य रूपमा (क) नागरिक तथा राजनैतिक अधिकार (ख) आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू पर्दछन्। संयुक्त राष्ट्र संघले पारित गरेका सम्पूर्ण संयन्त्रहरू हस्ताक्षर गर्नको लागि सदस्य राष्ट्रहरूको निम्ति खुला गरिएको हुन्छ। उक्त संयन्त्रहरू हस्ताक्षर गर्ने राष्ट्रले सोहीअनुसारको अधिकारको सुनिश्चितता र कार्यान्वयनको लागि कानूनको निर्माण गर्नुपर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। यी संयन्त्रहरूमा हस्ताक्षर गर्न र लागू गराउन संयुक्त राष्ट्र संघको कार्यान्वयन निकायका साथै मानवअधिकार समिति पनि कार्यरत रही कदम चाल्दछ। यसका साथै सम्बन्धित राष्ट्रका नागरिकहरूले पनि कार्यान्वयनको लागि सचेत रूपमा पहल गर्दै अभियान सञ्चालन गर्नुपर्ने हुन्छ।

१. नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) १९६६

१६ डिसेम्बर १९६६ मा संयुक्त राष्ट्र संघको साधारण सभामा नागरिक तथा राजनैतिक अधिकारका अन्तर्राष्ट्रिय अनुबन्ध निर्माण गरी राज्यहरूलाई हस्ताक्षर र अनुमोदनका लागि खुल्ला गरिएको छ। उक्त अनुबन्धमार्फत् राज्यहरूले मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रअनुरूप आफ्ना नागरिकहरूलाई नागरिक तथा राजनैतिक अधिकारहरूको उपभोग गर्न सक्ने परिस्थितिहरू सिर्जना गर्नुपर्छ। यस अनुबन्धलाई श्री ५ को सरकारले १४ मे १९९१ मा हस्ताक्षर गरिसकेको छ।

नागरिक तथा राजनैतिक अधिकारको अनुबन्ध १९६६ को सारसंक्षेप

- सम्पूर्ण जनजातिहरूलाई स्वनिर्णयको अधिकार।
- सम्पूर्ण व्यक्तिलाई जाति, रंग, भाषा, धर्म, लिंग, राजनीतिमा कुनै भेदभाव विना अधिकारको सम्मान र सुनिश्चितता।
- अनुबन्धमा उल्लेखित अधिकारहरू राज्यद्वारा महिला पुरूषमा समान सुनिश्चित गर्न लिखित प्रतिज्ञा।
- योग्य न्यायालयको अन्तिम निर्णयपछि मात्र मृत्युदण्ड दिन सकिने।
- १८ वर्ष मुनिका तथा गर्भवती महिलालाई मृत्युदण्ड दिइने छैन।
- मानिसको बच्चा पाउने अधिकारबाट वञ्चित गरिने छैन।
- दासत्व बलपूर्वक तथा अनिवार्य श्रमलगायत् क्रूर, निर्दयी, अमानवीय तथा अपमानजनक सजाय कसैलाई पनि भोग्न लगाइने छैन।
- व्यक्तिको स्वतन्त्रता तथा जीवन सुरक्षाको अधिकार, स्वेच्छाचारी पक्राउ तथा थुनामा नराख्ने कुराको सुनिश्चितता।
- आफ्नो सहित कुनै पनि देश छोड्न सक्ने स्वतन्त्रता, आफ्नो देशमा निर्वाध प्रवेश गर्न सक्ने अधिकार।
- न्यायालय तथा ट्रिब्यूनलसमक्ष सबै समान, स्वतन्त्र तथा निष्पक्ष कानूनी उपचारको सुनिश्चितता।
- अपराध भएको समयमा लागू हुने सजायभन्दा बढी सजाय कसैलाई दिइने छैन।
- प्रत्येक नागरिकलाई गोपनियताको अधिकार।
- विचार तथा धार्मिक स्वतन्त्रता, धर्म छान्ने वा परिवर्तन गर्ने अधिकार।
- प्रत्येकलाई लिखित, मौखिक तथा मुद्रित माध्यमद्वारा अभिव्यक्तिको स्वतन्त्रता।
- राष्ट्रिय भेद, जातीय तथा धार्मिक द्वेष वा घृणाको वकालतलाई राज्यको कानूनद्वारा निषेध।
- संघ, संगठन तथा ट्रेड यूनियनको स्थापना गर्ने वा भाग लिने अधिकार।
- सार्वजनिक महत्वका कुनै पनि निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने अधिकार।

- कानूनद्वारा सबै किसिमका भेदभावको अन्त्य गरी सबैलाई समान कानूनी उपचारको सुनिश्चितता।
- देशको सार्वजनिक सेवामा प्रवेश गर्न पाउने समान अधिकारको सुनिश्चितता।
- कुनै पनि किसिमको भेदभावविना राज्यद्वारा प्रत्येक शिशुलाई जन्मेपछि दर्ता र राष्ट्रियता प्राप्त गर्ने अधिकारको सुनिश्चितता।
- अल्पसंख्यक समुदायका मानिसलाई निर्वाध रूपमा भाषा, धर्म, संस्कृतिको प्रचार र अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरिनेछ ।

२. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध (ICSECR) १९६६

संयुक्त राष्ट्र संघको साधारण सभाद्वारा १६ डिसेम्बर १९६६ मा निर्णय गरी राज्यहरूलाई हस्ताक्षर र अनुमोदनका लागि खुल्ला गरिएको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले संयुक्त राष्ट्र संघको बडापत्र (Charter) अन्तर्गत मानवअधिकार र स्वतन्त्रताको विश्वव्यापी सम्मान र पालनालाई प्रबर्द्धन गर्नु राज्यहरूको कर्तव्य हो भन्ने धारणा अघि सारेको छ। प्रत्येक नागरिकले उसका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू उपभोग गर्न पाउने परिस्थितिहरू सिर्जना गर्न सके भने मात्र मानवअधिकारको विश्वव्यापी घोषणापत्रअनुसार समुन्नत समाजको सिर्जना हुन सक्छ। यस अनुबन्धलाई श्री ५ को सरकारले १४ मे १९९१ मा हस्ताक्षर गरिसकेको छ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अनुबन्ध १९६६ को सारसंक्षेप

- स्वतन्त्रतापूर्वक आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासको अनुशरण, निर्वाधरूपमा प्राकृतिक सम्पदा र श्रोतहरूको उपयोग गर्न पाउने अधिकार।
- उल्लेखित अधिकारहरू जाति, भाषा, धर्म, लिंग, रंग, सम्पत्ति र सामाजिक स्थिति कुनै पनि भेदभावविना लागू गर्ने र सोही अनुरूपको कानून निर्माण गर्ने।
- पुरूष तथा महिलाहरूलाई आर्थिक, सामाजिक, साँस्कृतिक गतिविधिमा भाग लिने र उपभोग गर्ने समान अधिकार।
- आफूले स्वतन्त्रतापूर्वक चुनेको पेशा गरेर जिविका चलाउने साथै प्राविधिक पेशागत तालिम लिने अवसर।
- पुरूष महिला दुवैलाई समान कामको समान ज्याला, सुरक्षित र स्वस्थ कामको अवसर।
- मजदूर संघ, महासंघमा सामेल हुने वा खोल्न पाउने, कानूनअनुसार हडताल गर्न पाउने अधिकार।
- आमाहरूलाई बच्चा जन्मनु अघि र पछि पर्याप्त सामाजिक सुरक्षा र फाइदाहरू सहित तलवी विदा।
- केटाकेटी र युवाहरूलाई आर्थिक सामाजिक शोषणबाट सुरक्षाको अधिकार।
- भोकबाट मुक्त हुने सबै मुलभूत अधिकारका साथै कपडा, आवास पर्याप्त स्तरको जीवनमा सुधार गर्ने अधिकार।
- जन्मदर, बाल मृत्युदर घटाउने, औषधी उपचार, हेरचाहको सुनिश्चितता र रोगहरूको रोकथाम।
- कम्तिमा प्राथमिक स्तरसम्म अनिवार्य निःशुल्क छात्रवृत्ति, मातृभाषामा प्राथमिक शिक्षाको अधिकार, पेशागत र प्राविधिक शिक्षाको विकास।

यसका साथै राज्यले कानून, परम्परा, नियम, रितिरिवाजले मान्यता दिएका मुलभूत मानवअधिकारलाई नियन्त्रण वा अवमूल्यन गर्ने अनुमति दिने छैन।

३. महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) १९७९

संयुक्त राष्ट्र संघको महासभाले सन् १९७९ डिसेम्बर १८ मा महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि तयार गरी सबै राष्ट्रहरूलाई हस्ताक्षर गर्नको निम्ति खुल्ला गऱ्यो। यो अभिसन्धि महिला आन्दोलन अभियानको ज्यादै महत्वपूर्ण उपलब्धी हो। सन्धि अनुमोदनका यतिका वर्ष बितिसक्दा पनि यसको कार्यान्वयन पक्षलाई हेर्ने हो भने संसार आज धेरै पछाडि नै रहेको छ। यस सन्धिका जम्मा ३० धाराहरूमा महिलाहरूको हक, हित र विकासको लागि व्यापक अधिकारको व्यवस्था गरिएको छ। हालसम्म यस महासन्धिलाई विश्वका १६६ राष्ट्रहरूले अनुमोदन गरिसकेका छन्।

कुनै सरकारले अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताहरूमा हस्ताक्षर गरिसकेपछि उक्त सन्धि सम्झौताहरूसँग आफ्नो देशका ऐन नियमहरू प्रतिकूल भएमा त्यस अवस्थामा अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताहरूले नै प्राथमिकता पाउँदछन्। यो महासन्धिलाई नेपालले २२ अप्रिल १९९१ मा अनुमोदन गरेको हो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को सारसंक्षेप

यस महासन्धिको विशेषतः धारा ६-१६ सम्ममा विभिन्न अधिकारहरूको सम्बन्धमा व्यवस्था गरिएको छ।

धारा ६ : बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने यौन शोषणविरूद्धको अधिकार

धारा ६ ले महिलाको किनबेच तथा वेश्यावृत्तिको लागि गरिने महिलाको यौन शोषण विरूद्धको अधिकार प्रदान गरेको छ। यस्तो शोषणलाई नियन्त्रण गर्ने कानून बनाउने दायित्व राज्यलाई दिएको छ।

धारा ७ : सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार

धारा ७ ले महिलाविरूद्ध राजनीतिक र सामाजिक जीवनमा हुने भेदभाव अन्त्य गर्न देहायका अधिकारहरू प्रदान गरेको छ।

- मत दिन पाउने समान अधिकार,
- निर्वाचनको लागि योग्य हुने समान अधिकार,
- सार्वजनिक पद धारण गर्न पाउने समान अधिकार,
- नीति निर्माणमा संलग्न हुन पाउने समान अधिकार,
- गैरसरकारी संस्था र राजनीतिक संगठनमा सहभागी हुन पाउने समान अधिकार।

धारा ८ : अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने समान अधिकार

धारा ८ ले महिलालाई अन्तर्राष्ट्रिय सम्मेलनमा प्रतिनिधित्व गर्न पाउने तथा अन्तर्राष्ट्रिय संगठनमा भाग लिन पाउने समान अधिकार प्रदान गरेको छ।

धारा ९ : राष्ट्रियतासम्बन्धी अधिकार

धारा ९ ले राष्ट्रियता सम्बन्धमा देहायको अधिकारहरू प्रदान गरेको छ।

- महिलालाई पुरूषसरह राष्ट्रियता प्राप्त गर्न, परिवर्तन गर्न वा धारण गर्न समान अधिकार,
- विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार,
- पतिको राष्ट्रियता जे-जस्तो भए तापनि महिलालाई आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार
- सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरूषसरह महिलालाई पनि समान अधिकार।

धारा १० : शिक्षासम्बन्धी अधिकार

धारा १० ले महिलालाई शिक्षा क्षेत्रमा देहायको अधिकारहरू प्रदान गरेको छ।

- अध्ययन गर्ने र उपाधि पाउने समान अधिकार,
- सबै प्रकारको व्यावसायिक प्रशिक्षणको समान अधिकार,
- समान भौतिक शैक्षिक सुविधाको अधिकार,
- छात्रवृत्ति सम्बन्धमा समान अधिकार,
- पढाइ छोड्ने छात्राहरूको सक्रियरूपमा शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार,
- खेलकूद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार,

- परिवार नियोजनसम्बन्धी सूचना सल्लाहलगायत् परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी पाउने अधिकार।

धारा ११ : रोजगारीको अधिकार

धारा ११ ले महिलालाई रोजगारीको समान अधिकार प्रदान गरेको छ। यसअन्तर्गत देहायको अधिकारहरू प्रदान गरिएका छन्।

- रोजगारीमा समान अवसरको अधिकार,
- रोजगारीस्वतन्त्ररूपमा चयन गर्न पाउने अधिकार,
- सेवाका शर्त र सुरक्षासम्बन्धी समान अधिकार,
- समान पारिश्रमिक तथा सुविधाको अधिकार,

यस्तै यस धाराले विवाह वा मातृत्वको आधारमा महिलाविरूद्ध हुने भेदभावविरूद्धको देहायका अधिकारहरू प्रदान गरेको छ।

- पुरा तलबसहितको प्रसुती विदाको अधिकार,
- गर्भवतीको आधारमा पदच्यूत गर्न नपाउने अधिकार,
- बाल स्याहार सुविधा प्रणालीको उपभोगको अधिकार,
- गर्भवती महिलालाई हानिकारक काममा लगाउन नपाउने अधिकार।

धारा १२ : स्वास्थ्यसम्बन्धी अधिकार

धारा १२ ले स्वास्थ्य क्षेत्रमा महिलामाथि हुने भेदभावविरूद्धको अधिकार प्रदान गरेको छ। जसअन्तर्गत महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरूलगायत् स्वास्थ्य, स्याहार, सेवाविना कुनै भेदभाव पुरूषसरह प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ।

यस्तै यस धाराले महिलालाई गर्भवती समय, प्रसूतिको समय र प्रसूतिपश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। साथै यस धाराले गर्भवती समय तथा स्तनपानको समयमा महिलालाई पर्याप्त पोषण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ।

धारा १३ : आर्थिक तथा पारिवारिक लाभको अधिकार

धारा १३ ले महिलालाई पुरूषसरह समानताको आधारमा देहायको अधिकारहरू प्रदान गरेको छ।

- पारिवारिक लाभ उपभोगमा समान अधिकार
- बैंकको कर्जा वा अन्य प्रकारको ऋण प्राप्त गर्न पाउने अधिकार,
- बन्धकी राख्न पाउने अधिकार,
- खेलकूद, साँस्कृतिक र मनोरञ्जनात्मक गतिविधिमा सहभागी हुन पाउने समान अधिकार।

धारा १४ : ग्रामीण महिलालाई विशेष अधिकार

धारा १४ ले ग्रामीण महिलालाई विकासमा समान सहभागी हुन देहायको अधिकारहरू प्रदान गरेको छ।

- विकास योजनाको विस्तृतीकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने अधिकार,
- परिवार नियोजनका सूचना, सल्लाह र सेवालगायत् पर्याप्त स्वास्थ्य सुविधा पाउने अधिकार,
- सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने अधिकार,
- औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार,
- स्वरोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार,
- समस्त सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार,
- आवास, सरसफाई, विद्युत, यातायात, खानेपानी तथा सञ्चारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार।

धारा १५ : कानूनी समानताको अधिकार

धारा १५ ले पुरूष र महिलाबीच कानूनी समानताको अधिकार प्रदान गर्दछ। यस धाराले देवानी मामिलामा महिलालाई पुरूषसरह कानूनी सक्षमता प्रदान गर्नुपर्ने अधिकार दिएको छं। साथै यसले महिलालाई पुरूषसरह हिँडडूल गर्न पाउने स्वतन्त्रतासम्बन्धी अधिकारसमेत दिएको छ।

धारा १६ : विवाह तथा परिवारको अधिकार

धारा १६ ले विवाह र परिवारसम्बन्धी देहायको अधिकारहरू प्रदान गरेको छ।

- जीवन साथी स्वतन्त्ररूपले छान्न पाउने समान अधिकार,
- वैवाहिक जीवनको समान अधिकार,
- सम्बन्ध विच्छेदको समान अधिकार,
- सम्पत्तिमा पति-पत्नी दुवैको समानताको अधिकार,
- पारिवारिक नाम, पेशा र वृत्ति चयन गर्न पाउने अधिकार,
- सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार,
- सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार।

४. बाल अधिकार सम्बन्धी महासन्धि १९८९

कूल खण्ड ३ र धारा ५४ भएको बाल अधिकार महासन्धि (Convention of the Rights of the Child) २० नोभेम्बर १९८९ मा संयुक्त राष्ट्र संघको महासभाबाट पारित भई सन् १९९० सेप्टेम्बर २ बाट लागू गरिएको हो । यो महासन्धि प्रत्येक देशमा खास गरी विकासशील देशहरूमा बालबालिकाको जीवन अवस्था सुधारका लागि अन्तर्राष्ट्रिय आवश्यकतालाई स्वीकार गरी सार्वजनिक भएको मानिन्छ। १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानव जातिलाई बालबालिका भन्दै यस महासन्धिले बालबालिकाको संरक्षण, सहभागिता र विकासका लागि विभिन्न व्यवस्थाहरू गरेको छ।

यस महासन्धिअनुसार बालबालिकाहरूलाई कुनै पनि हैसियतको आधारमा भेदभाव गर्न नपाइने, बालबालिकाको सर्वोत्तम हितलाई सर्वोत्तम प्राथमिकताको लागि विचार गर्नुपर्ने, राज्यपक्ष भएका राष्ट्रहरूले अधिकारहरूको महासन्धिमा उल्लिखित प्रावधानहरूको कार्यान्वयनका लागि व्यवस्थापकीय, प्रशासनिक र अन्य आवश्यक उपायहरू अपनाउनु पर्ने, बाँच्न पाउने प्रत्येक बालकको जन्मसिद्ध अधिकारलाई निश्चित गरिनु पर्ने, नाम, राष्ट्रियता, बाबु-आमा चिन्न पाउने र स्याहार पाउने, विदेशमा अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने कुराका विरूद्ध राज्यले चाल्नु पर्ने कदमहरूका लागि प्रावधानहरू पनि समावेश गरेको छ।

यस महासन्धिले बालबालिकालाई आफ्नो विचार अभिव्यक्त गर्ने, सूचना तथा विचारहरू बुझ्ने स्वतन्त्रता र शान्तिपूर्वक भेला हुने स्वतन्त्रता प्रदान गरेको छ। बालबालिकाको स्वास्थ्य स्याहारको लागि बाल मृत्यु दर घटाउने, औषधोपचार सहयोगको निश्चितता गर्ने, शुद्ध पानीको व्यवस्था गर्ने, कुपोषणको विरूद्ध लड्ने र स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारहरूको उन्मूलन गर्नका लागि उचित उपायहरू अपनाउने कार्य राज्य पक्ष भएका राष्ट्रहरूले गर्नुपर्ने व्यवस्था छ। त्यस्तै शिक्षाको क्षेत्रमा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क, उच्च शिक्षालाई क्षमताको आधारमा सबैको निम्ति पहुँच योग्य बनाउने आदि कार्यहरू पनि राज्यपक्ष भएका राष्ट्रले गर्नुपर्ने व्यवस्था छ।

महासन्धिले राज्यपक्ष भएका राष्ट्रहरूले बालबालिका उपर यातना नदिइने, गिरफ्तारी, थुवा वा कैद कानूनअनुरूप मात्र हुने व्यवस्था गर्नुपर्नेछ। साथै १५ वर्ष उमेर नपुगेका व्यक्तिलाई प्रत्यक्ष रूपले युद्धमा भाग लिन नलगाउने र सशस्त्र सेनामा भर्ना नगराउने कुराको निश्चितता गर्नुपर्ने लगायत्का प्रावधान पनि रहेका छन्। बाल सैनिकहरूको युद्धमा प्रयोग गर्न नपाइने अन्तर्राष्ट्रिय सन्धिमा नेपालले हालसालै हस्ताक्षर गरेको छ।

५. यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४

भाग ३ र धारा ३३ भएको यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि (Convention on Torture or Cruel or Inhuman or Degrading Punishment) विश्व भरिनै यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको संघर्षलाई बढी प्रभावकारी बनाउने उद्देश्यले सन् १९४८ मा राष्ट्र संघको महासभाबाट पारित गरी सन् १९८९ जुन २६ देखि लागू गरिएको हो। यातनाको परिभाषा गर्दै महासन्धिले विशवमा व्याप्त अमानवीय एवं दर्दनाक यातनामूलक कार्य रोक्न प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपाय राज्यपक्ष भएका राष्ट्रहरूले गर्नुपर्ने, यातनामूलक कार्यलाई फौजदारी कसूर हुने कुरालाई निश्चित गर्नुपर्ने र त्यस्ता कार्यका दोषीउपर दण्डको व्यवस्था गर्नुपर्ने प्रावधान समावेश गरिएको छ।

नेपालले अनुमोदन/सम्मिलन गरेका अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरू

सि. नं.	महासन्धि/प्रतिज्ञापत्रको नाम	पारित भएको मिति	नेपालले अनुमोदन/सम्मिलन गरेको मिति
१.	दासत्व महासन्धि	२५ सेप्टेम्बर, १९२६	७ जनवरी, १९६३ (स)
२.	२५ सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पूरक महासन्धि	७ सेप्टेम्बर, १९५३	७ जनवरी, १९६३ (स)
३.	दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि	७ सेप्टेम्बर, १९५६	७ जनवरी, १९९३ (स)
४.	नारीको राजनीतिक अधिकारसम्बन्धी महासन्धि	२० डिसेम्बर १९५२	२० अप्रिल, १९६६ (स)
५.	जति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि	९ डिसेम्बर, १९४८	१७ जनवरी, १९६९ (स)
६.	सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि	२१ डिसेम्बर, १९६५	२० जनवरी, १९७१ (स)
७.	रंगभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि	२० नोभेम्बर, १९७३	१२ जुलाई, १९७७ (स)
८.	खेलकूदमा रंगभेद विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि	१० डिसेम्बर, १९८५	१ मार्च, १९८९ (अ)
९.	बालअधिकार सम्बन्धी महासन्धि	२० नोभेम्बर, १९८९	१४ सेप्टेम्बर, १९९० (अ)
१०.	महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि	१८ डिसेम्बर, १९७९	२२ अप्रिल, १९९१ (अ)
११.	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र	१६ डिसेम्बर, १९६६	१४ मे, १९९१ (स)
१२.	नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र	१६ डिसेम्बर, १९६६	१४ मे, १९९१ (स)
१३.	नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल	१६ डिसेम्बर, १९६६	१४ मे, १९९१ (स)
१४.	यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्ध महासन्धि	१० डिसेम्बर, १९८४	१४ मे, १९९१ (स)
१५.	जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि	२ डिसेम्बर, १९४९	२७ डिसेम्बर, १९९५ (स)
१६.	मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वेच्छिक प्रोटोकल	१५ डिसेम्बर, १९८९	४ जून, १९९८ (स)
१७.	बालअधिकार महासन्धिको बालबालिकाहरूलाई सशस्त्र युद्धमा प्रयोग सम्बन्धी ऐच्छिक प्रोटोकल		९ सेप्टेम्बर २००० (अ)
१८.	बालअधिकार महासन्धिको बालबालिकाहरूको बेचबिखन, बाल वेश्यावृत्ति तथा अश्लिल साहित्य सम्बन्धी ऐच्छिक प्रोटोकल		९ सेप्टेम्बर २००० (अ)

नेपाल अधिराज्यको संविधान २०४७ मा मौलिक हक

भाग – ३

११. समानताको हक :

१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन।

२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।

३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, लिंग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन।

तर महिला, बालक, वृद्ध वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ।

४) कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ।

५) समान कामका लागि महिला र पुरूषका बीच पारिश्रमिकमा भेदभाव गरिने छैन।

१२. स्वतन्त्रताको हक :

१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन।

२) सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता

(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता

(घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र

(ङ) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता।

तर-

(१) खण्ड (क) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

(२) खण्ड (ख) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

(३) खण्ड (ग) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरूत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

(४) खण्ड (घ) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार, वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

१३. छापाखाना र पत्रपत्रिका सम्बन्धी हक :

१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्न पूर्व-प्रतिबन्ध लगाइने छैन।

तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा

अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गरेवापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन।

१४. फौजदारी न्यायसम्बन्धी हक :

१) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।

२) कुनै पनि व्यक्तिउपर अदालतमा त्यसै कसूरमा एक टकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन।

३) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर लगाइने छैन।

४) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन। त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरेबमोजिम क्षतिपूर्ति दिइनेछ।

५) पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन र त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन।

स्पष्टीकरण : यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउँछ।

६) पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट टाढाको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन।

७) उपधारा (५) र (६) मा लेखिएका कुराहरू शत्रु राज्यको नागरिकको हकमा र उपधारा (६) मा लेखिएका कुराहरू निवारक नजरबन्द राख्ने व्यवस्था गर्ने कुनै कानूनअन्तर्गत पक्राउ भएको वा नजरबन्द रहेको व्यक्तिको हकमा लागू हुने छैन।

१५. निवारक नजरबन्द विरुद्धको हक :

१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल गर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन।

२) निवारक नजरबन्द राख्ने अधिकारीले कानूनविपरित वा बदनियतपूर्वक कसैलाई नजरबन्द राख्नेमा नजरबन्द रहेको व्यक्तिले कानूनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउनेछ।

१६. सूचनाको हक :

प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ।

तर यस धारामा लेखिएको कुनै कुराले कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन।

१७. सम्पत्तिको हक :

१) सबै नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ।

२) सार्वजनिक हितको लागी बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन।

३) सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा दिनु पर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ।

१८. संस्कृति तथा शिक्षा सम्बन्धी हक :

१) नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार हुनेछ।

२) प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ।

१९. धर्म सम्बन्धी हक :

१) प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता हुनेछ।

तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन।

२) प्रत्येक धार्मिक सम्प्रदायलाई कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ।

२०. शोषण विरुद्धको हक :

(१) मानिसलाई बेच-बिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरूद्ध काम गराउन निषेध गरिएको छ। त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ।

तर सार्वजनिक प्रयोजनका लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा पर्ने छैन।

(२) नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन।

२१. देशनिकाला विरुद्धको हक :

कुनै पनि नागरिकलाई देशनिकाला गरिने छैन।

२२. गोपनीयताको हक :

कुनै पनि व्यक्तिको जीऊ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ।

२३. संवैधानिक उपचारको हक :

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिकाअनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको छ।

मानवअधिकारका अनुबन्धका प्रावधानहरू

(१६ समूहमा)

१. जीवन र व्यक्तिगत सुरक्षाको अधिकार

जीवनको अधिकार (ICCPR 6)

गैरकानूनी गिरफ्तारी / व्यक्तिगत सुरक्षा (ICCPR 9)

२. निष्पक्ष अदालती कारवाही तथा सुनुवाईको अधिकार (ICCPR 14)

३. बन्दीहरूको अधिकार

मृत्युदण्डविरुद्धको अधिकार

यातना मुक्तिको अधिकार (ICCPR 7)

४. राजनीतिक जीवनमा सहभागिताको अधिकार (ICCPR 25)

५. विचारको स्वतन्त्रता

गोपनियताको अधिकार (ICCPR 17)

धार्मिक स्वतन्त्रताको अधिकार (ICCPR 18)

अभिव्यक्ति स्वतन्त्रताको अधिकार (ICCPR 19–20)

६. संगठन स्वतन्त्रताको अधिकार (ICCPR 22)

७. शान्तिपूर्वक भेला हुने अधिकारको स्वतन्त्रता (ICCPR 21)

८. हिंडडुल गर्न पाउने स्वतन्त्रताको अधिकार

स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने तथा बसोबासको अधिकार (ICCPR 12)

९. कामको अधिकार

जीविकोपार्जनको लागि काम गर्ने अधिकार (ICESCR 6)

स्वतन्त्ररुपले काम छान्ने वा स्वीकार गर्ने अधिकार (ICESCR 6)

१०. काममा उपयुक्त वातावरणको अधिकार

काममा न्यायपूर्ण तथा उपयुक्त वातावरणको अधिकार (ICESCR 7)
उचित पारिश्रमिकको अधिकार (ICESCR 7a)

दासत्वबाट स्वतन्त्र हुने अधिकार (ICESCR 8)

ट्रेड युनियन खोल्न पाउने र सहभागी हुने अधिकार (ICESCR / ICCPR 22.1)
हडताल गर्ने अधिकार (ICESCR 8.1d)

११. पर्याप्त जीवनस्तरको अधिकार (ICESCR 11.1)

पर्याप्त भोजनको अधिकार (ICESCR 11.1)

भोकबाट मुक्तिको अधिकार (ICESCR 11.2)

पर्याप्त आवासको अधिकार (ICESCR 11.1)

सामाजिक सुरक्षाको अधिकार (ICESCR 9)

१२. स्वास्थ्यको अधिकार (ICESCR 12)

१३. परिवार, मातृत्व र बालबालिकाहरूको अधिकार

परिवारको अधिकार (ICESCR 10.1)

मातृत्वको अधिकार (ICESCR 10.2)

बालबालिकाको अधिकार (ICESCR 10.3)

१४. सांस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार

आ-आफ्नो संस्कृतिमा सहभागी हुन पाउने अधिकार (ICESCR 15a)

१५. शिक्षाको अधिकार

शिक्षाको अधिकार (ICESCR 13a)

प्राथमिक शिक्षाको अधिकार (ICESCR 13b)

१६. अल्पसंख्यकहरूको अधिकार

अल्पसंख्यकको धर्मसम्बन्धी अधिकार (ICESCR .....)

अल्पसंख्यकको भाषासम्बन्धी अधिकार (ICESCR .....)

अल्पसंख्यकको संस्कृतिसम्बन्धी अधिकार (ICESCR .....)

मानवअधिकारका अनुबन्धका प्रावधानहरू : हननको पहिचान र निक्यौल

१. जीवन र व्यक्तिगत सुरक्षाको अधिकार

(क) जीवनको अधिकार (ICCPR 6)

जीवनको अधिकार सामान्यतया मानिसको बाँच्न पाउने अधिकारको रूपमा बुझिन्छ। तर राज्य, राज्यका निकाय वा प्रतिनिधि वा राज्यसरह नै सशक्त रहेको सशस्त्र विपक्षी वा जेनेभा महासन्धि (Geneva Convention) अनुसार high contracting party भनिने सशस्त्र विपक्षीहरूको कारण मारिदा यस अधिकारको उल्लंघन भएको मानिन्छ।

यसबाहेक कुनै व्यक्ति वा समूह (समुदाय) बाट आक्रमण भएको र राज्य पक्षको पहुँचभित्र हुँदाहुँदै पनि राज्यको असक्षमता वा लापरवाही वा उपेक्षाको कारण मानिसको ज्यान गएको भए पनि यस अधिकारको उल्लंघन भएको मानिन्छ।

(ख) गैरकानूनी गिरफ्तारी / व्यक्तिगत सुरक्षा (ICCPR 9)

अन्तर्राष्ट्रिय मानवअधिकार कानूनका मापदण्डअनुसार गैरकानूनी गिरफ्तारी भन्नाले कानूनविपरित कसैलाई प्रहरी हिरासतमा राख्विनु बुझ्नु पर्दछ। हाम्रो सन्दर्भमा कानूनअनुसार वारेण्ट जारी नगरिकनै समातिनु भन्ने बुझिन्छ।

तर, यहाँनेर प्रष्ट हुनु पर्ने कुरा के छ भने मानवअधिकारका मापदण्डविपरित बनेका कानूनकै आधारमा प्रहरीले कब्जामा लिएको भए, त्यस्ता कानून अन्तर्गतका गिरफ्तारी पनि (अन्तर्राष्ट्रिय स्तरमा) गैरकानूनी नै मानिन्छ।

२. निष्पक्ष अदालती कारवाही तथा सुनुवाईको अधिकार (ICCPR 14)

यो अधिकार जनताको निष्पक्ष न्याय प्राप्त गर्ने अधिकारसँग सम्बन्धित छ। न्यायिक प्रकृया पूरा नगरिएको, कानूनअनुसारको नियम पालना नगरिएको र (अन्तर्राष्ट्रिय) कानूनी प्रकृया समेत पूरा नगरिएको अवस्थामा यस अधिकार उल्लंघन भएको मानिन्छ। उपयुक्त जाँच पड्ताल नगरिएको, आफ्नो वकिल राख्न नदिइएको, जबर्जस्ती बयान गराइएको आदिलाई उक्त अधिकार उल्लंघनका आधारका रूपमा लिन सकिन्छ।

३. बन्दीहरूको अधिकार

(क) मृत्युदण्ड विरुद्धको अधिकार

अदालतले कसैलाई मृत्युदण्ड दिइएको भए वा मृत्युदण्ड दिने कानून विद्यमान रहेमा यस अधिकार उल्लंघन भएको बुझिन्छ।

(ख) यातना मुक्तिको अधिकार (ICCPR 7)

मानवअधिकारका अन्तर्राष्ट्रिय संविधाहरूमा (विशेष गरी नागरिक तथा राजनैतिक अधिकारका संविधाको धारा ७ तथा यातना विरूद्धको अभिसन्धिमा) यस अधिकारको प्रत्याभुति गरिएको छ। प्रहरी वा राज्यका कुनै निकायको हस्तक्षेप भएको गाली बेइज्जती, अपमानजनक व्यवहार वा शारीरिक वा मानसिक कुनै प्रकारका यातना भएको खण्डमा उक्त अधिकारको हनन भएको मानिन्छ। यसको अर्थ यातना प्रहरी, सेनाको शिविर वा वन कार्यालयभित्र नै यस्तो घटना भएको हुनु जरूरी छैन। उनीहरूले कुनै व्यक्तिलाई कहिँकतै समाती यातना दिएमा पनि उक्त अधिकारको हनन भएको मानिनेछ।

जीवनको अधिकारको चर्चा गर्दा उल्लेख भए झैं "राज्य" बाहेक सशक्त रहेका सशस्त्र समूहहरू, जेनेभा महासन्धि (Geneve Convention) अन्तर्गत रहेका high contracting party हरू पनि यस्ता कार्यमा सहभागी भए भने पनि उक्त अधिकारको हनन भएको मानिने छ।

४. राजनीतिक जीवनमा सहभागिताको अधिकार (ICCPR 25)

मताधिकारको उपेक्षा गरिएको भए, उम्मेद्वार बन्न नदिएको भए, महिला, अल्पसंख्यक आदिको सहभागितामा व्यवधान आएको खण्डमा उक्त अधिकारको हनन भएको मानिन्छ।

यो अधिकारको निक्यौलको निम्ति महिला, आदिवासी, धार्मिक वा भाषिक अल्पसंख्यक आदिको उपस्थिति नेतृत्व तहमा कस्तो रहेको छ भन्ने पनि हेरिनु पर्दछ।

५. विचारको स्वतन्त्रता

(क) गोपनियताको अधिकार (ICCPR 17)

मानिसका गोपनियतासम्बन्धी अन्तर्राष्ट्रिय कानूनले परिभाषित गरेका अधिकारहरू समाविष्ट गरिएको छ। पीडित महिलाहरूको फोटो छाप्नु, नाम खुलाउनु, बलात्कृतहरूको नाम, वतन र थर खुलाउनु तथा फोटो छाप्नु, बालबालिकासम्बन्धी मुद्दाको सुनुवाई बन्द इजलाशमा नगरिनु आदि यस अधिकारका उल्लंघनका उदाहरण हुन्।

(ख) धार्मिक स्वतन्त्रताको अधिकार (ICCPR 18)

जनताले आफ्नो आस्थाअनुरूपको उपासना, पूजा-आराधना गर्न नपाउनु आदि यस अधिकारको हननको रूपमा लिनु पर्दछ।

धार्मिक आधारमा हुने हिंस्रक घटना, तनाव वा साम्प्रदायिक झै-झगडा पनि यस अधिकारका उल्लंघनमा पर्दछन्।

(ग) अभिव्यक्तिको स्वतन्त्रता (ICCPR 19-20)

(i) **सूचनाको अधिकार**

सार्वजनिक गरिएका सूचनामा प्रतिबन्ध लगाउने, पत्रपत्रिकामाथि रोक लगाउने, गलत सूचना प्रवाह गर्ने, अश्लिल/अस्वस्थ सूचनाको पहुँच बालबालिकासम्म पुग्ने आदि यस अधिकार हननमा पर्दछन्।

(ii) **अभिव्यक्तिको स्वतन्त्रता**

वेरोकटोक अरूको अधिकार हनन नगरिकन लेख्न पाउनु, अदालतमा आफ्नो बारेमा निर्णय गर्दा सुनुवाईमा आफ्नो विचार राख्न पाउनु आदि यस अधिकारका परिचायक हुन्। यिनीहरूको हनन यसको स्वतन्त्रतामाथिको प्रतिबन्धको रूपमा चित्रित गर्न सकिन्छ।

६. संगठन स्वतन्त्रताको अधिकार (ICCPR 22)

संगठन स्वतन्त्रतासम्बन्धी अधिकारको हनन संगठनहरू खोल्न, यसका गतिविधिहरू निर्वाध संचालन गर्न व्यवधान पुऱ्याएको अवस्थामा हुन्छ। यसमा पनि माथि उल्लेख गरेझैं हननकर्ता हुन सक्दछन्।

७. शान्तिपूर्वक भेला हुने अधिकारको स्वतन्त्रता (ICCPR 21)

८. हिंडडुल गर्न पाउने स्वतन्त्रताको अधिकार (ICCPR 12)

राष्ट्रभित्र नागरिकहरूको स्वतन्त्र आवागमन र राष्ट्रबाहिर अन्तर्राष्ट्रिय कानून तथा त्यस राष्ट्रको यात्रा सम्बन्धी कागजात सहितको स्वतन्त्र विचरणमा राज्य, राज्यका निकाय, सशस्त्र समूहहरूले व्यवधान पुऱ्याएको अवस्था यस अधिकारको हनन भएको मानिन्छ।

९. कामको अधिकार

(क) जिविकोपार्जनको लागि काम गर्न पाउने अधिकार (ICESCR 6)

अभिसन्धिको यस धाराले आफ्नै व्यवसाय, स्वतन्त्र पेशा र स्वरोजगारमा लाग्न पाउने अवसरको प्रत्याभुति गरेको छ। यी अवसरहरूमा राज्यको काम वा बेवास्ताको कारणले यसो हुन गएको खण्डमा यस अधिकारको हनन भएको मानिन्छ। यसैगरी विप्लवकारी सशस्त्र समूह वा अन्य सशस्त्र समूहबाट यस्तो भएको रहेछ भने पनि यसलाई यस अधिकारको हनन मानिन्छ।

(ख) स्वतन्त्र रुपले काम छान्ने वा स्वीकार गर्ने अधिकार (ICESCR 6)

यो अधिकार कामको छनौट गर्दा वर्ग, जाति, लिंग वा अन्य कुनै आधारमा गरिने भेदभावको विरोधमा छ। हरेक मानिसले आफूलाई उपयुक्त लागेको र सक्ने काम गर्न पाउनु पर्दछ। यसमा भएको व्यवधान यस मानवअधिकारको हनन मानिनेछ। उदाहरण : जातीय विभेदको आधारमा कसैलाई भान्सेको काम गर्न नदिनु।

१०. काममा उपयुक्त वातावरणको अधिकार

(क) काममा न्यायपूर्ण तथा उपयुक्त वातावरणको अधिकार (ICESCR 7)

(विशेष गरी औद्योगिक मजदुर/जागीरमा)

- सुरक्षित र स्वस्थप्रद कामको अवस्था

- क्षमताको आधारमा वरियता निर्धारण
- विदा, विश्राम आदिको समुचित व्यवस्था

आदि प्रावधान नरहेमा वा बेवास्ता गरिएमा यसको हनन भएको मानिनेछ।

(ख) उचित पारिश्रमिक तथा उपयुक्त वातावरणको अधिकार (ICESCR 7a)

- सुपथ ज्याला
- विना भेदभाव समान मूल्यका कामका निम्ति समान ज्याला
- महिला र पुरूषको बीचमा समेत उपर्युक्त प्रावधान

आदि नभएमा वा हुनबाट रोकेमा यो अधिकारको हनन हुन्छ।

(ग) दासत्वबाट स्वतन्त्र हुने अधिकार (ICESCR 8)

- बँधुवाको रूपमा, दास वा दाससरह व्यवहार हुने काम
- विना तलब काम गर्नु पर्ने
- हिँडडुल गर्न नपाउने अवस्था

रहेमा यस अधिकारको हनन भएको मानिन्छ।

(घ) ट्रेड युनियन खोल्न पाउने र सहभागी हुने अधिकार (ICESCR ..... ICCPR 22.1)

- मजदुर संगठनहरू खोल्ने
- सम्पर्क सम्बन्ध विस्तार गर्ने
- उनीहरूका मागहरू सुत्रबद्ध गर्ने
- मजदुरहरू यस्ता संघमा सहभागी हुन पाउने

आदि अधिकारहरू हनन भएको खण्डमा यस प्रावधानको हनन भएको मानिन्छ।

(ङ) हडताल गर्न पाउने अधिकार (ICESCR 8.1d)

- शान्तिपूर्ण रूपले सामूहिक वार्गेनिङको निम्ति गरिने हडतालमा रोक लगाउने, व्यवधान खडा गर्ने, मजदुर थुन्ने आदि काम भएमा यस अधिकारको हनन मानिन्छ।

११. पर्याप्त जीवनस्तरको अधिकार (ICESCR 11.1)

(क) पर्याप्त भोजनको अधिकार (ICESCR 11.1)

- खाद्यान्न आपुर्ति व्यवस्था
- खाद्यान्नमा जनताको पहुँच
- क्रयशक्तिको विश्लेषण (आयको आधारमा)
- खानाको पौष्टिक स्तर

आदिको आधारमा हेर्दा जनताले खाना नपाएका भए यस अधिकारको हनन मानिन्छ।

कतै खाद्यान्नको छेलोखेलो, कतै अनिकालको मृत्युलीला

भोजनको अधिकार पनि मानवाधिकार, भारत सरकारलाई नसिहत

नयाँदिल्ली, भदौ ५ गते। भारतको सर्वोच्च अदालतले भुमुक्रमा खाद्यान्न प्रसस्त मौज्दात रहे तापनि करोडौं मानिस अनिकालबाट पिरोलिइरहनुपर्ने कामा खाद्यान्न वितरणको कुव्यवस्थापनका निम्ति सरकारलाई नसिहत दिएको छ।

मानवअधिकारवादी समुह र विपत्से युनियन अफ सिभिर्टिज (पीयूसीएल) की निवेदनमाथि निर्णय गर्दै सर्वोच्च अदालतले भारत सरकारलाई उक्त खप्की सुनाएको हो। सो निवेदनमा जनाइएअनुसार भारतमा बीस करोड असीलाख जना जति अनिकालको भीषण चपेटामा परेका छन्।

पोहोर साल भारतमा अत्यधिक मात्रामा खाद्यान्न उत्पादन भएको थियो। एकअर्ब जनसंख्याका निम्ति दुईकरोड टन खाद्यान्नको माग रहेको स्थितिमा पोहोर साल पचिसकरोड टन खाद्यान्न उत्पादन भएको थियो। प्रसस्त उत्पादन भएकाले 'बम्पर' खाद्यान्न उत्पादन वर्षको रूपमा खुब चर्चा, परिचर्चा भए तापनि महाराष्ट्र, राजस्थान, उडिसा, मध्यप्रदेश, छत्तीसगढ तथा बिहार गरी छवटा प्रान्त यसपालि खडेरीका कारण अनिकालग्रस्त रहे।

सरकारी भण्डारहरूमा खाद्यान्न अत्यधिकरूपमा रहेको र नौ करोडै, चौरीदै तथा भुमाको आहारा बन्दै गइरहेको भए तापनि अनिकालपीडितहरूका निम्तिचाहि राहतको पक्ष बन्न नसकेको पीयूसीएलको भनाइ छ।

आफ्ना जनतालाई खुवाउन् सक्ने भारत सरकार अरब सभ्यतमा माछामाई अन्न खुवाउन नल्लीन गएकाको भनाइ पनि यो सम्याको छ।

एकातिर सरकारी गोदामहरूमा प्रसस्त खाद्यान्न हुने र अर्कोतिर गोदामबाट पचहत्तर किलोमिटर बरपरकै जनता कुपोषित हुने तथा पशुहरू मर्न अवस्था रहेको छ।

सरकारी तथ्याङ्कअनुसार भारतमा छत्तीस करोडभन्दा बढी मानिस निरपेक्ष गरीबीको रेखामुनि रहेका छन्। यसमा पाँचकरोडभन्दा बढी मानिस अनिकालको भिषण चपेटामा परेका छन्। अनिकालमा परेकाले तत्कालै भोजनादि नपाउँदा मर्न गएको पनि सरकारी तथ्याङ्कमै उल्लेख रहेको बताउँदै उक्त मानवाधिकारवादी समूहको भनाइ थियो- सरकारले मान्छेको बाँच्न पाउने अधिकार दिनैपर्दछ, यसका निम्ति उपयुक्त वातावरण अपरिहार्य हुन्छ।

मान्छेको बाँच्न पाउने अधिकार सुरक्षित गर्न भोजन, पानी, आवास, शिक्षा, स्वास्थ्योपचार तथा उपयुक्त वातावरण आवश्यक पर्दछ। कुनै पनि सभ्य समाजका निम्ति मानवाधिकारका निम्ति यी आधारभूत पक्षहरू नै हुन्।

अनिकालले गर्दा छैजनाको ज्यान गइरहेको र तत्काले राहतका निम्ति कुनै ठोस पाइला नचालिएमा छैजना मृत्युको मुखमा पर्ने चेतावनी पनि सो सम्याले दिएको छ।

सोमवार निर्णय दिने क्रममा सर्वोच्च अदालतको भनाइ रह्यो- अनिकालग्रस्त जनताका निम्ति संघीय तथा राज्य सरकारहरूले खाद्यान्नको प्रत्याभूति दिनु प्राथमिक उत्तरदायित्वको कुरो हो।

अनिकालपीडित जनतालाई तुरन्तै राहत पुऱ्याउन संघीय तथा राज्य सरकारलाई अन्तिम आदेश दिने निर्णय अदालतले यही सेप्टेम्बर तीन तारिखका दिन गरेको थियो। एएफपी

गोरखापत्र दैनिक, ०५८/५/६

(ख) भोकबाट मुक्तिको अधिकार (ICESCR 11.2)

- भोकमरीको समस्या

(ग) पर्याप्त आवासको अधिकार (ICESCR 11.3)

- बसोबास भइरहेकाहरूको बास व्यवस्था विगार्ने
- राज्यले तुरून्त गर्नुपर्नेहरूको लागि व्यवस्था नगर्ने

(घ) सामाजिक सुरक्षाको अधिकार (ICESCR 9)

१२. स्वास्थ्यको अधिकार (ICESCR 2)

- स्वास्थ्यको सुलभता
- सेवाको प्राप्ति (डाक्टर, औषधी, स्थान)
- रोकथामको अवस्था

आदिको आधारमा मूल्यांकन गर्दा जनताले यी वस्तुहरूमार्फत आफ्नो "वचावट" मा लाग्न सकेका छन् वा छैनन् भनेर विश्लेषण गरिनु पर्ने।

१३. परिवार, मातृत्व र बालबालिकाको अधिकार

(क) परिवारको अधिकार (ICESCR 10.1)

- परिवार निर्माण
- छानेको विवाह गर्न पाउने अधिकार

आदिको हनन भएको खण्डमा यस धाराको व्यवधान खडा भएको मानिन्छ।

(ख) मातृत्वको अधिकार (ICESCR 10.2)

- आमाहरूको स्याहार-सुसार (बच्चा जन्मिनु अघि र पछि)
- उपयुक्त पोषक तत्व
- नाबालकहरूको स्याहार

(ग) बालबालिकाको अधिकार (ICESCR 10.3)

- बाल विवाह
- बालश्रम / बालसैन्य / बेचबिखन / विभेद
- बालकहरूको स्याहार सुसारमा कमी आदि हननका रूप हुन्।

१४. सांस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार

आ-आफ्नो सँस्कृतिमा सहभागी हुन पाउने अधिकार (ICESCR 15a)

१५. शिक्षाको अधिकार

(क) शिक्षाको अधिकार (ICESCR 13a)

(ख) प्राथमिक शिक्षाको अधिकार (ICESCR 13b)

१६. अल्पसंख्यकहरूको अधिकार

(क) अल्पसंख्यकको भाषासम्बन्धी अधिकार (ICESCR ....)

(ख) अल्पसंख्यकको धर्मसम्बन्धी अधिकार (ICESCR ...)

(ग) अल्पसंख्यकको संस्कृतिसम्बन्धी अधिकार (ICESCR ...)

अभ्यास :

ECOSOC and ICCPR

सबैका लागि सम्पूर्ण अधिकार : अधिकारहरूको अन्तर्सम्बन्ध र स्वअस्तित्वसम्बन्धी अवधारणा

अधिकार के हो ?

कख = नागरिक र राजनीतिक आवश्यकता

खग = आर्थिक आवश्यकता

गक = सामाजिक/सांस्कृतिक

घङ = नागरिक/राजनीतिक अधिकार

ङच = आर्थिक अधिकार

चघ = सामाजिक/सांस्कृतिक अधिकार

मानवअधिकार के हो ?



मानवअधिकारका आधारभूत कुराहरु

मानवअधिकार उल्लंघन

अभ्यास :

अधिकारहरुको अन्तर्सम्बन्ध र स्वअस्तित्व

द्वन्द्व व्यवस्थापन सम्बन्धी कुरा



द्वन्द्व के हो ?

१. एक या दुई वाक्यमा द्वन्द्वको बारेमा भन्न सकिन्न किनकि यो अत्यन्त तरल, अस्पष्ट र परिस्थितिविशेष अवधारणा हो। यसले विभिन्न विषय र सन्दर्भलाई इङ्गित गर्दछ- खास सामाजिक परिस्थितिमा। जस्तै : वाद-विवाद, असहमति, युद्ध, हिंसा, अस्थिरता आदि।

२. द्वन्द्व भन्नासाथ हाम्रो मस्तिष्कमा कुनै नकारात्मक अवस्थाको तस्वीर बन्दछ- सहयोग, सद्भाव र शान्तिको उल्टो अवधारणाको रूपमा। तसर्थ, द्वन्द्वलाई हामी घृणा गर्छौं, दुत्काछौं। यो आम सोचाई हो। र, द्वन्द्वलाई निर्मूल भएको कल्पना गर्छौं। "द्वन्द्व" भन्नासाथ आङ सिरिङ्ग हुन्छ, "शान्ति" को कल्पनाले शितल हुन्छ।

३. द्वन्द्व व्यवस्थापनसम्बन्धी अवधारणा भने द्वन्द्व नकारात्मक विषयवस्तु हो भन्ने आम सोचाइभन्दा ठीक उल्टो छ। यसले द्वन्द्वलाई नियमित सामाजिक प्रकृयाको रूपमा आत्मसात गर्दछ। "द्वन्द्व" नभए जीवन हुन्न- द्वन्द्व व्यवस्थापन सिद्धान्तको सार यही हो।

४. यो दृष्टिकोणबाट हेर्दा हामी जतातते द्वन्द्वको उपस्थिति पाउँछौं।

आफैंभित्र द्वन्द्व :- आज बजार जाने कि नजाने? गाई चराउन ताक्लाखर्क लाने कि रानीभीर? फुटबल खेल्ने कि भलिबल? पानी लिन कुवातिर जाने कि धारा जाने?
दशैंछेक कपडा किन्नुपर्दा द्वन्द्व- कुर्ता सुरूवाल किन्ने हो या सर्ट पाइन्ट? पाइन्ट सिलाउने या जिन्सको रेडिमेड पाइन्ट किन्ने?

परिवारभित्र द्वन्द्व :- हरेक छिन, हरेक दिन परिवारका सदस्यहरूबीच द्वन्द्वको अवस्था रहन्छ। हामी सहभागी भइरहेका हुन्छौं, तर यसको ख्याल भने हुँदैन।
टेलिभिजन हेर्ने समय भयो द्वन्द्व- छोराछोरी कार्टून हेर्न चाहन्छन्, तपाईं जी सिनेमा, बुवाआमा गीताआनन्द मूर्तिको धार्मिक प्रवचन।
तीजमा माइत जाने कि दशैंमा मात्र? आदि विषयमा परिवारभित्र द्वन्द्व अवस्थित हुन्छ।

समुदायबीचमा द्वन्द्व :- चुनावताका भोट दिने विषयमा समुदायमा द्वन्द्व - काँग्रेसलाई भोट दिने या कम्युनिष्टलाई? राप्रपालाई या सद्भावनालाई, लिम्बू उमेद्वार या तामाङलाई?
विकास निर्माणको सवालमा द्वन्द्व- यसपटक पाँगामा या नयाँबजारमा बाटो बनाउने? सरस्वती कुलो चलाउने कि चिप्लेटी कुलो? गोरेटो खन्ने कि घोडेटो आदि।
राष्ट्रिय मुद्दामा द्वन्द्व - टनकपुर सन्धि पास गर्ने कि नगर्ने? शान्ति सुरक्षासम्बन्धी कानून पास गर्ने कि फेल गर्ने? जग्गामा हदबन्दी लगाउने या नलगाउने आदि।
वैचारिक मुद्दामा द्वन्द्व - प्रजातन्त्र कि गणतन्त्र? गान्धीवाद कि माओवाद? वार्ता कि बन्दूक आदि।

अर्थात्, जीवन द्वन्द्वमुक्त हुँदैन। हरेक द्वन्द्वसँगै समायोजनका तरिकाहरू पनि हामीले अभ्यास गरिरहेका छौं। छलफल गर्छौं, एउटा समाधान निकाल्छौं। जस्तो कि यसपालि तीज अलि अगाडि नै आयो, बालीनाली उठाउनु छ, त्यसैले माइत दशैंमा मात्र जाने कि- घर सल्लाह गर्छौं। विहान माताजीको भाषण सुन्नुहोस् बुवाआमा, हामी अरूबेला बिबिसी सुनौंला, या पैसा पुग्छ भने अर्कै टेलिभिजन किन्ने कि?, हामी एउटा निर्णयमा पुग्छौं। राम अलि परिपक्व छ, यसको पार्टीले पनि राम्रै कार्यक्रम राख्वेको छ, त्यसैले यसपालि उसैलाई भोट दिन्छौं। चिप्लेटी कुलोका लागि थुप्रो बजेट चाहिन्छ, त्यसैले यो आर्थिक वर्षमा छोटो सरस्वती कुलो मात्र मर्मत गरौं। हामी एक आपसमा समस्याको बारेमा खुलेर छलफल गर्छौं, उपलब्ध अवसर र साधनको समीक्षा गर्छौं र निर्णय गर्छौं।

राष्ट्रिय महत्वका विषयमा पनि पक्ष-विपक्ष, राम्रा-नराम्रा दुवै सम्भावनाको बारेमा बहस हुन्छ र निर्णय गरिन्छ।

यी सबै द्वन्द्वका रूपहरू हुन्, तर यिनमा हिंसा र मारकाटको गुञ्जायस रहन्न। त्यसैले "द्वन्द्व" नकारात्मक विषयवस्तु होइन, द्वन्द्व र हिंसा एकै चीज होइनन्।

प्रश्न - हामी एकछिन सोचौं :- हाम्रो घर र समुदायमा के कस्ता विषयमा द्वन्द्व हुन्छ र हामीहरु कसरी समाधान गर्छौं ?

द्वन्द्वका प्रकारहरु

द्वन्द्व मुख्यतया दुई प्रकारका हुन्छन् :

- सामान्य (घरायसी, सामुदायिक आदि)
- घातक

सामान्य "द्वन्द्व" को उचित समायोजन हुन नसक्ता घातक "द्वन्द्व" को जन्म हुन्छ। जस्तो कि: गाउँटोलमा बाटोघाटो निर्माणको सवालमा एक पक्षले अर्कोलाई बारम्बार धोका दिने र हेला गर्ने, चुनाव जितेको पक्षले हार्ने पक्षको कुरै नसुन्ने, विकास बजेट व्यक्तिगत काममा खर्च गर्ने र जनतालाई भोकमरीको शिकार बनाउने, बहुमतको नाममा अत्याचारलाई प्रश्रय दिने र यसको विरोधलाई विभिन्न नाम र वहानामा दबाउने।

वर्ष वित्दै जाँदा हेपिएको र तिरस्कार गरिएको पक्ष संगठित हुन्छ, शान्तिपूर्ण विरोधको बेवास्ता बढ्दै जाँदा हिंसात्मक विरोधमा उत्रन्छ- घातक द्वन्द्वको विकास हुन्छ। मान्छे मर्छन्, मार्छन्, चोरी, लुटपाट बढ्छ, भ्रष्टाचार र अनियमितता बढ्छ, समाज तहसनहस हुन्छ।

खासगरी सामूहिक पहिचान (जात-जाति, भाषा, धर्म संस्कृति आदि) र श्रोत वितरण (आर्थिक श्रोत : जमीन, जंगल इत्यादि, राजनीतिक श्रोत : शासन प्रणालीमा सहभागिता, नीति-नियम निर्माणका कुराहरू, दलहरूका क्रियाकलापमा सहभागिता; सामाजिक श्रोत : विद्यालय, स्वास्थ्य सेवा, बाटोघाटो निर्माण र यिनमा सहभागिता, अवसरहरूका बारेमा जानकारी र पहुँच आदि) सम्बन्धी दुईवटा सवालसँग गाँसिएर देखा पर्ने विमति, फरक विचार र विवादलाई चित्त बुझ्दो (तार्किक) रूपमा समाधान गर्न नसक्दा घातक द्वन्द्वको जन्म हुन्छ- मान्छेहरू समूह-समूहमा विभाजित हुन्छन्, पीडित भएको महसुस गर्नेहरू पीडक ठानिएकाहरूप्रति जाइलाग्छन्, मारकाट र विनाश शुरू हुन्छ। पहिचान र वितरणसम्बन्धी असमानता नहटेसम्म यो द्वन्द्वको अन्त्य हुँदैन।

यस्ता आन्तरिक घातक-द्वन्द्वहरू राष्ट्र-राष्ट्रबीचमा हुने युद्धभन्दा भयानक हुन्छन् किनकि अन्तर्राष्ट्रिय युद्धमा सेनाहरू र राष्ट्रिय सुरक्षा निकायहरू मात्र परिचालित हुन्छन्, गृह युघमा सिंगो समुदाय- सबै मान्छे, सबै सामाजिक संरचना- परिचालित हुन्छ। यस्तो गृहयुद्धको अन्त्य गर्नु या गृहयुद्धको सम्भावनाको अन्त्य गर्नु द्वन्द्व समायोजनको एउटै ध्येय हो।

यहाँनिर द्वन्द्व समायोजनको अर्थ र परिभाषा अलि स्पष्ट हुन आउँछ। अर्थात्, सामान्य द्वन्द्वलाई घातक द्वन्द्वमा परिणत हुने स्थिति आउन नदिनु, सामान्य द्वन्द्वलाई सिर्जनात्मक शक्तिमा परिवर्तन गर्नु द्वन्द्व समायोजन हो। "द्वन्द्व" निर्मूल गर्न सकिन्न, निर्मूल हुँदैन, यसो गर्न खोज्नु मुर्ख्याइँ हो। विभिन्न व्यक्ति, समुदायका सोच, विचार र आवश्यकतालाई एकसाथ लिएर एउटा नयाँ शक्तिको विकास गर्न सकिन्छ, र समाजमा सद्भाव, सहयोग, विश्वास- अर्थात् शान्ति- को वातावरण निर्माण गर्न सकिन्छ, सक्नुपर्छ। द्वन्द्व समायोजनको अर्थ यही हो।

प्रश्न – माओवादी जनयुद्ध किन शुरु भयो ? यसमा पहिचान र वितरण सम्बन्धी मुद्दा छन् ? कसले (माओवादी, सरकार, प्रतिपक्ष आदि) ले के-के गरेको भए यो घातक हुने थिएन ? अनुभव/विचार साटासाट गरौं ।

केही तथ्यहरु

- ५,६०० वर्ष पुरानो मानव इतिहासमा १४,५०० वटा घातक युद्धहरू भएका छन्।
- ३,४०० वर्ष पुरानो सामाजिक इतिहासमा खालि २८६ वर्ष मात्र शान्तिपूर्ण बिते।
- विगत ५६ वर्षमा १७५ वटा युद्धहरू भए
- १९९४ मा मात्र संसारका विभिन्न २७ स्थानमा ३४ वटा युद्धहरू भए
- १९४५ देखि १९८९ बीचमा मात्र २ करोड १८ लाख मान्छेहरू यस्ता युद्धका कारण मारिए

द्वन्द्व समायोजन कसरी गर्ने त ?

क) आफूलाई परिवर्तन गर्ने :

यो काम कठिन होइन। आफूलाई परिवर्तन गर्नुपर्छ। दुनियाँमा "म" र "मेरो" (परिवार, छोरी, भतिजा/भतिजी), पार्टी, विचार, शक्ति बाहेक अरू केही छैन/हुनु हुँदैन भन्ने सोच परिवर्तन गर्ने। "म" वाद त्यागौं "हामी" वादको विकास गरौं।

ख) अरुको कुरा सुन्ने/आदर गर्ने :

तपाईं जति जान्नुहुन्छ, अरू पनि त्यत्तिकै जान्दछन्, तपाईंलाई जेले दुःख लाग्छ अरूलाई पनि त्यसैले सताउँछ। तपाईं आफूलाई अरूले जे नगरोस् भन्नुहुन्छ, त्यो तपाईं अरूलाई नगर्नुहोस्।

तर, प्रायः बलिया मान्छेहरू निर्धाका कुरा सुन्दैनन्, सत्ताधारीहरू सत्ताबाहिर बस्नेहरूको कुरा सुन्दैनन्, मान्छेहरू रोगी/दुब्लालाई हेप्छन्। अर्थात्, अरूको कुरा सुन्दैनन्। यो गलत हो।

सोच्नुहोस् : १९९६ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले डा. बाबुराम भट्टराईलाई भेटेर, उहाँहरूका कुराहरू/दुस्वेसाहरू सुनेको भए, त्यत्तिस्वेरै भट्टराईहरूले उठाएका मागहरू पूरा गर्न खोजेको भए, वार्ता गरेको भए के हुन्थ्यो? के हुन्नथ्यो?

अरूको कुरा समयमा सुनौं र समयमै जवाफ दिऊँ। एकले अर्कालाई तिरस्कार नगरौं, आक्रोश नपालौं। प्रष्ट बोलौं, प्रष्ट सुनौं र जे सुनेको हो त्यसैलाई नबंग्याई बुझौं।

ग) घरायसी/सामुदायिक अभ्यासहरुको अनुशरण गर्ने :

तपाईं बिबिसी हेर्न लागेको बेला छोराछोरीले कार्टून हेर्ने रहर गरे के गर्नुहुन्छ? बन्दूक हान्ने? होइन, उनीहरूलाई बिबिसीको महत्वको बारेमा बताउनुहुन्छ र अर्को समयमा (दिउँसो) आफूले बिबिसी नहेर्ने वाचा गर्नुहुन्छ। बच्चाको चित्त बुझाउनुहुन्छ।

कुलो/पाटी/पौवा निर्माणसम्बन्धी दुई वा बढी विचारहरू/मागहरू आए के गर्ने? बलियाले निर्धालाई लखेट्ने? हुन्न। निर्धाहरू बलिया भएका बेला तपाईंलाई पनि लखेट्छन्। त्यसैले तपाईंले प्रष्ट भन्ने किन कुनै काम गर्न सकिन्छ (कुलो बनाउने) र अर्को काम गर्न सकिन्न (पाटी बनाउने), माग राख्नेले प्रष्टसँग सुन्ने- समस्या के रहेछ, र सोध्ने- पाटी कहिले बन्छ त? तत्काललाई पाटी आवश्यक छ कि कुलो? वृहद छलफल गर्ने, सबैले बोल्ने, सबैले सुन्ने। अहिले कुलो बनाउने हो (सबैको सहमतिमा) भने पाटी कहिले र कसरी बनाउने त्यो पनि छलफल गर्ने, निर्णय गर्ने।

राष्ट्रिय र वैचारिक मुद्दाहरूमा पनि यस्ता सामान्य अभ्यासहरू अनुशरण गर्न सकिन्छ। संवाद द्वन्द्व समायोजनको सबैभन्दा ठूलो औजार हो।

संवाद – वादविवाद

संवाद	वादविवाद
म र अरूको बीचमा समझदारी बढाउनु संवादको लक्ष्य हो।	मेरो तर्कले प्रतिद्वन्द्वीलाई सफलतापूर्वक हराउनु वादविवादको लक्ष्य हो।
समझदारी बढाउने सोचका साथ अरूको कुरा सुन्छु।	म प्रतिवाद गर्नका लागि सुन्छु।

सबल पक्षहरूलाई ख्याल गरेर सुन्छु ताकि सिक्न र स्वीकार गर्न सकियोस्।	कमजोर तर्कलाई ख्याल राख्छु ताकि प्रतिद्वन्द्वीलाई पराजित गर्न सकियोस्।
म आफ्नै अनुभव र ज्ञानका आधारमा मेरै लागि बोल्दछु।	अरूको स्थिति र अभिप्रेरणामा आधारित अवधारणाका बारेमा बोल्छु।
समझदारी बढाउनका लागि प्रश्न सोध्छु।	भ्रममा राख्न र अप्ठेरो पार्न प्रश्न गर्छु।
अरूको भनाई पूरा गर्न दिन्छु।	बीचैमा बोल्दछु, विषय परिवर्तन गर्छु।
अरूको शब्दहरू र संवेदनामा ध्यान दिन्छु।	उसको कुरा काट्न ध्यान दिन्छु।
अरूहरूको अनुभव सही र ठोस हुन्छ भन्ने स्वीकादर्छु।	अरूहरूको अनुभव गलत र अप्रासागिक ठानी आलोचना गर्छु।
समझदारी बढाउन र सन्त्रासमुक्त हुन वास्तविक अनुभव र अनुभूति राख्छु/सुन्छु।	मेरो अनुभूति अरूहरूलाई भ्रममा पार्ने गरी प्रस्तुत गर्छु। अरूहरूको अनुभूति गलत हुन्छ भन्ने मान्यता राख्छु।
मौनताको सम्मान गर्छु।	मौनता पराजय हो भन्ने ठान्छु।

साभार : मानवअधिकार वर्ष पुस्तक २००१, पाना नं. १४

घ) पीडितहरुको पक्षमा उभिने :

पीडितहरू असामान्य अवस्थामा हुन्छन्, जस्तोसुकै बेलामा पनि द्वन्द्व समायोजनकर्ताहरूले उनीहरूको पक्षमा उभिनैपर्छ, उनीहरूको पक्षमा बोल्नैपर्छ। जुनसुकै धर्म-जातिको होस्, जुनसुकै विचारको होस् पीडित पहिले मान्छे हो, उसको संरक्षण गर्नु सबैको पहिलो कर्तव्य हो, बाँकी पछिका कुराहरू।

पीडितहरूले एक दुईवटा बढी कुरा गर्न सक्छन्, अनावश्यक या असम्भवजस्ता लाग्ने कुराहरू गर्न सक्छन्। यसलाई सहज रूपमा लिनुपर्छ किनकी एक-दुईवटा बढी कुरा नगरे उनीहरूको आवाज कसैले सुन्दैन। नाजायज कुराहरू सुनौं, जायज कुराहरू प्रति जिम्मेवार बनौं, उनीहरूको पीडा कम गर्न प्रयत्न गरौं।

ङ) मान्छे पहिले; जात, धर्म र संस्कृति त्यसपछि :

जन्मँदा सबै व्यक्ति "मान्छे" मात्र जन्मन्छ। जन्मेपछि उसलाई अरू मान्छेहरूले/समुदायले थप विशेषण दिन्छन्- ऊ हिन्दू या मुसलमान बनाइन्छ, माथिल्लो या तल्लो जातको बन्छ/बनाइन्छ आदि इत्यादि। सबैको जन्म प्रकृया एउटै हो, आवश्यकता एउटै हो र मान्छेको रूपमा समुदायप्रति उसको जिम्मेवारी एउटै हो। समाजले दिएको अर्थको आधारमा सचेत मान्छेहरूले कसैलाई विभेद र हेला गर्नु हुन्न। शासन प्रणालीले विभेद गर्नु हुन्न।

सभ्यता र संस्कृतिको विकास निर्दिष्ट भौगर्भिक-भौगोलिक र वातावरणीय प्रभावबाट भएको हो भन्ने हामीले बिर्सन हुन्न। शरिरको रंग पनि यसै आधारमा प्रकृति-निर्मित हो।

कुनै सभ्यता, संस्कृति र धर्म अर्को भन्दा उच्च र नीच हुँदैन। व्यक्ति गलत हुन सक्छ। उसका आचरणहरू/बानी व्यहोराहरू अमानवीय हुन सक्छन् तर धर्म र संस्कृति आफैमा गलत र राम्रो हुन्न।

खानपिनको सन्दर्भ पनि यस्तै हो। जहाँ जे उपलब्ध छ, त्यसैलाई मान्छेहरूले खाद्यान्नको रूपमा उपयोग गर्दछन्। खानपिन, धर्म, रहनसहन आदिका आधारमा कुनै प्रकारको विभेद र आलोचना गरिनु हुन्न। कसैले गाई पूजा गर्छन्, पुजून्। कसैले गाईको मासु खान्छन्, खाऊन्। यी समय र वातावरण सापेक्ष कुरा हुन्। दुवै आफैमा गलत होइनन्। एउटा संस्कृतिले एउटा पक्षलाई स्वीकार गऱ्यो, अर्कोले अर्कालाई। अर्कोसँग नमिल्ने विषय नखोजौं, जहाँ-जहाँ जे-जे मिल्छ त्यसलाई साझा सम्पत्ति बनाऊँ।

अर्काको संस्कृतिको कदर गरौं, अनि मात्र अर्काले आफूलाई कदर गर्छ। मान्छेको आदर गरौं, अमानवीयता (हेला, घृणा, श्राप, शोषण, विभेद) को अन्त्य गरौं।

च) असमान उत्पादन र वितरण प्रणालीको अन्त्य :

प्रायः "द्वन्द्व" उत्पादन र वितरण प्रणालीमा भएको असमानतामा आधारित हुन्छ। उत्पादनका साधनहरू समाजका कुनै एक पक्षको हातमा राख्ने या रहन दिने र अर्को पक्षलाई यसबाट विमुख राख्ने असमान उत्पादन र वितरण प्रणालीको अन्त्य नभएसम्म द्वन्द्वको व्यवस्थापन हुन सक्दैन।

उदार र पारदर्शी राजनीतिक व्यवस्था, र समान उत्पादन र वितरण प्रणालीको स्थापना गर्नका लागि हामी सबैको पहल आवश्यक छ। यसो गर्न कुनै खास समयमा कुनै नियम-कानून र संरचना भत्काउनु परे तयार हुनुपर्छ। मानवीयताको बनेको/बनाइएको रक्षाका लागि, समान अधिकारको प्रत्याभूतिका लागि असमान र अमानवीय व्यवस्थाको अन्त्य गर्नु द्वन्द्व समायोजनको उपयुक्त उपाय हो।

द्वन्द्व सम्बन्धी केही प्रचलित शब्दावलीहरु

क. द्वन्द्व रोकथाम (Conflict Prevention) - घातक द्वन्द्वको जन्म हुन नपाउने अवस्था : समाजका सबै सदस्यहरूको गुनासो पोख्ने, सुन्ने र समाधान गर्ने व्यवस्था, समुदाय-समुदाय बीचमा हुनसक्ने भीडन्तको सम्भावनाको अन्त्य। सबै समुदायका सदस्यहरू शासन-प्रणालीमा सामेल हुने, रोजगारी र अन्य अवसरहरूमा विना भेदभाव/विना पक्षपात सहभागी हुन पाउने, कसैले कसैबाट डराउनुपर्ने, टाढिनु पर्ने र एक-आपसमा भीड्नु पर्ने अवस्था/सम्भावनाको अन्त्य।

- रोजगारीको सिर्जना
- श्रोत र अवसरको समान वितरण
- विरोध र प्रतिपक्षको कदर, आदि
- निश्पक्ष प्रहरी-प्रशासन

ख. द्वन्द्व व्यवस्थापन (Conflict Management) - भइरहेको द्वन्द्वको अवस्था घटाउने, सम्भावित द्वन्द्वको निराकरणका उपायहरू (जस्तो, क. अन्तर्गतका बुँदाहरू) खोज्ने, युद्धरत पक्षहरूबीच सहमतिको विन्दु खोज्न र शान्ति स्थापना गर्न पहल गर्ने, जनतालाई द्वन्द्वको बारेमा, यसका हानी-नोक्सानीका बारेमा बुझाउने र युद्धरत पक्षहरूबीचको शत्रुता घटाउन परिचालित गर्ने। व्यवस्थापनको लक्ष द्वन्द्वलाई बढ्न नदिनु र यसबाट भइरहेका नोक्सानी कम गर्दै समस्या समाधानको उपायतर्फ सबै शक्ति, संरचना र सोचको सञ्चार गर्ने।

ग. द्वन्द्व समायोजन (Conflict Resolution) - द्वन्द्व समायोजन द्वन्द्वको मूल कारण नै अन्त्य गर्ने प्रकृया हो। संविधानमा व्यवस्थित धार्मिक विभेदको अन्त्य, राजनीतिक-सामाजिक विभेदको अन्त्य, जाति-भाषा आदि सम्बन्धी जन-जातिको मागको पूर्ति, उदाहरणका लागि।

द्वन्द्व समायोजन युद्धरत पक्षहरूबीच बढ्दो शत्रुताको अन्त्य गरी नयाँ र अविच्छिन्न सम्बन्ध स्थापित गर्ने लक्ष्य राख्दछ। विभेदयुक्त र असमान राजनीतिक, सामाजिक र आर्थिक व्यवस्था र संरचनाको पूर्णतः अन्त्य ताकि कसैले पनि मन दुखाउनुपर्ने र अधिकारका लागि लड्नु पर्ने अवस्था नरहोस्।

घ. द्वन्द्व रुपान्तरण (Conflict Transformation) - द्वन्द्व रूपान्तरण द्वन्द्व व्यवस्थापनभन्दा पनि सघन, गहन र क्रान्तिकारी सामाजिक-आर्थिक-राजनीतिक व्यवस्था र संरचनाको परिवर्तन गर्ने अवधारणा हो। यो प्रकृया बहुपक्षीय र बहुआयामिक हुन्छ। समाजका सबै तह र तप्काका जनताहरू, सरकारी-गैरसरकारी निकायहरू यस प्रकृयामा सहभागी हुन्छन्, राष्ट्रिय, क्षेत्रीय र जनस्तरमा सघन रूपमा क्रान्तिकारी परिवर्तनका कार्यक्रमहरू सञ्चालित हुन्छन्।

शत्रुता, मारकाट र हिंसामा खर्च भइरहेको शक्ति र सोच सिर्जनशील काममा रूपान्तरण गर्नु यसको लक्ष्य हो। द्वन्द्व रूपान्तरण दीर्घकालीन योजना हो, यसका लागि हिजोसम्म परस्पर विरोधी समूहमा रही हानाहान गरिरहेका पक्षहरू आपसमा दीर्घकालीन मित्रता र सहकार्यको प्रतिवद्धता जाहेर गर्दछन्।

द्वन्द्व व्यवस्थापन र समायोजनपछि समाजमा अवस्थित विरोधाभासपूर्ण, अनमेल, असमान व्यवस्था तथा संरचनाहरूको अन्त्य द्वन्द्व (शोक) रूपान्तरण (शक्तिमा परिवर्तन) हो। यो समूल रूपमा राजनीतिक-सामाजिक परिवर्तन हो।

अनादिदेखि अवस्थित द्वन्द्व अन्त्यका लागि अन्तिम शान्तिपूर्ण क्रान्तिकारी परिवर्तन : राजा-रंक, शासक-शाषित, विजयी-पराजित सबै जनताका आन्दोलनमा सहभागी भई सबै प्रकारका भेदभाव र असमानताको अन्तका लागि मानवीय यात्रामा सामेल हुन्छन्।

सार :

राजनीतिक, सामाजिक र आर्थिक संरचना र तिनलाई सञ्चालन गर्ने नेतृत्व उदार, पारदर्शी र सक्षम हुनुपर्छ; पहिचानसँग गाँसिएका गुनासाहरूको उपचार हुनुपर्छ; असमान उत्पादन सम्बन्ध र वितरण प्रणालीलाई साथ दिने राजनीतिक व्यवस्था र सामाजिक-कानूनी संरचनाको पूर्ण अन्त हुनुपर्छ; द्वन्द्वलाई स्वाभाविक र नियमित प्रकृयाको रूपमा र विकासको आधारको रूपमा हेर्नु र आत्मसात गर्नुपर्छ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति सञ्चार सीप

कुन्दन अर्याल

- मानव संचार भनेको एक व्यक्तिबाट एक वा बढी व्यक्तिमा हुने सोच, विचार, भावना र व्यवहारको प्रशारण हो।
- कुनै सन्देश प्रशारण गरेर संचारद्वारा केही जवाफ वा असरको अपेक्षा गन्छि।
- संचार बहुतर्फी वा दुई तर्फी प्रक्रिया हो।

हामी कुनै व्यक्तिसंग कुराकानी गर्न सक्छौं, चिठ्ठी लेख्न सक्छौं, अन्तरवार्ता लिन वा दिन सक्छौं, कुनै चलचित्र हेर्न वा देखाउन सक्छौं, कुनै लेखौट वा पर्चा तयार गर्न सक्छौं, प्रदर्शनीको आयोजना गर्न सक्छौं, रेडियो वा टेलिभिजन कार्यक्रममा सहभागी बन्न सक्छौं। यसरी विभिन्न तरिकाले हामी संचार प्रक्रियामा भाग लिन सक्छौं। संक्षेपमा संचार भनेको दुई वा बढी व्यक्तिहरु बीच मौखिक, सचित्र वा लिखित रुपमा हुने मतको आदान प्रदान हो।

जहाँ सकृय सञ्चार विद्यमान हुन्छ, त्यहाँ विचारको आदान प्रदान, संवाद र आपसी समझदारीको वातावरण विकसित हुन्छ। मानवअधिकारको सम्बर्धन र संरक्षणका निम्ति आमसञ्चारका माध्यमहरूको उपयोग प्रभावकारी रूपमा गर्न सकिन्छ।

सञ्चार र मानवअधिकार बीचको अन्तरसम्बन्ध र मानवअधिकार अभियानको अग्रगतिका निम्ति सञ्चार प्रकृयालाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा छलफल गर्नु आवश्यक छ। मानवअधिकार वर्ष पुस्तकमा सूचना-संकलन र प्रस्तुति गर्न वा मानवअधिकारका सवालहरूलाई सञ्चार प्रकृयाद्वारा कसरी उजागर गर्ने भन्ने विषयमा पनि छलफल आवश्यक छ।

कम्युनिकेसन भन्ने शब्दको उत्पत्ति ल्याटिन शब्द कम्युनिकोबाट भएको हो। जसको अर्थ सन्देश सम्प्रेषण गर्नु मात्र होइन, सन्देशको साझेदारी वा आदान प्रदान गर्नु हुन्छ। कम्युनिकेसन सामाजिक प्रकृया हो, मानव-मानवबीचको सम्पर्क गराउने उपाय हो। कम्युनिकेसन बोलेर, लेखेर वा श्रव्य-दृश्यको माध्यमद्वारा गर्न सकिन्छ। कम्युनिकेसनको प्रकृया पूरा हुनका निम्ति सन्देशको प्रेषक-प्रापक हुनु आवश्यक पर्छ। ती दुई बीच आदान-प्रदान हुने कुरा नै सन्देश हो। सन्देश साझेदारी, कृया वा प्रतिकृयाका निम्ति प्रवाहित गरिन्छ।

मानिसका निम्ति सञ्चार घाम र पानी जत्तिकै नभइ नहुने कुरा हो। आदिम कालदेखि वा भाषाको आविष्कार हुनुभन्दा पहिलेदेखि मानव जाति कुनै न कुनै रूपको सञ्चारमा अभ्यस्त हुँदै आएको छ। सञ्चार यस्तो सर्वव्यापी प्रकृया हो, जसको अनुपस्थितिमा जीवित मानवको कल्पना गर्न सकिँदैन।

सञ्चारका प्रकारहरु

क) व्यक्तिमा हुने आन्तरिक सञ्चार
ख) व्यक्ति-व्यक्ति बीच हुने सञ्चार
ग) आमसञ्चार

आगोको ज्वाला नजिक पुग्दा हामी स्वतःस्फूर्त ढंगले पर हट्छौं। अथवा कतिपय बेला लड्न लाग्दा हामी सम्हालिन्छौं। व्यक्तिमा अन्तर्निहित आन्तरिक सञ्चारको प्रकृयाका कारण त्यस्तो हुन्छ।

दुई वा केही व्यक्तिहरू बीचको संवादमा त हामी दैनिक व्यवहारहरूमा कैयन् पटक संलग्न भइरहेका हुन्छौं। हरेक काम-व्यवहारका सन्दर्भमा हुने कुराकानी व्यक्ति-व्यक्ति बीचको संवादका उदाहरण हुन्।

तर कुनै माध्यमको सहायताले हामी असीमित समूदायलाई एकैचोटी सम्बोधन गर्न सक्छौं। सञ्चारको यही रूपलाई आमसञ्चार वा जनसञ्चार भन्ने गरिएको छ।

व्यक्तिमा हुने आन्तरिक सञ्चार र व्यक्ति-व्यक्ति बीचमा हुने सञ्चार अनौपचारिक हुन्छ। तर आमसञ्चार प्रायः औपचारिक हुन्छ।

आमसञ्चारका माध्यमहरु

क) पत्रपत्रिका
ख) रेडियो
ग) टेलिभिजन
घ) इन्टरनेट
ङ) सिनेमा आदि

सञ्चार प्रकृया पूरा हुन प्रेषक, प्रापक, माध्यम, सन्देश र प्रतिकृयाको एक चक्र पूरा हुनुपर्छ।



प्रभावकारी संचार प्रक्रिया

यसलाई Non- Linear Process of Communication भनिन्छ। यहाँ "उद्देश्य" भन्नाले प्रेषकले किन सन्देश प्रशारित/प्रवाहित गर्न चाहेको हो भन्ने प्रष्ट्याउने कुरा बुझिन्छ। संचारको प्रभावकारिता "उद्देश्य" को स्पष्टतामा निर्भर गर्दछ।

"अवस्था" भनेर कुन अवस्थामा प्रेषकले सन्देश प्राप्त गरेको छ भन्ने देखाउन खोजिएको हो। यदि कुनै गाउँ सुख्खा वा अनिकालले ग्रस्त भएको छ भने ऋण असुली सम्बन्धी कुराकानी वा छलफल गर्न चाहने बैंक अधिकृत वा निम्ति संचार वातावरण हानिकारक र असुहाउँदो हुन्छ। ठीक र उपयुक्त समयमा उपयुक्त सन्देश प्रवाहित गर्न सके मात्र प्रापकले प्रभावकारी रुपमा ग्रहण गर्न सक्छ। नयाँ नयाँ जानकारी वा सूचनाका निम्ति हरेक क्षण उपयुक्त हुन्छ।

मानवअकिार वर्ष पुस्तक मानवअधिकारका सवालहरूलाई आम जानकारीमा ल्याउने माध्यम हो। यो मानवअधिकारको क्षेत्रमा आमसञ्चारको माध्यम हो।

सूचना संकलन र प्रस्तुतिका वैज्ञानिक विधिहरूको प्रयोग गरी मानवअधिकार र सामाजिक न्यायमूखी लेखनलाई प्रभावकारी र परिणाममूखी बनाउन सकिन्छ।

आजको युगमा सूचनालाई शक्ति मान्ने गरिएको छ। यो शक्तिलाई शान्तिपूर्ण र सुखमय समाजको स्थापनाका निम्ति प्रयोग गरिनु पर्छ भन्ने कुरामा पनि कमसेकम सैद्धान्तिक रुपमा सहमति रहेको पाइन्छ। प्रजातन्त्रमा सुसूचित समाजको परिकल्पना गरिएको हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ मा त्यही परिकल्पना गरेर धारा १६ मा सूचनाको हक सम्बन्धी व्यवस्था गरिएको छ।

राष्ट्रिय कार्यसूचीमा मानवअधिकारलाई प्राथमिकता दिलाउन र यस सम्बन्धी सार्वजनिक छलफल वा वहसलाई अझ द्रुत बनाउन सूचनाको ज्यादै महत्व छ। मानवअधिकार सम्बन्धी सूचनाको प्रवाहले राजनीतिक पारदर्शिता र जिम्मेवारी पनाको विकास गर्न मद्दत पुऱ्याउछ। त्यसै कारण मानवअधिकार सम्बन्धी सवालहरुका विषयमा जनतालाई सुसूचित गर्दा यस दिशमा उपलब्धि हुन सक्छ-

(क) जनसमुदायको सशक्तिकरण
(ख) सुशासन

सञ्चारका चार वटा काम

सूचना (To inform)

मनोरञ्जन शिक्षा
(To entertain) (To educate)

अभिप्रेरणा
(To Persuade)

मानवअधिकार सम्बन्धी सूचनाहरुको संकलन, सम्प्रेषण र प्रस्तुति गरेर हामीले के के गरिरहेका छौं भन्ने कुरा स्पष्ट छ कि छैन ?

त्यही कुरालाई यसरी पनि भन्न सकिन्छ

निगरानी : वरिपरिको सम्पूर्ण परिवेशको निगरानी गरी समाचार बन्न लायक कुराहरूलाई समेट्न प्रेस सधैं चनाखो अवस्थामा रहन्छ।

समन्वय : वरिपरिको परिवेशका सूचनाको विश्लेषण गरी सम्पादकीय धारणद्वारा जनताले कुनै घटना विशेषप्रति कस्तो दृष्टिकोण बनाउनु पर्छ भन्ने बताउन प्रेस सधैं अग्रसर रहन्छ।

संस्कृतिको संक्रमण : आमजनतालाई सूचना, सामाजिक मूल्य र मान्यताका बारेमा अवगत गराई फरक पुस्ताका फरक कालखण्डबीचको सेतूको काम पनि प्रेसले गर्दछ।

मनोरञ्जन : मानवीय समाजलाई सहज रूपमा मनोरञ्जन प्रदान गर्ने काम पनि प्रेसले गर्दछ।

वेलायतको द टाइम्सका एकजना पूर्व सम्पादक हेराल्ड इभन्सको एउटा भनाइ निकै चर्चित छ, जनता नै समाचार हो। पत्रकारहरू आफ्नो व्यवसायको वृद्धि गर्न मानवीय चासो र मानवीय रूचीका कुराहरूलाई नै प्रस्तुत गर्न चाहन्छन्।

समाचार सम्बन्धी डेवीड वाइनराइटको जर्नालिज्म मेड सिम्पलमा समाचारका सम्बन्धमा यस्तो परिभाषा प्रस्तुत गरिएको छ- "पत्रकारिता सूचना हो। यो सञ्चार हो। सधैं नयाँ कुरा जान्न उत्सुक रहने मानवको जिज्ञासु स्वभावलाई सञ्चारका सयन्त्रद्वारा परिमार्जन गरी केही शब्द, ध्वनी वा तस्वीरमा संश्लेषण गरिएका दिनभरीका घटनाहरूको प्रस्तुति नै पत्रकारिता हो।"

हामी मानवअधिकार कार्यकर्ताहरूले मानवअधिकारसम्बन्धी सूचना संकलनका क्रममा समाचारको यस्तो परिभाषालाई मानवअधिकार र सामाजिक न्यायको प्राप्तिका दिशामा कसरी पुनर्संयोजित गर्न सकिएला त?

सूचनाका प्रकारहरु

पत्रकारितमा समाचार मूलतः दुई प्रकारका हुन्छन्। मानवअधिकार सम्बन्धी सूचना सामग्रीलाई पनि त्यसैगरी विभाजित गर्न सकिन्छ ।

(क) घटनाप्रधान (Hard News)
(ख) प्रकृयाप्रधान (Soft News)

पत्रकारितामा भन्ने गरिएको छ

समाचार आममानिससँग सम्बन्धित वा आम मानिसको रूची वा चासो अनुकूलको हुनुपर्छ।
North
East
West
South
माथि उल्लेखित प्रत्येक शब्दको पहिलो अक्षरलाई एकै ठाउँमा राख्दा न्यूज (NEWS) भन्ने शब्द बन्छ। अर्थात् चारैदिशाबाट आउने नयाँ-नयाँ सूचनाहरू समाचार हुन्।

घटनाप्रधान समाचारमा को, के, कहिले, कहाँ, किन र कसरी जस्ता प्रश्नको उत्तर खोज्दै सूचना प्रस्तुत गरियो भने बढीभन्दा बढी तथ्यहरू छुट्न पाउँदैनन्।

Who
What

When
Where
Why
How

नेपालीमा यसलाई "६ क" भनेर सम्झिन सकिन्छ ।

पत्रकारितामा समाचारका आधारभूत तत्वहरुलाई यसरी उल्लेख गरिएको छ

A
B
C
S

अर्थात्

Accurate - तथ्यपूर्ण वा सत्यको सकेसम्म निकट
Balanced - सन्तुलित
Credible - विश्वसनीय
Simple - सरल

आमसञ्चारका कुनै माध्यमद्वारा आफ्नो सन्देशको सम्प्रेषण गर्ने प्रकृया कति प्रभावकारी छ, हामी सबैले देख्वेकै छौं।

News

N- Newsworthiness (इन्ट्रोमा सबभन्दा महत्वपूर्ण र चाखलाग्दो जानकारी छ कि छैन ?)
W- Five Ws or One H
S- Sources of Information (आवश्यक स्रोतहरुको उल्लेख गरिएको छ कि छैन ?)

समाचार पस्किने उल्टो पीरामीड शैली पत्रकारितामा चर्चित छ । महत्वपूर्ण जानकारीहरुलाई सकेसम्म शुरुमै प्रस्तुत गर्ने यस्तो शैलीलाई यसरी बुझन सकिन्छ ।



उल्लेखित ढाँचामा बनाइएको समाचारको एउटा उदाहरण हेरौं ।

बीस जना बालश्रमिकको उध्दार

काठमाडौं, फागुन १७ गतें। गलैंचाको धागो कात्ने काममा नाबालकहरूको समेत शोषण भइरहेको जानकारी पाएपछि माइती नेपाल र गौशाला प्रहरीद्वारा संयुक्त रूपमा एउटा धागो कारखानामा छापा मार्दा २० भन्दा बढी बालश्रमिकहरूलाई काम गरिरहेकै अवस्थामा रामहिटी बौद्धबाट बरामद गरिएको छ।

यसरी मुक्त गरिएका अधिकांश बालबालिका सातदेखि चौध वर्षसम्मका छन्। अधिकांश बालबालिकाहरू सिन्धुपाल्चोक जिल्लाको सांगा चोक, जलवरि र चौतारामा छन्।

उक्त कारखानामा दुईवर्ष भन्दा अघिदेखि काम गरिरहेका यी बालबालिकाहरूको स्वास्थ्यस्थिति दयनीय छ। प्रायः सबैका हात चरचरी फुटेको देखिन्छ।

कुमार थापा नाम भएका एक व्यक्तिद्वारा संचालित "कुमार कार्पेट प्रा.लि." बाट यी बालश्रमिक बरामद भएका हुन्।

सिन्धुपाल्चोकबाट नोम्गोल लामा, काजी तामाङ, मानकुमार तामाङ, दिबहादुर माझी आदि व्यक्तिहरूले काठमाडौंका विभिन्न उद्योगहरूमा बालबालिकाहरू ल्याउने गरेको कुरा उद्योगका मालिक बताउछन्।

बच्चाहरू ल्याउदा ती सम्बन्धित बालबालिकाहरूका अभिभावकलाई पाँच सयदेखि पाँच हजार रूपैयासम्म पेश्की दिएर ल्याउने गर्दछन्। धागो कात्ने लगायतका उद्योगमा काम गर्ने यस्ता बालबालिकाहरूको "ज्याला" पनि तिनै ठेकेदारहरूले बुझ्ने गर्दछन्। धागो कात्ने उद्यमीका छोरा नरेन्द्र थापाले कान्तिपुरलाई बताए।

बालबालिका र तिनका अभिभावकहरूलाई उद्योगमा काम गरेबापत ज्याला कति पाइन्छ भन्ने बारे केही जानकारी हुँदैन। ठेकेदारले जति पैसा दिन्छ त्यति पैसा अभिभावकहरूले थप्ने गर्दछन्। कतिपय अभिभावकहरूलाई त वर्षैसम्म आफ्ना छोराछोरी कहाँ छन् भन्ने समेत थाहा हुँदैन।

प्रायः सबै बालबालिकाहरूले बिहान ६ बजेदेखि राति ११/१२ बजेसम्म काम गर्ने गरेको कुरा यस सम्वाददातालाई बताए।

उक्त उद्योगका मालिक थापाका अनुसार "बालबालिकाहरूलाई काममा लगाएको छ कि छैन करीब २ वर्षअघि सेतो नम्बर प्लेट भएका सरकारी मोटर चढेर ४/५ जना मान्छेहरू कारखाना निरीक्षण गर्न आएका थिए। १/२ घण्टा बसी चियास्वाजा खाएर गए। त्यतिखेर पनि हामी कहाँ यस्ता कामदार थिए, तर हामीलाई कसैले केही भनेनन्।"

बालबालिकाहरूमाथिको शोषण रोक्न र त्यस्तो निरीक्षण गर्न श्रम मन्त्रालयले "निरीक्षक अधिकृत" हरू राखेको छ, तर त्यस्ता निरीक्षकहरू कहाँ गएर के गर्छन्, कसैलाई थाहा छैन, माइती नेपालका अध्यक्ष अनुराधा कोइरालाले कान्तिपुरलाई बताउनु भयो।

हाल मुक्त गरिएका सबै बालबालिकाहरू माइती नेपालको गौशालास्थित कार्यालयमा राखिएका छन्।

गौशाला वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुबोध घिमिरेले बालबालिकाको श्रम शोषण गर्ने एवं बालबालिकाहरूलाई उक्त उद्योगमा ल्याउने सबैलाई कानुनी कार्वाही गरिने बताउनु भयो।

कान्तिपुर, १८ फागुन २०५४

तथ्यको संकलन र प्रस्तुति

मानवअधिकार वर्ष पुस्तकका निम्ति के-कस्ता सूचना उल्लेखनीय हुन्छन्? यस विषयमा हामीले अघिल्ला समयमा छलफल गरिसकेका छौं। यहाँ मानवअधिकार वर्ष पुस्तकका लागि वा मानवअधिकार अभियानलाई बल पुऱ्याउने सूचना सामग्रीको संकलन, सम्प्रेषण कसरी प्रभावकारी रूपमा गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिँदैछ।

रिपोर्टिङ कुनै पनि प्रकारको सूचनाको संकलन र सम्प्रेषणको आधारभूत सीप हो। तथ्यको प्राप्ति नै रिपोर्टिङको अभिष्ट हो। कुशल रिपोर्टिङबाट प्राप्त अनेक तथ्यहरूमध्ये उपयुक्त वा आवश्यकलाई छानेर प्रस्तुत गर्ने कला र सीपको आवश्यकता पर्दछ। रिपोर्टिङका निम्ति टेबल वा कोठामा बसेर पुग्दैन, यसका निम्ति स्थलगत जानकारी हुनैपर्छ।

पत्रकारितामा रिपोर्टिङलाई जगको काम मान्ने गरिएको छ। किनकी रिपोर्टिङ राम्रो वा नराम्रो हुँदा पत्रिकाको छवि राम्रो वा नराम्रो हुन सक्दछ। हामीले मानवअधिकार अभियानसँग सम्बद्ध सूचनाका सम्बन्धमा पनि यो कुरामा महत्व दिनु पर्दछ।

रिपोर्टिङ किन गर्ने ?

- तथ्यमूलक सूचनाका निम्ति।

सूचना संकलन वा रिपोर्टिका निम्ति अन्तरवार्ता वा कुराकानी निम्ति आवश्यक हुन्छ। याद गर्नोस्, तपाई कोसंग कुराकानी गर्न जाँदै हुनुहुन्छ, त्यो मानिस सहज र सहयोगी नहुन पनि सक्छ। त्यो व्यक्ति-

- उत्सुक /उत्साही /इच्छुक
- उदासिन /त्रसित
- ठाँट /धुर्त /चालवाज

पनि हुन सक्छ। आफू धेरै नबोल्नोस्। धेरै सुन्नुस्। र होशियारी साथ विनम्रतापूर्वक त्यस व्यक्तिबाट सकेसम्म बढी तथ्य खोतल्नोस्।

सूचना संकलनका तीन आयाम

(क) सूचनाको खोजी (Getting to the news)
(ख) सूचनाको पहिचान (Recognising the news)
(ग) भित्री तथ्यको खोजी (Digging out the news)

सूचना संकलनका तीन उपाय

(क) प्रत्यक्ष अवलोकन (Direct observation)
(ख) अन्तरवार्ता, भेटवार्ता, भाषण, छलफल, गोष्ठी, प्रवचन, पत्रकार सम्मेलन जस्ता मानव स्रोत (Human Source)
(ग) प्रतिवेदन, वक्तव्य, अभिलेख आदि (Reports, Press release, Records etc.)

"विज्ञप्ति, सम्मेलन, अवलोकन र भेट वा सोधपुछ" सबै कुरामा सक्रिय रहनु आवश्यक छ।

सूचना सम्प्रेषण

(क) भाषा शैली- सरल र आकर्षक, छोटो वाक्य
(ख) तथ्यहरुको सिलसिलाबद्ध प्रस्तुति

संकलित सूचनालाई अक्षरमा कसरी उतार्ने ?

सबभन्दा पहिले लीड वा इण्ट्रो तयार गर्नु पर्छ। सूचनाको पहिलो अनुच्छेद सरल र आकर्षक हुनुपर्छ। यसका निम्ति लिडमा २५ देखि ३० शब्द मात्र समेट्नु पर्छ भन्ने गरिएको हो।

"६ क" का सबै जवाफ लीडमै अटाउनु पर्छ भन्ने मायता बढी प्रचलित छ। जसलार्य सारांश लिड भन्ने गरिन्छ। तर त्यसो गर्दा वाक्य छोटो बनाउन सकिदैन। र लेखन क्लिष्ट र अस्पष्ट हुन्छ भनेर अन्य किसिमका लीडहरु लेख्ने गरिएको छ।

उदाहरणका निम्ति :

- प्रश्नवाचक प्रारम्भ (Question Into)
- उद्दरण प्रारम्भ (Quotation Into)
- वर्णन (Description)
- कानुन (Stacatto)
- सांकेतिक (Figurative)
- टड्कारो (Bullet)
- संवाद (Doalogue)

- असामान्य (Odd)
- व्यक्तित्व (Personality)

संक्षिप्तमा समाचारका आधारमा दुई किसिमका लीड वा इन्ट्रो लेख्न सकिन्छ।

(क) प्रत्यक्ष प्रारम्भ (Direct Lead)
(ख) अप्रत्यक्ष प्रारम्भ (Delayed Lead)

प्रत्यक्ष प्रारम्भमा "छ क" का अधिकांश उत्तर समावेश गरिएका हुन्छन्। तर अप्रत्यक्ष प्रारम्भमा जति पढ्दै गयो उति जानकारी हात लाग्दै जान्छ।

अन्तरवार्ता सूचना संकलनको आधारभूत तत्व हो । अन्तरवार्ता र स्थलगत आँकलनका आधारमा हामी सूचनालाई स्वँदिलो र विश्वसनीय बनाउँदछौं।

अभ्यास

यहाँ प्रस्तुत जानकारी र प्रश्नोत्तरका आधारमा एउटा सूचना सामग्री बनाउनु होस ।

कालिका खत्री- जगातिपुर गाविस, कुदु गाउँ
८ वर्षीय र ११ वर्षीय २ छोरा साथै ५ वर्षीय १ छोरीकी आमा

पतिलाई माओवादीले आफ्नै गाउँमा गोली हानी मारेपछि विधवा हुन पुगेकी कालिका खत्री काजक्रिया सकेको भोलिपल्टैदेखि सेतो पहिरनमा जिल्ला प्रशासन कायालय जाजरकोट धाइरहेकी छिन्। माओवादी पीडित भत्ता पाउने आकांक्षाले उनी आफ्नो दुःखेको मुटुको घाउलाई छोपेर गुजाराको लागि कार्यालय धाउन आउन पर्दा आफूलाई झनै पीडित महसुस गर्छिन्। यसै प्रसंगमा प्रस्तुत छ कालिकासितको कुराकानी :

प्रश्न : सेतो लुगा किन ?
उत्तर : मालिकलार्य मारे पछि क्या गर्ने त ।
प्रश्न : कस्ले माऱ्यो ?
उत्तर : माओवादीले।
प्रश्न : कहिले ?
उत्तर : २०५७ साल माघ १३ गते, ९/१० बजे राति। उहाँ खलंगाबाट गयो। खाना पाक्दैछ भनी सोध्यो। पाक्दैछ भनी जवाफ दिएपछि गाउँ गया। गाउँमा नै काल भयो भनौन। गाउँमा माऱ्या छन्। गाउँलेले खबर दियो सासु र म गयौं। छातीबाट गोली लागेर फोक्सो निस्केको देखियो।
प्रश्न : अस्पताल ल्याउनु भएन ?
उत्तर : अस्पताल ल्याएनन्। प्रहरी गाउँ गई जाँचबुझ गरी जलाएको हो।
प्रश्न : श्रीमानको नाम ?
उत्तर : मानबहादुर खत्री।
प्रश्न : के गर्नु हुन्थ्यो ?
उत्तर : गाविस उपाध्यक्ष।
प्रश्न : सदरमुकाममा बस्नु हुन्थ्यो ?
उत्तर : उहाँ अन्त कतै बस्नुहुन्थ्यो। गाउँ बस्नुहुन्नथ्यो। पछि माओवादीले गाउँ फिर्नुस् भनी खबर पठाएपछि घर बस्न थालेको, आएको त २ महिना पनि भएको थिएन।
प्रश्न : सरकारले के दिएको छ ?
उत्तर : अहिले सरकारले केही दिएको छैन। ३ पटक भयो गएको, जहिले पनि हुन्छ भन्छन् तर दिदैनन्। दिन चाहि १ लाख ५० हजार रुपैया दिने भनेका छन्।
प्रश्न : माओवादीले के आरोपमा तपाईको श्रीमानको हत्या गरे ?
उत्तर : खै के आरोप लगाएका छन् था छैनन्।
प्रश्न : माओवादीदेखि कस्तो लाग्छ ?
उत्तर : उनीहरु त दुष्मन भै गए नी। आफ्नो नराम्रो गरेपछि अरु जेसुकै गरे पनि के मतलब।
प्रश्न : रिसइवी केही थिएन ?

उत्तर : अरु रिसइवी त केही पनि थिएन। कांग्रेसको उपाध्यक्ष भएकोले त होला मारेको। पहिले पनि उनीहरुले भरीमा फालेका थिए। भेरीबाट भागेर राजधानी गएर बस्नु भएको थियो।

प्रश्न : बालबच्चा पाल्न अहिले कस्तो छ ?

उत्तर : श्रीमान मरेपछि अब ती स-साना लालाबाला कसरी पढाउने ? अति गाह्रो भो। खेतीपाति कसरी गर्ने हो ? क्या गर्ने थाहा छैन। पहिले चौर जहारी घर थियो। त्यही घर धितो राखेर काठमाडौं र नेपालगञ्जमा बसेर खानुभयो।

प्रश्न : तपाईलाई यत्रो जीवन कसरी बिताउछु जस्तो लागेको छ ?

उत्तर : जसरी पनि बिताउनै पर्‍यो नि नबिताइ नहुने भए पछि।

(शोभा गौतमद्वारा सम्पादित "जनयुध्दको सेरोफेरोभित्र महिला र बालबालिका" बाट)

तथ्यमूलक वा राम्रो सूचना कस्तो हुन्छ त ?

कुनै घटना वा तथ्यहरूको पुलिन्दा कुन अवस्थामा उल्लेखनीय सूचना बन्छ त?
-प्रष्टै छ, पाठक वा स्रोताहरूले प्रस्तुतिमा केही नयाँ कुरा वा नयाँपन पाउनु पर्छ। त्यस्तो अवस्थामा सूचना प्रभावकारी बन्न पुग्छ। नयाँ-नौलोपनालाई सूचनाको आधारभूत विशेषताका रूपमा लिइन्छ। घटना पुरानै भए पनि त्यससम्बन्धी सूचना नयाँ छ भने अद्यावधिक समाचार/सूचना तयार हुन सक्छ। त्यसरी पुरानो घटनाको नौलो जानकारी वा त्यस घटना सम्बन्धी नयाँ प्रश्न उठ्दा नौलो सामाग्री तयार गर्ने आवश्यक कार्यलाई अनुगमन (Follow-up) भन्ने गरिन्छ। मानवअधिकारको क्षेत्रमा Follow-up को कार्य निकै महत्वपूर्ण मानिन्छ।

पत्रकारितामा भन्ने गरिएको छ : सबै पत्रपत्रिकाले नछापेको वा अन्यत्र कतै नआएको भए पनि कुनै एउटा आमसञ्चारको माध्यमले मात्र आफ्नो क्षमता दर्शाउँदै प्रस्तुत गरेको अत्यन्त महत्वपूर्ण वा अति नौलो समाचारलाई स्कूप समाचार भनिन्छ। स्कूप समाचार सधैं प्राप्त नहुन सक्छ।

कुनै घटनाको सर्वप्रथम जानकारी दिने होड आजभोलिका टेलिभिजन च्यानलहरूमा मज्जाले देख्न सकिन्छ। अन्य समाचार प्रशारण भइरहेको अवस्थामा पनि अत्यन्त नयाँ घटनालाई महत्वका साथ ब्रेकिङ् समाचार भनेर प्रस्तुत गर्ने गरिएको पाइन्छ।

सूचनाको प्रस्तुतिमा घटनाप्रधान र प्रकृयाप्रधान शैली

नागरिक तथा राजनीतिक अधिकारहरूको उल्लंघनसम्बन्धी समाचारलाई हामी घटनाप्रधान ढंगले प्रस्तुत गर्न सक्छौं। तत्काल समाचार मूल्य आँकलन गर्न सकिने त्यस्ता लाठीचार्ज, गोलीकाण्ड वा गिरफ्तारीसम्बन्धी समाचारलाई हामी आमसञ्चारका माध्यमहरूमा बढी छाएको पाउँछौं।

सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारहरूको उल्लंघनसम्बन्धी सूचनाहरूको संकलन र प्रस्तुतिका निम्ति प्रकृयाप्रधान शैलीको प्रयोग गर्नु आवश्यक हुन्छ।

प्रकृयाप्रधान सूचनाको प्रस्तुति गर्न जानिसकेपछि हामी फिचरमा पनि हात हाल्न सक्छौं। साहित्यको निबन्ध झैं आमसञ्चारको क्षेत्रमा फिचरको दायरा निकै फराकिलो छ। फिचरमा सूचना वा तथ्यांक विस्तारपूर्वक राख्न सकिने मात्र होइन, त्यसको मानवीय पक्ष वा मानवीय रूचि जगाउने किसिमले पनि तथ्यको प्रस्तुति गर्न सकिन्छ।आजभोलि पत्रपत्रिकामा महिला तथा बालबालिका सम्बन्धी सवालहरूलाई पनि महत्व दिने गरिएको पाइन्छ । तर यस्ता विषयहरू प्रायः प्रकृया प्रधान सामग्रीहरूमा समेटिएका हुन्छन ।

Running story or fellow up news

प्रकाशित समाचारसम्बन्धी नयाँ नयाँ तथ्यहरु वा समाचारलाई नयाँ मोड प्रदान गर्न सक्ने सूचनाहरु Running story मा समेटिन्छन्। पहिले समाचारमा आइसकेका जानकारीको थप विकासक्रम सम्बन्धी सामग्री धेरै पछिसम्म प्रकाशित हुने गरेको हामीले देखि आएका छौं।

यस प्रकारको समाचारको एउटा उदाहरण यस्तो हुन सक्छ

दिनेश शर्मा कहाँ पुगे ?

काठमाडौं। प्रहरीले एक वर्ष अघि मंसिरमा रानीवनस्थित एक घरमा बन्दूक पड्केको सामान्य घटनाको छानवीन गर्दै थियो, अचानक असामान्य "उपलब्धी" हाल लाग्यो। सो घटनाको छानवीन गर्ने क्रममा भूमिगत माओवादी नेता क. प्रमोद अर्थात् दिनेश शर्मा फेला परे। त्यसपछि लगातार ११ महिनासम्म गोप्य कदैमा राखेपछि वार्ताको निम्ति नेकपा माओवादीले राखेको पूर्वशर्त पूरा गर्ने क्रममा उनलाई सरकारले तब छाड्यो (१८ कार्तिक २०५७), जब उनले 'आस्था परिवर्तन गरेको' वक्तव्य दिए।

माओवादी पार्टीका वैकल्पिक पोलिटब्यूरो सदस्य दिनेश शर्माले त्यसको तीन घण्टापछि वक्तव्य निकाले, जसमा अघिल्लो वक्तव्यको पूरै खण्डन गरिएको थियो। एक माओवादी सूत्रका अनुसार, शर्माले छुट्ने वित्तिकै आफ्ना सहकर्मी नेता रविन्द्र श्रेष्ठसंग भेट गर्न चाहेका थिए तर श्रेष्ठ भेट्न मानेनन्। तर पछि, पार्टीसंग सम्पर्क कायम भएपछि २१ कार्तिकमा उनी राजधानीबाट अज्ञातस्थलतर्फ गएको सम्बद्ध सूत्र बताउछ।

दिनेश शर्मा रिहा भएका थिए कि पलायन ? यो प्रश्न अद्यापि अनुत्तरित छ। माओवादीले वार्ताका निम्ति राखेका तीन बुँदे पूर्व शर्तहरुमा शर्माको रिहाइ मुख्य मुद्दा थियो। तर वार्तालाई नै प्रभावित पार्ने ढंगको रिहाइ प्रक्रिया पअनाउन सरकारभित्र कसले प्रेरित गऱ्यो भन्ने कुरा प्रष्ट छैन। यदि दिनेशले प्रहरीको दबाबमा जबर्जस्ती वक्तव्य दिनु परेको थियो भने उनले पत्रकारहरुकै सामु त्यसको भण्डाफोर गर्न सक्थे। वक्तव्य प्रायोजित भए पनि उनले पत्रकारहरुलाई त्यही अनुरुप व्याख्या सहितको जवाफ दिन जरुरी पनि थिएन। माओवादी पार्टीका पोलिटब्यूरो सदस्य क. गौरवका अनुसार, "दिनेश शर्माले उक्त पत्रकार सम्मेलनमा जे भन्नुभयो, त्यसबारे पार्टीले गम्भीर छानवीन पछि निर्णय गर्नेछ।" शर्मालाई पार्टीले स्वीकारे पनि कुनै किसिमको कार्वाही गर्न सक्ने वा "लो प्रोफाइल" मा राख्ने अनुमान जानकार व्यक्तिहरुको छ।

मुद्दा नै नचलाइकन महिनौंदेखि एकान्तवासमा राखिएका शर्माले जसरी भए पनि प्रहरी पंजाबाट मुक्त हुने सोचाइ बनाएर सरकारद्वारा आयोजित पत्रकार सम्मेलनमा प्रायोजित वक्तव्य दिएका हुन सक्छन्। उनलाई आफू प्रस्तावित वार्ताको एउटा महत्वपूर्ण कडी बनिसकेको थाहा नहुन पनि सक्छ। तर माओवादीहरुले कांग्रेसको उच्च राजनीतिक तहबाटै शर्मालाई ककनीमा राखिएको कुरा थाहा पाइसकेको तथ्यले एउटा प्रश्न जन्माउछ, कतै कुनै मेसेन्जर मार्फत् उनी पार्टीको सम्पर्कमा त थिएनन् ?

काभ्रे घर भएका दिनेश शर्मा होटल मजदुरबाट राजनीतिमा प्रवेश गरेका थिए, र, पछि ट्रेड युनियन महासंघको अध्यक्ष हुँदै माओवादी पार्टीको नेतृत्व तहमा पुगेका थिए। उनी नाताले क. आलोकका भिनाजु हुन्। आलोक अर्थात् यानप्रसाद गौतम, जो पोहोर माओवादीको पालिटब्यूरो सदस्य रहँदै कार्वाहीमा परेर पार्टीको कैदमा रहेका छन्। उनीमाथि छापामार रमेश ढुंगेललाई अनाहकमा मृत्युदण्ड दिएको अभियोग लगाइएको थियो। आलोकले भने दिनानाथ गौतमलाई पक्राएको आरोपमा रमेशको हत्या गराएका थिए। दिनानाथ गौतम तिनै व्यक्ति हुन्, जसलाई प्रहरीले निदेश शर्मासंग मुक्त गऱ्यो।

(हिमाल पाक्षिक १ १५ मंसीर ०५७)

अभ्यास

जुम्ला जिल्ला गर्ज्याङकोट गाविसबाट ०५८ कार्तिक १५ गते साँझ जुम्ला जिल्ला विकास समितिका सभापति तिर्थबहादुर बुढा, पूर्व सांसद तथा नेकपा एमाले कर्णाली अंचल कमिटीका सचिव डिल्लीबहादुर महत, गर्ज्याङकोट गाविस अध्यक्ष गोविन्द अधिकारी र जिविस सदस्य धिरेन्द्र गिरीलाई नेकपा माओवादीका सशस्त्र कार्यकर्ताहरुले अपहरण गरे। ***अपहरित व्यक्तिहरुलाई ०५८ कार्तिक १६ बिहान ४ बजेतिर स्थानीय तातोपानीमा देखिएको कुरा स्थानीय बासिन्दाहरुले बताएका छन् ।*** *त्यस अतिरिक्त अपहरित व्यक्तिहरुको अवस्थाबारे कुनै थप जानकारी प्राप्त भएको छैन।*

अपहरित मानिसहरुको अवस्थाको खोजी गरी विभिन्न व्यक्तिहरुको भनाइ समेत उधृत गर्दै एउटा सूचना सामग्री तयार गर्नुहोस्।

Breaking news

आफ्नो माध्यमबाट मात्र प्रस्तुत गरिएको नया जानकारी स्कूप समाचार वा ब्रेकिङ्ग न्यूज कहलाउन सक्छ। मानवअधिकार वर्ष पुस्तकका प्रतिनिधिहरुले तत्काल घटना सूचना निस्कन सक्ने सूचनालाई त्यही कोटीमा राखी सम्प्रेषण गर्नु पर्छ।

मानवअधिकार र सामाजिक न्यायको अभियानलाई प्रभावकारी बनाउने आवश्यक वा मानवअधिकार हननलाई उजागर गर्ने उद्देश्यका साथ सूचनाको संकलन गर्दा ख्याल गर्नुपर्ने श्रोतहरू के-के हुन सक्छन?
(छलफल अभ्यास)

वर्ष पुस्तकका जिल्ला प्रतिनिधीहरुका निम्ति संभावित सूचना श्रोतहरु

क. जिल्ला प्रशासन कार्यालय
ख. अदालत
ग. कारागार
घ. जुलुस-आमसभा आदि।

A good informer is : (वर्ष पुस्तकका कुशल प्रतिनिधि कस्तो हुनुपर्छ ?)

- interested in people (जनताप्रति चासो वा सरोकार दर्शाउने)
- Inquisitive by nature (जिज्ञासु)
- A skilled communicator (दक्ष सम्प्रेषक)
- Able to work to deadline (तोकिएको समयभित्र छिटो छरितो ढंगले काम गर्न सक्ने)

ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक मौलिक ज्ञानको कमी हुन गयो भने मानवअधिकार सम्बन्धी तथ्यगत सूचना संकलन गर्न सकिदैन। त्यही कारण समाजका मानवअधिकार सम्बन्धी समस्याको पहिचान गर्न पनि गाह्रो हुन्छ।

नर्बिसनोस् : एक पल्ट लेखिसकेपछि कुनै पनि सामग्री आफैले दोहोऱ्याएर पढ्नु पर्छ। सरल लेखनका निमित लिड बाहेकका अन्य पंक्तिमा १३/१४ शब्दको वाक्य उपयुक्त मानिन्छ। त्यस्तै ३४ वाक्यको एक अनुच्छेद बनाएर दाया वाया खाली ठाउँ छोडी खुकुलोसंग लेख्ने वानी बसाल्नु राम्रो हुन्छ।

फिचर (Feature)

साहित्यमा निवन्धको जस्तै पत्रकारितामा फिचरको फराकिलो स्थान छ। फिचरका प्रकार अनेक हुन सक्छन्। के के हुन सक्लान् त ?

अभ्यास वा छलफल

मूलतः लेखनका हिसावले हामी फिचरलाई दुई वर्गमा विभाजित गर्न सक्छौं।

(क) मानवीय रुचीलाई हुने किसिमका (The human interest type, the purpose of which is to appeal to your emotions joy, griet, fear, love hate etc)
(ख) सूचनामूलक (The information type, the purpose of which is to instruct or inform)
आजकाल पत्रकारितामा मानवीय चासो, संवेदना र भावनालाई सम्बोधन गर्ने र सूचनामुलक दुवै शैलीको समिश्रण गरी तयार पारिएका फिचरहरु देखिने गरेका छन्।
मानवअधिकारका सवालहरुलाई सम्वोधन गर्दै दुवै किसिमका वा मिश्रित फिचरहरु प्रभावकारी रुपमा लेख्न सकिन्छ।

फिचर लेख्दा के के मा ध्यान पुयाउनु पर्छ ?

क. समाचारका तत्वहरू
ख. A B C S

ग. P A S I F I C

घ. Intro
Body
Message

P A S I F I C भनेको के हो ?

(क) Purpose- Is there an overall purpose ? म यी पंक्तिहरु किन लेखी रहेको छु? म यति लेखी सकेपछि के होस भन्ने चाहन्छु? कस्तो परिणामको अपेक्षा राख्दछु ?

(ख) Audience- Is there an audience in mind? म कसलाई वा कुन समूदाय वा वर्गलाई मनमा राखेर लेखी रहेको छु?

(ग) Content- Can I develp enough suitable content ? मैले सुहाउँदो विषयको उठान गरेको छु त ?

(घ) Idea (Have I got a god idea ? म वास्तवमा के भन्न खोज्दैछु भन्ने मलाई थाहा छ ?

(ङ) Form (Does the form or structure match the content ? विषयवस्तु र संरचनामा संगति छ त ?

(च) Individual Contribution- Is there an individual contribution to the subject ?

केही मौकिलता। केही कुरा जो म मात्र प्रस्तुत गर्न सक्छु- केही विशेष ज्ञान वा अनुभव अगाडि सारिएको छ ?

फिचर गहिराईसम्म जान्छ। फिचरमा नया नया शैली भित्र्याउन सकिन्छ। फिचरमा भाषाले शब्दको माध्यमबाट विवरणलाई जीवन्त बनाउछ।

- फिचर विस्तारपूर्वक लेख्न सकिन्छ।
- फिचरमा निश्चित सीमा हुँदैन।
- फिचर घटनामा आधारित र सरल हुन्छ।
- फिचर केवल पढेर होइन अनुभूति र अन्वेषण समेत गरेर मात्र लेख्न सकिन्छ।
- फिचरमा समाचारदाताको मत वा धारणा अभिव्इक्त हुन सक्छ।
- फिचर निश्चित ढाँचा र नियम भित्र नरही स्वतन्त्र प्रयोग गर्दै लेख्न सकिन्छ।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरु सम्बन्धी सवालहरुलाई नरम किसिमका समाचारका रुपमा प्रभावकारी रुपमा प्रस्तुत गर्न सकिन्छ। Soft news वा त्यस किसिमका indepth news वा investigative news मार्फत् त्यस्ता सवालहरुमा कलम चलाउन सकिन्छ। Feature news वा Feature article का माध्यमले त्यस्ता सवालहरु अझ व्यापक वा विस्तृत रुपमा उठाउन सकिन्छ।

Hard news मा कुनै घटनाको सर्सती विवरण समेटिन सक्छ। तर घटनाको तथ्यगत विवरणबाट मात्र संवेदनशीलता वा क्रूर अमानवीय पक्षहरुको समग्र तस्वीर प्रस्तुत गर्न गाह्रो हुन्छ। त्यस्तो अवस्थामा क्यात ल्भधक पछि फिचर नै प्रभावशाली हुन सक्छ। मानवअधिकार उल्लंघनको कुनै घटनाको गम्भीरता वा त्यस सम्बन्धी वर्वरताको चर्चा फिचरमा विस्तारपूर्वक गर्न सकिन्छ।

उदाहरण

मानवअधिकारको सवाललाई कसरी फिचरमा उठाउन सकिन्छ त ? इन्सेकव्दारा प्रकाशित हुदै आएको संचेतना व्दैमासिक प्राचीको पुष माघ ०४९ वर्ष १ , अंक २ मा प्रकाशित जेल सम्बन्धी सामग्रीको शीर्षक र केही पंक्ति यहा प्रस्तुत गरिएको छ ।

निर्धक्क भएर पसेको छैन जेल भित्र मानवअधिकार
- कुन्दन अर्याल

"कारागार सुधार समितिले ०४७ ले कार्यारम्भ गर्दा यसको सुझावहरुलाई धुलोले छोपि देला भन्ने प्रवल चिन्ता हुँदा कारागार सुधारको महत्वपूर्ण कार्य अगाडि बढाउन कारागार स्थायी कमिटीको माग पेश गरेका छौं।" प्रजातन्त्रको अत्यधिक चर्चा हुने गरेको मात्र होइन प्रजातान्त्रिक वातावरणको समेत अधिक आभाष पाइने गरेको अन्तरिम कालमा गठित कारागार सुधार समितिका अध्यक्ष बद्रीराम भण्डारीले भूमिकामै यस्तो लेख्नु भएको छ। तर उक्त समितिले ०४७ माघ १९ गते नै श्री ५ को सरकार समक्ष पेश गरेको अन्तिम र विस्तृत प्रतिवेदनलाई वास्तवमै आजका मितिसम्म धुलोले नै ढोकेको छ।

कारागार महाशाखा, सिंहदरबारका अनुसार देशभरका कूल चौहत्तर जेलहरुमा हाल करीब ६ हजार बन्दीहरु रहेका छन्। भक्तपुर, सुनसरी र धनुषा बाहेक सबै जिल्लाहरुमा जेल छन्। देशभरका कूल पाँच सय भन्दा बढी महिला बन्दीहरु पनि रहेको अनुमान गरिन्छ। तर देशका उनन्चास वटा जेलहरुको स्थलगत निरीक्षणपश्चात् कारागार सुधार समितिले यस्तो निचोड पेश गरेको छ- "यसरी निरीक्षण गरिएको कारागार कुनैमा पनि उचित प्रबन्ध भएको पाइएन। कारागारहरुको ममर्त सम्भारमा धेरै त्रुटीहरु हुन गएकोले वर्तमान समय र परिवर्तित मानवीय मूल्यको परिवेशमा सम्पूर्ण कारागारहरु मानिस बस्न अयोग्य देखिन्छ।"

कारागार महाशाखाका सहसचिव पुरुषोत्तम ढकाल पनि उपरोक्त भनाइसंग सहमत हुनुहुन्छ। बजेटको कमीले जेलको मर्मत सम्भार हुन नसकेको कुरा बताउदै उहाँ भन्नुहुन्छ- "आजको महंगीमा ६-७ रुपैंया र अलिकति चामलले गुजारा चलाउन गाह्रो छ भन्ने कुरा हामीलाई पनि थाहा छ, कर्मचारीहरुको तलव बढाईदा बन्दीहरुको सिदा पनि बढाउनु पर्ने कुरा हामी बीच पनि उठेको थियो, अर्थमन्त्रालयले सकेन।"
आज देशको शासन सत्ता सम्हाल्नेहरु मध्ये अधिकांशसंग जेलनेलको गहिरो अनुभव रहेको छ। तर आफू पर्खाल बाहिर आइसकेपछि भित्रको कुरा बिर्सने राजनेताहरुको सनातन देखि चलिआएको बानी अनुसार उनीहरु पनि अन्य "जरुरी कामहरु" मै व्यस्त छन्। जेल बाहिर पुरानो भइसकेको मानवअधिकारलाई डोऱ्याउदै हिंडेको प्रजातन्त्रले जेलको पर्खाल भित्र भने निर्धक्कसंग प्रवेश गर्न पाएको छैन।

अभ्यास

यहा प्रस्तुत जानकारी र कुराकानीका आधारमा एउटा फिचर समाचार तयार गर्नु होस ।

विद्यालय जाने समय पनि थाहा छैन। न त थाहा छ बिहान कति बजे उठ्ने भनने। कहिले घाम झलमल्ल भएपछि उठेर खाना बनाउदा बनाउदै विद्यालय समय गइसकेको हुन्छ। बाबु आमा प्रहरीले मारिदिएपछि खाना बनाउने, वस्तुभाउ चराउनेदेखि लिएर स्कूल जाने सबै काम उनीहरुले नै गर्नु परेको छ। अध्ययन टोली उनीहरुको घरमा पुग्दा बिहानको ९ बजिसकेको थियो। त्यो बेला उनीहरु उठेर केवल रोटी पोल्ने सुरसारमा थिए। स्कूल जाने कहिले हो ? समयको भेउ पाउनै सकेका थिएनन्। रुकुम जिल्ला गरायला गाउँ विकास समिति वडा नं. ३ निवासी श्रीमान श्रीमती कर्णबहादुर वि.क. र दुजी वि.क.लाई सोही गाविसको खारा भन्ने ठाउँमा बारीमा काम गरिरहेका बेला प्रहरीले गोली हानी हत्या गरेपछि पूर्ण रुपमा टुहुरा भएका एकै घरका ५ जना बालबालिका मध्ये १२ वर्षीय डिल्लीबहादुर वि.क., १० वर्षीय देवीलाल वि.क. र ८ वर्षीय सुशीला वि.क. सित संयक्त रुपमा लिइएको अन्तरवार्ता।

प्रश्न : तिम्रो बाबु आमालाई कस्ले मारे ?
उत्तर : पुलिसले।
प्रश्न : कहाँ ?
उत्तर : काम गर्न माथि बारीमा गएको बेला मारेको।
प्रश्न : आमा बालाई मारेको भन्ने कुरा सुनेपछि के गर्‍यौं ?
उत्तर : सुक, सुक ....।
प्रश्न : लास हेर्न गयौ ?
उत्तर : गएनौं।
प्रश्न : किन ?
उत्तर : कान्छा बाले जान दिएनन्।
प्रश्न : बाबु आमा मरेको भन्ने कसरी थाहा पायौ ?
उत्तर : यहाँ होइन पर कान्छा बाले घरमा लगेर त्यहाँ तेरो बाबु आमालाई पुलिसले मारिदियो भने।
प्रश्न : घरमा बसेनौ ?
उत्तर : घरमा डर लाग्छ, भूतले तर्साउछ भनेर आउन सकेनौ। तर कान्छा बाले एकदम गाली गर्थे।

प्रश्न : गाईवस्तु कस्ले हेऱ्यो त्यो बेला ?
उत्तर : हामी नै घाँस काटेर राख्दै जाँदै गऱ्यौं, अरु कसले हेर्ने र ।
प्रश्न : अहिले कस्तो लाग्छ ?
उत्तर : एकदम पीर लाग्छ।
प्रश्न : आमाबाबुलाई मार्दा कति वर्षका थियौ तिमी, डिल्ली ?
उत्तर : नौ वर्ष।
प्रश्न : कति दुःख पायौ बाबुआमालाई मारेपछि।
उत्तर : दुःख त पाइहालिन्छ नि।
प्रश्न : कस्तो दुःख ?
उत्तर : खान लाउन नभै नांगै भोकै हुनु नै दुःख हो नि।
प्रश्न : बाबुआमा मरेपछि कुनै दिनमा खान पनि पाइएन कि ?
उत्तर : हजुर।
प्रश्न : कति दिन भोकै रह्यौ ?
उत्तर : एक महिना जति।
प्रश्न : माओवादी पार्टीले सहयोग गर्छ गर्दैन ?
उत्तर : गर्छन्।
प्रश्न : के सहयोग गर्छन् ?
उत्तर : खाने, लाउने, लुगा कपडा, स्कूललाई कापी।
प्रश्न : कस्ले दिन्छ ?
उत्तर : पार्टीका मान्छेले।
प्रश्न : को आउँछ ?
उत्तर : मुस्कान र छाया।
प्रश्न : पार्टीले अहिले राम्रो गरेको छ ?
उत्तर : हजुर।
प्रश्न : पहिला आएनन् त पार्टीका मानिसहरु तिमीहरुलाई सहयोग गर्न ?
उत्तर : तिन दिन पछाडि माथि फोटो खिच्न आएको थियो।
प्रश्न : आमा बा मारेपछि पुलिसले दुःख दियो ?
उत्तर : नाई। घरमा आउँथ्यो के के खोज्थ्यो घरभित्र पसेर, अनि जान्थ्यो।
प्रश्न : खाना कल्ले पकाउछ अहिले ?
उत्तर : साईलो दाईले।
प्रश्न : तिमीहरु ?
उत्तर : हामी सघाउँछौ।
प्रश्न : बहिनी आमा सम्झेर कत्तिको रुन्छे ?
उत्तर : बहिनी धेरै नै रुन्छे।
प्रश्न : बाबु आमा मार्नेलाई के गरौं जस्तो लाग्छ ?
उत्तर : भेटे मार्दा हौ जस्तो लाग्छ।
प्रश्न : बम देखेका छौ ?
उत्तर : देखेको छु। माओवादीले कहिले काही ल्याउछन्।
प्रश्न : बम पड्केको सुनेको छ ?
उत्तर : छ, सिमलीमा सुनेको छ, माओवादीले पड्काएको।
प्रश्न : किन होला ?
उत्तर : मार्न।
प्रश्न : तिमीहरुलाई त्यो देख्दा कस्तो लाग्यो ?
उत्तर : डर लाग्यो।
प्रश्न : तिम्रो आमाको केही गल्ती थियो जस्तो लाग्छ ?
उत्तर : नाई।
प्रश्न : किन यति धेरै रोएको ?
उत्तर : हामीलाई दुःख परेको छ।
प्रश्न : दुःखमा सबैले सहयोग गरेका छैनन् बाबा ?
उत्तर : खान नपुगेका बेला पार्टीले सहयोग गर्छ।
प्रश्न : आमा हुँदा के गर्न पर्थ्यो ?

उत्तर : खाना पकाउने, सबै काम गर्थिन्। हामीलाई हप्काउन्न थिन, माया गर्थिन्।
प्रश्न : आमाको सम्झना आउछ ?
उत्तर : धेरै आउँछ।
प्रश्न : आमाले कसरी माया गर्नु हुन्थ्यो ?
उत्तर : केही काम नअन्हाउने, पकाउने, खुवाउने, नुहाइदिने सबै काम।
प्रश्न : अहिले पढ्न जान्छ्यौ ?
उत्तर : अँ।
प्रश्न : पढ्न मन लाग्छ ?
उत्तर : अँ।
प्रश्न : के बन्न मन लाग्छ, देवीलाल ?
उत्तर : माओवादी जस्तै बन्न मन लाग्छ।
प्रश्न : उनले राम्रो काम गरेको छ ?
उत्तर : अँ।
प्रश्न : बाबु तिमीलाई अहिले पुलिस देख्दा कस्तो लाग्छ ?
उत्तर : तिनको त पाए मुटुको रगत खादो हूँ जस्तो लाग्छ।
प्रश्न : ठूलो भए पछि के बन्ने विचार डिल्ली ?
उत्तर : म केही बन्दैन।
प्रश्न : किन ? माओवादीको सेना नबन्ने ?
उत्तर : अहँ। त्यो बनेर के पाइन्छ र।

(शोभा गौतमद्वारा सम्पादित "जनयुध्दको सेरोफेरोभित्र महिला र बालबालिका" बाट)

सूचना र जनताप्रतिको उत्तरदायित्वको प्रश्न

सूचना वा जानकारीसंग सम्बन्धित व्यक्ति वा संस्थाहरू जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने कुरा लामो समयदेखि उठ्दै आएको छ। सन् १९५६ मा प्राध्यापकहरू फ्रेड एस. सेइवर्ट, थिचोडर पिटरसन र विल्वर स्राम्द्वारा प्रस्तुत प्रेस सम्बन्धी चार सिद्धान्त मध्ये एक सामाजिक उत्तरदायित्व हो। सूचनाको कारोवार गर्ने आजको विश्व प्रेस नीतिगत रूपमा सामाजिक उत्तरदायित्वको सिद्धान्तसंग असहमत देखिदैन।

सूचनाको शिक्षाको प्रसार गर्ने क्षमताको सदुपयोग गर्ने सवालमा तेस्रो विश्वका राष्ट्रहरूमा विशेष ध्यान पुयाउनु पर्छ भन्ने कुरा नउठ्ने गरेका होइन। खासगरी अविकसित वा विकासशील देशका पत्रकारहरू सूचनाद्वारा चेतना र अभिप्रेरणाको प्रसार गर्ने प्रयत्न हुनुपर्छ भन्ने कुरा पनि उठ्दै आएको छ। त्यस दिशामा निकै प्रयासहरू पनि भएका छन ।

पृथ्वीको वातावरणमा अझ बढी क्षति पुग्न नदिन प्रेसले भूमिका खेल्न सक्छ र खेल्नु पर्छ भन्ने ठहरका साथ दोश्रो विश्व युध्दपछि शुरू भएको वातावरण पत्रकारिता प्रेसद्वारा समाजप्रति देखाईदै आएको दायित्ववोधको राम्रो नमूना हो ।पत्रकारिताको क्षेत्रमा मूलधारभन्दा फरक ढंगका यस्ता केही प्रयासहरू भएका छन ।

विकास पत्रकारिता

हंगकंग निवासी बेलायती पत्रकार यालन चाक्लीको अग्रसरतामा सन् १९६० को दशकमा राजनीति, अपराध र यौन जस्ता कुराहरू मात्र होइन शालीन प्रवृत्तिहरू पनि समाचार बन्न सक्छन् भन्ने कुरा उठाउन थालियो। जनसमुदायलाई फाइदा हुने कुनै विषयको उठान र प्रवर्द्धन गर्ने अनि विकासको तथ्यांकलाई मानिसको जीवनसंग जोडेर पत्रकारिता गर्दै उनीहरू भने "विकास समाचार यस्तो जानकारी हो जसको सहयोगबाट समाजलाई गरीविको कुचक्रबाट मुक्त गर्न सकिन्छ।"

विकास पत्रकारितामा ठूला वडा भनाउँदासंग जोडिएका वा सनसनी खोज मात्र होइन सर्वसाधारण मानिससंग सम्बन्धित कुराहरू उल्लेखनीय हुन्छ। आज जनताको जीवनमा सुधार ल्याउने उद्देश्य यसको हुन्छ। विकास पत्रकारितामा प्राकृतिक प्रकोप र राजनीतिक भीडन्त वा अपराध आदि बाहेकका समाचारको खोजी गरिन्छ। यस्ता सामग्री तत्काल छापी हाल्नु पर्ने वा समय बन्देज भएका हुँदैनन्।

नागरिक पत्रकारिता

६ वर्ष अघि संयुक्त राज्य अमेरिकामा Civic Journalism Centre को स्थापना भएपछिका दिनमा त्यहाँ दुई वटा निष्कर्ष निकालिएका छन् :

(क) जब आम संचारका माध्यमहरुले आफ्नो काम फरक ढंगमा सम्पन्न गर्न थाल्छन्, तब नागरिकहरुले पनि शैलीमा परिवर्तन ल्याउँछन्।

(ख) जब समाचार कक्षहरुमा नयाँ प्रयोगको विजारोपण गरिन्छ, तब नयाँ सोचहरुको सृजना हुन थाल्छ।

विज्ञापनबाट निर्देशित मालिकहरुद्वारा फाइदा अनुसार संचालित "Lapdog", सधैं जुनसुकै सवालमा आक्रामक बन्ने "Attack Dog" मुखले मात्र जिम्मेवारीको कुरा फलाक्ने "Watch dog" जस्ता उपमा पनि प्रेसलाई दिइएको पायन्छ। त्यही कारण Civic Journalism ले "Guide d og"को नमूना प्रस्तुत गर्ने ध्येय अघि सारेको छ। जनतालाई समाचार वा सूचना प्रदान गर्ने मात्र होइन, उनीहरूलाई आफ्नो नागरिक दायित्व पूरा गर्न समेत सघाउने उद्देश्य नागरिक पत्रकारिताले अघि सारेको छ। जनतालाई आगामी दिनमा वा वर्तमानका चुनौतिहरूका बारेमा बताउने मात्र होइन चुनौतिको सामना गर्न समेत उनीहरूलार्य सघाउनु पर्छ भन्ने सोच पत्रकारिता यो शैलीमा उठाइएको छ। समस्याहरूको समाधानको निम्ति जनतालाई सहभागी र जागरूक बनाउने ध्येय यस अन्तरगत राखिएको छ।

सूचनाको प्रस्तुति र ख्याल गर्नु पर्ने कानूनी कुरा

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ , १३ र १६ ले क्रमशः स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका प्रकाशन गर्ने स्वतन्त्रता र सूचनाको हक प्रदान गरेका छन । धारा १३ ले प्रदान गरेका निम्न अनुसारका अधिकारहरूले स्वतन्त्र प्रेसको प्रत्याभूति गरेका छन् :

कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्न पूर्व-प्रतिबन्ध लगाउन पाइदैन।

कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री मुद्रण गरेवापत छापाखाना बन्द वा जफत गर्न पाइदैन ।

कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गरेवापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गर्न पाइदैन ।

तर संविधानको त्यही धारामा " नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन" भनिएको छ ।

संविधानको धारा २२ ले गोपनियताको हकको प्रत्याभूति गर्दै भनेको छ "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनियता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ।"

छापाखाना र प्रकाशन ऐन,०४८ ले संविधानको मर्मलाई अघि सारेको छ । जसअनुसार पत्रकारहरूका निम्ति केही वन्देजको प्रावधान राखिएको छ ।

नेपालमा पत्रकारिता गर्न चाहने जो सुकैले मोटामोटी रूपमा निम्न बमोजिमका प्रावधानहरूको हेक्का राख्नु जरूरी हुन्छ । :

१) छापाखाना र प्रकाशन सम्बन्धी ऐन, ०४८

विभिन्न वर्ग र क्षेत्रका जनताबीच सुसम्बन्ध, सदाचार, शिष्टाचार एवं नैतिकता कायम राख्न र पत्रपत्रिका क्षेत्रले अभिव्यक्तिको स्वतन्त्रतालाई मर्यादित एवं जिम्मेवारीपूर्ण तवरले स्वतन्त्र र निर्भिक भई उपभोग गर्न सक्ने वातावरण श्रृजना गर्ने उद्धेश्यका साथ तयार गरिएको यो ऐनले-

पत्रपत्रिकाको दर्ता गर्नु पर्ने प्रावधान तोकेको छ। *(पत्रपत्रिकाको किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या, प्रकाशन हुने स्थल खुलाएर प्रमूख जिल्ला अधिकारीको कार्यालयबाट दर्ताको प्रमाण पत्र हासिल गर्नु पर्छ ।)*

केही विषयमा कुनै कुरा छाप्नै नपाउने गरी प्रतिवन्ध लगाएको छ । *(कस्ता कस्ता सामग्री छाप्न पाइँदैन?-श्री ५ वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अपहेलना वा व्देष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच पुऱ्याउने, नेपाल अधिराज्यको सार्वभौमसत्ता र अस्वण्डतामा आँच पुऱ्याउने, नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने, विभिन्न जात-जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने , र अन्त्यमा सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पार्ने ।)*

कुनै सामग्री विशेषसम्वन्धी निशेधाज्ञा *(राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्वन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्य सामग्री सूचनामा तोकिएको अवधिसम्मका लागि प्रकाशित गर्न नपाउने वा तोकिएको अधिकारीबाट जँचाएर मात्र प्रकाशित गर्न पाउने गरी निषेध गर्न सकिने अधिकार सरकारले पाएको छ । तर कुनै निषेध राष्टको हितका लागि गरिएको हो वा होइन भन्ने प्रश्नमाथि न्यायिक परीक्षणद्वारा सर्व्वोच्च अदालतले निर्णय गर्न सक्छ ।)*

छापाखाना र प्रकाशन सम्वन्धी ऐनको उल्लंघन गर्दा हुने जरिवाना र सजायः

विना प्रमाणपत्र छापाखाना चलाउनेलाई दस हजार रूपैंयासम्मको जरिवाना हुन सक्छ ।

विना प्रमाणपत्र पत्रपत्रिका प्रकाशित गर्ने वा चलाउनेलाई पाँच हजार रूपैंयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्छ ।

निषेधित वा प्रतिवन्धित कुराहरू प्रकाशन गर्नेलाई राज्यविरूद्धको अपराध सम्बन्धी प्रचलित ऐन-कानून अनुसार सजाय हुन्छ । तर त्यसरी अरू कानूनले सजाय हुन नसक्ने भएमा दस हजार रूपैंयासम्म वा एक वर्षसम्म कैद वा दुवै हुन सक्छ ।

जफत गरिएको प्रकाशन निषेधित वा प्रतिवन्धितभित्र नपर्ने रहेछ भने अथवा लागेको अभियोग प्रमाणित नहुने भयो भने प्रकाशक वा धनीले क्षतिपूर्ति भराउने हक सुरक्षित रहेको छ ।

२) अदालतको अवहेलना

संविधानको धारा ८६ (२) ले सर्व्वोच्च अदालतलाई आफ्नो र आफ्नो मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारवाही चलाइ कानून बमोजिम सजाय गर्न सक्ने अधिकार पैदान गरेको छ ।

निम्न वमोजिमका अदालतहरूले निम्नानुसारको सजाय गर्न सक्दछन् :

जिल्ला अदालत-एक हजार रूपैंयासम्म जरिवाना वा एक महिना कैद वा दुवै
पुनरावेदन अदालत-पाँच हजार रूपैंयासम्म जरिवाना वा छ महिना कैद वा दुवै
सर्व्वोच्च अदालत- एक वर्षसम्म कैद वा दस हजार रूपैंया जरिवाना वा दुवै

न्यायाधीशको योग्यता र असल नियतका बारेमा प्रश्न उठाएमा, न्यायसम्पादनमा अवरोध खडा गरेमा वा अदालतको सम्मानमाथि आँच आउने काम कुरा गरेमा अदालतको अवहेलना गरेको ठहरिन्छ ।

३) संसदीय विशेषाधिकार

कुनै सदनको कुनै पनि कारवाहीको असल नियतबारे शंका उठाइ कुनै टीका टिप्पणी गर्न र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाइ कुनै प्रकारको प्रकाशन गर्न नपाइने प्रावधान रहेको छ । संसदको कुनै सदनको विशेषाधिकारको हननलाई संसदको अवहेलना मानिने गरेको छ । विशेषाधिकारको हनन भएको छ वा छैन भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित सदनसँग मात्र हुन्छ ।

अवहेलना भएको ठहरिएको अवस्थामा संसदले सम्बन्धित पत्रकारलाई :

नसिहत *(आइन्दा यसो नगर्नू भन्ने चेतावनी)* दिन सक्छ ।
तीन महिनामा नबढ्ने गरी चालू अधिवेशनको अवधिभर कैद गर्न सक्छ।
वा, पाँच हजारसम्म जरिवाना गर्न सक्छ ।
सम्वन्धित व्यक्तिले मागेको क्षमायाचना सन्तोषप्रद भएमा क्षमा गर्न सक्छ ।

४) गाली र वेइजजती ऐन, ०१६

कसैले कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी-जानी वा विश्वास गर्ने कारण भइ लेख्वेर वा वचनले वा संकेतले वा बुझिने गरी आकार चिन्हव्दारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा वचनले त्यस्तो गरेमा वा त्यस्तो कुरा प्रकाशित गरेमा वेइज्जती गरेको ठहरिन्छ ।

गाली वेइजजती गरेको ठहरिएमा पाँच हजार रूपैंयासम्म जरिवाना वा दुई वर्षसम्म कैद हुन सक्छ ।

गाली वेइजजती भएको ठहरिएमा पीडितले पीडकबाट बढीमा पचास हजार रूपैंयासम्म क्षतिपूर्ति पाउन सक्छ ।

तर गाली वेइजजतीको नालिश ६ महिनाभित्र गर्नु पर्दछ ।

कुन्दन अर्याल
कलंकी -स्युचाटार
फोनः २७८२३२
e–mail : karyalpr@wlink.com.np
पो. ब. नं. १९२४ ,काठमाण्डौ

आमसञ्चारलाई कसरी जनोपयोगी बनाउने ?

- विनयकुमार कसजू

ज्ञानमा आधारित समाज विकास गर्ने काममा आमसञ्चार माध्यमहरू (Media) को मुख्य भूमिका हुन्छ। राजनीतिक र आर्थिक व्यवस्थालाई पारदर्शी तथा जिम्मेवार बनाउनका लागि स्वतन्त्र र भिन्न विचार भएका बहुलवादी आमसञ्चार माध्यमहरू (सरकारी, निजी, सामुदायिक) नभई हुँदैन। यी सञ्चार माध्यमहरू आत्मविश्वासले पूर्ण, जीवन्त, मनोरञ्जक, मुग्धकारी, उद्देश्ययुक्त, सन्तुलित र सुसूचित हुनैपर्छ। यिनले सरकार तथा व्यापारिक कम्पनीहरूको मात्र होइन, अन्तर्राष्ट्रिय संस्थाहरू/ दातृ समुदायहरूको पनि सूक्ष्म अध्ययन गर्नुपर्छ।

पहुँच : रेडियोजस्तो आमसञ्चार माध्यम प्रायः सबै देशका अधिकांश जनतासम्म पुग्छ। इन्टरनेट र टेलिफोन लगायतका नयाँ सञ्चार प्रविधिहरू शक्तिशाली भए पनि रेडियोझैं घर-घरसम्म पुग्न सक्तैनन्।

सबलीकरण : सञ्चार माध्यमले मुद्दा/विषय उठाउन सघाउँछन् र ती विषयहरूमा हुने सार्वजनिक बहस छलफलमा प्रभाव पार्छन्। यिनले खासगरी रेडियो र टेलिभिजनको माध्यमबाट कम खर्चमा शिक्षाको अवसर प्रदान गरेर व्यक्तिहरू तथा समुदायहरू (भौगोलिक आधारमा बनेका समुदाय र विचार, रूचि वा हितको आधारमा बनेका समुदाय) लाई बलियो बनाउन सक्छन्।

असल शासन : स्वतन्त्र तथा विविध आमसञ्चार माध्यमहरूले राजनीतिक पारदर्शिता र जिम्मेवारी बढाएर असल शासन/सरकार बनाउन सघाउँछन्।

हाँकहरु

१. नीति : स्वतन्त्र तथा विविध सञ्चार माध्यमहरूलाई हुर्काउने खालको परिस्थिति तयार पार्न सक्ने प्रभावकारी नीति बनाउनु।

२. स्वमित्व र नियन्त्रण : सञ्चार माध्यमहरूको शक्तिलाई एकै ठाउँमा केन्द्रित वा सीमित हुन नदिनु। अहिले सञ्चार माध्यहरू अधिकांश उत्तरी भागमा अर्थात् विकसित देशहरूको स्वामित्व र नियन्त्रणमा छन्।

३. विषयवस्तु : प्रभावकारी तथा स्थानीयरूपले सान्दर्भिक/उपयोगी विषयवस्तु तयार पार्नु। उत्तर र दक्षिणबीच सूचनाको असन्तुलनको विरूद्ध काम गर्नु।

४. सीप : विकासशील देशहरूका सञ्चार माध्यमहरूमा मानव क्षमता र सीप बढाउनु।

५. प्रविधि : नयाँ र पुरानो प्रविधिलाई मिसाएर दुईको बीचमा कल्पनीय अतिरिक्त उर्जा (साइनर्जी) सिर्जना गर्नु।

१. नीति : स्वतन्त्र तथा विविध सञ्चार माध्यमहरूलाई हुर्काउने खालको परिस्थिति तयार पार्न सक्ने प्रभावकारी नीति बनाउनु।

विश्लेषण

स्वतन्त्र, आत्मनिर्भर र विविधतामा आधारित सञ्चार माध्यमबाट समाजलाई फाइदा हुन्छ। तर यो अवस्थामा पुग्नका लागि अनुकूल नीतिगत परिस्थितिको आवश्यकता हुन्छ। साथै यसलाई सरकारी तथा निजी क्षेत्र, अन्तर्राष्ट्रिय समुदाय र बहुपक्षीय निकायहरूबाट सक्रियतापूर्वक प्रोत्साहन हुनुपर्छ।

काम

- आम जनताको सूचना पाउने स्वतन्त्रतासम्बन्धी कानूनलाई प्रबर्द्धन, सुदृढीकरण तथा जोडदार ढंगले लागू गर्नु।
- सञ्चार माध्यमहरूद्वारा पीडित उपभोक्ताहरूको सुनुवाइ गर्ने आत्मनिर्भर/स्वतन्त्र र स्वेच्छिक कार्यविधिलाई प्रोत्साहित गर्नु। यस्तो कार्यविधि व्यावसायिक आचार संहितामा आधारित हुनुपर्छ। साथै यो प्रक्रियामा नागरिक समाजका अन्य क्षेत्रहरूका प्रतिनिधिहरू पनि संलग्न हुनुपर्छ।

- आत्मनिर्भर/स्वतन्त्र जनसेवी प्रशारण सेवा बढाउनु।
- सञ्चार माध्यमहरूलाई सघाउने स्वतन्त्र/आत्मनिर्भर निकायहरूको विकास गर्नु। यस्ता निकायहरू स्वेच्छिक पनि हुन सक्छन् विधान वा कानूनबमोजिम गठित पनि हुन सक्छन्। यस्ता निकायहरूले ऋण तथा अनुदान दिएर वा हुलाक महसुलमा सहुलियत, टेलिफोन जडान शुल्क र महसुलमा सुविधा वा अनुदान दिने जस्ता अन्य उपायहरूद्वारा सञ्चार माध्यमहरूलाई सघाउन सक्छन्। उदाहरणः प्रेस काउन्सिल नेपालद्वारा संचालित मिडिया विकास कोष।
- सामाजिक रूपमा उपयोगी सञ्चार प्रयास/उपक्रमहरूलाई सघाउन निजी क्षेत्रलाई प्रोत्साहित गर्नु।
- यस क्षेत्रमा विद्यमान ऐन कानून तथा नीति नियमहरूलाई प्रभावकारी ढंगले लागू गर्नु।

२. **स्वामित्व र नियन्त्रण** : सञ्चार माध्यमहरूको शक्तिलाई एकै ठाउँमा केन्द्रित वा सीमित हुन नदिनु। अहिले सञ्चार माध्यमहरू अधिकांश उत्तरी भागमा अर्थात् विकसित देशहरूको स्वामित्व र नियन्त्रणमा छन्।

विश्लेषण

सञ्चार माध्यमहरूको शक्ति थोरै व्यक्तिको हातमा केन्द्रित हुँदैछ। यो प्रक्रिया अन्तर्राष्ट्रिय रूपमा र केही देशभित्र समेत चलिरहेको छ। यसले सोझै विविध विचारलाई मान्यता दिने व्यवस्था वा बहुलवादको विरूद्ध काम गर्छ। यसले सञ्चार माध्यमहरूलाई एकतर्फी वा एकै खालका सामग्री प्रस्तुत गर्ने दिशातिर उन्मुख गराउँछ। फलस्वरूप विविध वा विपक्षी विचारले स्थान र समय कम पाउँछन्। नयाँ सूचना प्रविधिले अर्को थप हाँक पनि प्रस्तुत गर्छ किनकि यो प्रविधि विद्यमान उत्तरदायित्वको प्रणालीभन्दा बाहिर कुनै देश वा सरकारको नियन्त्रण भन्दा बाहिर छन् र यिनलाई जनताप्रति जिम्मेवार बनाउने कुनै संयन्त्र छैन। यस्ता प्रणालीहरू सृजना गर्दा आइलाग्ने समस्याहरू जटिल हुन्छन्। तर यो एउटा विश्वव्यापी मुद्दा हो।

काम

- विश्वव्यापी सञ्चार माध्यमहरूबीच उत्पन्न भइरहेको आर्थिक तथा शक्तिको सम्बन्ध तथा सञ्चार माध्यमहरू आपसमा विलय हुँदै एकीकरण भइरहेका घटनाहरूको अध्ययन, अनुगमन तथा अनुसन्धान गर्नु।
- एकाधिकार वा निजी क्षेत्र वा राज्यको एकाधिकारवादी कदमहरूको विरोध गर्ने ऐन कानूनहरू लागू गर्नु वा त्यस सम्बन्धमा विद्यमान कानूनहरूलाई सुदृढ बनाउनु।
- बहुराष्ट्रिय सञ्चार समूहहरू, दूरसञ्चार उद्योगहरू र स्थानीय समुदायहरूबीच सम्पर्क, छलफल, बहस गराउने प्रयास गर्नु।
- स्वेच्छाले विश्वव्यापी आचार संहिता तयार पार्ने प्रयास गर्नु।
- राष्ट्रसंघले आयोजना गरेको सामाजिक शिखर सम्मेलन जस्तै सञ्चार माध्यमहरूको बारेमा अन्तर्राष्ट्रिय अधिवेशन/सम्मेलन आयोजना गर्ने प्रस्तावनालाई समर्थन गर्नु।

३. **विषयवस्तु** : प्रभावकारी तथा स्थानीय रूपले सान्दर्भिक/उपयोगी विषयवस्तु तयार पार्नु। उत्तर र दक्षिणबीच सूचनाको असन्तुलनको विरूद्ध काम गर्नु।

विश्लेषण

विकासशील देशहरूमा खुल्ला, सबैको सहज पहुँच हुने तथा नयाँ प्रविधिलाई अपनाउने सञ्चार माध्यमहरूको खाँचो छ, तर सबैभन्दा गाँठी वा निर्णायक कुरा विषयवस्तु (Content) नै हो। सबल तथा कल्पनाशील विषयवस्तु प्रभावकारी हुन सक्छन्। त्यस्ता विषयवस्तुले तारिफ पनि पाउँछन्। तिनले श्रोता वा पाठकलाई आकर्षित गर्न र उनीहरूको संख्या बढाउन पनि सक्छन्। यस्ता विषयवस्तु स्थानीय भाषामा नै विकसित र प्रबर्द्धन गर्नुपर्छ। साथै समुदाय स्वयंले ठम्याएको समुदायको आवश्यकतामाथि जोड दिने खालको हुनुपर्छ।

काम

- विभिन्न उपायद्वारा स्थानीयरूपमै तयार पारिएका वा सिर्जिएका विषयवस्तुलाई ठाउँ दिनुपर्छ। (यसभित्र कानून बनाउने काम पनि पर्नसक्छ)
- जनसेवी सञ्चार माध्यमहरूलाई बलियो बनाउनु पर्छ। पाठक वा श्रोताहरूले सरकारी र निजी क्षेत्रका माध्यमहरूबीच मात्र रोज्न पाउने अवस्था हुनु हुँदैन। जनसेवी सञ्चार माध्यमहरू यति आकर्षक हुनुपर्छ कि जनताले सरकारी र निजी माध्यमहरूलाई छाडेर जनसेवी माध्यमलाई रोजुन्।

- समुदायहरूको क्षमता बढाएर उनीहरूलाई आफ्नै सञ्चार माध्यम संचालन गर्ने र तिनको स्वामित्व लिनसक्ने तुल्याउने।

४. **सीप** : विकासशील देशहरूका सञ्चार माध्यमहरूमा मानव क्षमता र सीप बढाउनु।

विश्लेषण

सञ्चार क्षेत्रलाई बलियो बनाउनका लागि मानव स्रोत र प्राविधिक पूर्वाधारको आवश्यकता पर्दछ। मानिसहरूलाई सञ्चार प्रविधिको सीप सिकाएर तथा सरल र सुलभ पूर्वाधार तयार पारेर मात्रै विपन्न समाजहरूले आफ्नै सञ्चार माध्यमहरूमाथि बढी नियन्त्रण गर्न सक्छन् र उनीहरू आफ्नो भविष्यमाथि बढी नियन्त्रण गर्न सक्ने हुन्छन्। यो स्थितिको सिर्जना गर्न सरकारी, निजी, स्थानीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विभिन्न पक्ष वा कारक वा पात्रहरूबीचको साझा प्रयास आवश्यक हुन्छ।

काम

- तालिम तथा पत्रकारिताको व्यावसायिक गुणस्तर बढाउने काममा लगानी गर्नु।
- सम्पूर्ण सञ्चार क्षेत्रमा नयाँ प्रविधि उपयोग गर्ने कामलाई प्राथमिकता दिई तालिम उपलब्ध गराउनु।
- विकासशील देशहरूको लागि काम लाग्ने वा सान्दर्भिक हुने गरी सूचना वा जानकारी अनुवाद गर्न वा अर्थ्याउन सक्ने सीप विकास गर्नु।
- पत्रकारहरूमा खोज पत्रकारिताको सीप र प्रविधि बढाउनु।
- स्थानीय आवश्यकतालाई पूरा गर्ने ढंगले सुहाउँदो, सान्दर्भिक तथा उपयुक्त तालिम कार्यक्रम तर्जुमा गर्नु।
- दक्षिण अर्थात् विकासशील देशहरूको आवश्यकतामाथि केन्द्रित सूचना तथा समाचारको बलियो, व्यावसायिक नेटवर्क स्थपना गर्नु।

५. **प्रविधि** : नयाँ र पुरानो प्रविधिलाई मिसाएर दुईको बीचमा कल्पनीय अतिरिक्त उर्जा (साइनर्जी) सिर्जना गर्नु।

विश्लेषण:

भिन्न प्रविधिहरूको मिलनबाट बनेको वर्ण-शंकर प्रविधि (हाइब्रिड) को उपयोग तथा नयाँ र पुराना प्रविधिहरूको मेलबाट सिर्जना भएका नयाँ प्रणालीहरूले प्रभावकारी, स्वर्चले धान्नसक्ने र सबल बनाउने खालका सञ्चारका साधनहरू उपलब्ध गराउँछन्। यसरी, "पुराना" प्रविधिहरूलाई पुनर्जीवित गर्न सकिन्छ, तिनीहरूको व्यापक पहुँचबाट फाइदा उठाउन सकिन्छ। उदाहरणः श्रीलंकामा इन्टरनेटलाई सरल र सुलभ बनाउने काममा रेडियो र टेलिभिजनको उपयोग गरिंदैछ। यसबाट इन्टरनेटमा पहुँच नभएकाहरूले नयाँ प्रविधिको शक्ति र उपयोगिता थाहा पाउन सक्छन्। सानो परिमाण, कम स्वर्च, समुदायमुखी तथा सेन्सरसिपभन्दा बाहिर हुनु आदि गुणहरू नयाँ माध्यमहरूका फाइदाहरू हुन्।

काम

- तल्लो तहदेखि नै सञ्चार उद्योगको प्राविधिक क्षमता बढाउने प्रयासहरूलाई सक्रियतापूर्वक सघाउनु।
- नयाँ प्रविधिका नयाँ-नयाँ उपयोग पत्ता लगाउनु। सिकेका अनुभवहरू बाँडचुँड गर्नु।
- नयाँ प्रविधिको शक्ति र बहुआयामिक उपयोगितालाई बढी परम्परागत माध्यमहरूको पहुँचसँग मिसाउनु। जस्तैः इन्टरनेटलाई जनतासम्म पुऱ्याउन रेडियो र टेलिभिजनको सहयोग लिनु।
- सञ्चारका बहुल अर्थात् धेरै माध्यमहरूको उपस्थिति वा उपयोगलाई प्रोत्साहन दिने र अभिवृद्धि गर्ने खालको कानूनी तथा नीतिगत स्थिति वा वातावरण बनाउन सघाउनु।

मानवअधिकार वर्ष पुस्तक प्रकाशनको उद्देश्य

मानवअधिकारको पूर्ण बहालीका निम्ति मानवअधिकार चेतनाले आम नागरिक सचेत हुनु जरूरी छ। हनन वा उल्लंघनका घटनाहरूलाई संकलन गरेर सार्वजनिक गर्नुले घटनाका हननकर्तालाई मानसिक दबाब मात्र दिंदैन, उसमाथि उपयुक्त कारवाही गर्न/गराउन सम्बद्ध निकायसमक्ष नैतिक बल पनि प्रदान गर्दछ। तर यस दिशामा अझै पनि उल्लेखनीय प्रगति भइरहेको छैन।

मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले भन्ने गर्नुहुन्थ्यो- "मानवअधिकारलाई जबसम्म जनताको प्रत्यक्ष सरोकारको विषय बनाइन्न, तबसम्म साँचो अर्थमा यसको संरक्षण, सम्बर्द्धन र विकास सम्भव छैन।" यही दृष्टिकोणलाई आत्मसात गरेर इन्सेक अहिले "साक्षरताको माध्यमद्वारा मानवअधिकार शिक्षा" मार्फत् ग्रामीण तहका आम जनसमुदायबीच पुगिरहेको छ र मानवअधिकारको सवाललाई जनताको प्रत्यक्ष सरोकारको विषय बनाउन कटिबद्ध पनि छ। इन्सेकसँग सम्बद्ध दर्जनौं मानवअधिकार कार्यकर्ताहरू ग्रामीण क्षेत्रमै कार्यरत छन् र मानवअधिकारको चेतना निर्माणमा महत्वपूर्ण सहजकर्ताको भूमिका निर्वाह गरिरहेका छन्।

मानवअधिकारको सवाललाई जनताका क्रियाकलाप र समस्यासँग गाँस्ने अवधारणामा निरन्तर लाग्नुभएका प्रकाश काफ्लेको परिकल्पनाको मूर्त रूप हो- मानवअधिकार वर्ष पुस्तक। एक वर्षको अवधिसम्ममा देशभरि भएका मानवअधिकार उल्लंघनका घटनाहरू र संरक्षणका निम्ति भएका प्रयास एवं उपलब्धीहरूलाई संकलन गरी प्रस्तुत गर्ने गरिएको यो वृहद दस्तावेज हो। १९९२ देखि प्रकाशन प्रारम्भ गरिएको वर्ष पुस्तकका ९ वटा श्रृंखला सार्वजनिक भइसकेका छन्। काम गर्ने दौरानमा गल्ती हुन सक्छन्। तर गल्तीलाई सच्याउन सकिन्छ र सच्याउँदै अघि बढ्नुपर्छ भन्ने सोचबाट हामी परिचालित छौं। १९९२ देखि २००१ सम्म प्रकाशित पुस्तकका प्रारूप, विषयवस्तु र प्रस्तुतिले पनि उक्त कुरालाई पुष्टि गरेका छन्।

यसरी वार्षिक रूपमा वर्ष पुस्तकको प्रकाशन गर्नुको उद्देश्यबारे प्रष्ट पार्न निम्न बुँदालाई अघि सार्न सकिन्छ।

(क) मानवअधिकार हनन वा उपलब्धीका घटनाहरूको सुव्यवस्थित अभिलेख संकलन गर्नु।
(ख) उल्लंघनका घटनाहरूलाई सार्वजनिक गरी हननकर्तालाई निरूत्साहित गर्नु र दोषीमाथि आवश्यक कारवाही गराउन नैतिक दबाब सिर्जना गर्नु।
(ग) मानवअधिकार शिक्षा र मानवअधिकार संस्कृतिको निर्माण गर्न पहल गर्नु।
(घ) श्री ५ को सरकार र राजनीतिक दलहरूलाई मानवअधिकारप्रति सचेत र सजग गराउनु।
(ङ) जनताको तहबाट अन्जानवश हुने गरेका हननका क्रियाकलाप रोक्न उनीहरूलाई शिक्षित तथा सचेत गराउनु।
(च) नेपालको मानवअधिकार स्थितिबारे मुलुकवासी र अन्तर्राष्ट्रिय जगतलाई सुसूचित गर्नु।

उपरोक्त उद्देश्य परिपूर्तिका लागि इन्सेकले नियमित सूचना प्रवाहको व्यवस्थित संयन्त्र बनाएको छ। जिल्ला-जिल्लामा कार्यरत प्रतिनिधिले सम्प्रेषण गरेका सूचनाहरू इन्सेकका क्षेत्रीय कार्यालयहरूमार्फत् केन्द्रसम्म आइपुग्दछन्। प्राप्त भएका सूचनाको महत्व र गम्भीरता पहिचान गर्दै कतिपय सूचना विवरणलाई प्रेस विज्ञप्ति, प्रतिवेदन आदिको रूपमा तत्काल सार्वजनिक पनि गरिंदै आइएको छ। यसका अतिरिक्त वर्ष पुस्तकको पूरक प्रकाशनका रूपमा हरेक ३ महिनामा "मानवअधिकार स्थिति सूचक" तथा तत्कालीन जानकारीका रूपमा "घटना सूचना" को प्रकाशन समेत गर्ने गरिएको छ।

जिल्ला प्रतिनिधिहरु कस्तो हुनुपर्दछ ?

(क) मानवअधिकारको बारेमा आधिकारिक धारणा स्पष्ट गर्न सक्ने

जिल्ला प्रतिनिधि इन्सेकको आधिकारिक व्यक्ति हो। साथै मानवअधिकार कार्यकर्ता पनि हो। अतः मानवअधिकारका सामान्य अवधारणा र इन्सेकका गतिविधि एवं कार्यक्रमको स्पष्ट जानकारी राख्नुपर्दछ। यो कामले सामाजिक जीवनसँग घनिष्ट सम्बन्ध राख्ने हुनाले आफूलाई सामाजिक गतिविधिसँग सम्बन्धित बनाइरहनु पर्दछ। कहिलेकाहीँ आफ्ना वैयक्तिक भावना र चाहनासँग मेल नखाने कुराको बारेमा पनि अध्ययन गर्ने सवालमा पछि पर्नुहुँदैन।

(ख) नमूना बन्ने कोसिस गर्नु पर्दछ

हाम्रा कामको बारेमा हाम्रा शुभचिन्तक र हामीलाई मन पराउनेहरूले पनि गहिरिएर अध्ययन गरिरहेका हुन्छन्। हाम्रा कार्यकर्ता आफ्नो काम र वचनमा प्रतिबद्ध हुँदै लगनशील भएर काम गर्दै जाने हो भने शुभचिन्तकमा उत्साह वृद्धि हुन्छ र काम गर्न सजिलो हुन्छ। यसले आफू र आफ्नो संस्थाको विरूद्धमा नकारात्मक धारणा राख्नेहरू पनि विस्तारै बदलिन्छन्। त्यसैले हरबखत आफू नमूना बनेर व्यवहारमा देखाइदिने गर्नुपर्दछ।

(ग) सहयोगी भावना

आफैमा यो काम सामूहिक प्रयासबाट मात्र अघि बढ्न सक्ने काम हो। त्यसैले जिल्लामा भएका सबै घटनाहरूको बारेमा जानकारी लिने तथा दिने सवालमा सहयोगी भावनाको विकास गर्नुपर्दछ।

(घ) स्पष्ट वक्ता

जिल्ला प्रतिनिधिले आफूलाई पर्दापछाडि राख्नेर होइन कि जनसमुदायका बीचमा आफ्नो आधिकारिक परिचय साथ अगाडि आउने हिम्मत गर्नुपर्दछ। कतिपय मानिसमा संस्थाले लगाएको काम खुरूखुरू इमान्दारिपूर्वक गर्ने, जनसमुदायबीच घुलमिल हुने, आफ्ना कामप्रति जवाफदेही हुने तर कहिलेकाहीँ संस्थाकै विषयमा केही नकारात्मक टिप्पणी भइरहेको अवस्थामा जनतालाई भ्रम निवारण गर्नुको बदला आफूलाई तटस्थ राख्ने प्रवृत्ति पनि पाइन्छ। स्वाभाविक रूपले यस दुनियाँमा कुनै पनि मानिस सर्वज्ञ र आफैमा मात्र सक्षम हुँदैन तर पूर्ण जानकारी दिन नसके पनि आफूलाई स्पष्टरूपमा पेश गर्ने हिम्मत गर्ने हो भने स्वयं प्रतिनिधि र संस्थालाई पनि फाइदा नै पुग्दछ।

(ङ) संयोजन गर्न सक्ने क्षमता

स्वाभाविक रूपबाट हाम्रो काम भनेको सामाजिक जीवनसँग एकाकार भएर अगाडि बढ्ने, बढाउने काम हो। वर्तमान सामाजिक राजनीतिक परिवेशमा जो कोही व्यक्ति पनि कुनै न कुनै राजनीतिक विचार, सिद्धान्त र नीतिप्रति सम्बद्ध एवं संगठित पनि हुन सक्छ। निरपेक्षरूपले पार्टी गतिविधिबाट अलग भएको व्यक्ति खोज्न र त्यतातिर अभिप्रेरित पनि गर्न मिल्दैन तर दुवैका अलग-अलग स्वतन्त्र पहिचान, अस्तित्व र दायित्व हुन्छन् भन्ने कुरा पनि विर्सन हुँदैन। दुवैको काममा तालमेल र संयोजन गर्नुपर्दछ। जिम्मेवारी निर्वाह गर्नुपरेको अवस्थामा आफ्नो भूमिका निर्धारण गर्नुपर्दछ। यसले काममा उत्साह थपिदिन्छ। तर यस्तो भूमिका निर्वाह गर्न चाहनेले के कुरा स्पष्ट पार्नु र गर्नुपर्दछ भने कुनै राजनीतिक पार्टीको काम र इन्सेकको काम एउटै होइन। यो संस्था राजनीतिक संगठनको सीमित दायरामा बाँधिन सक्तैन तर यसमा काम गर्ने व्यक्तिहरू राजनीतिक पार्टीमा आबद्ध हुनु हाम्रो संस्थाको लागि योग्यता वा अयोग्यता दुवै होइन।

(च) दुवै पक्षको प्रतिनिधित्व

कहिलेकाहीँ एउटै काम सम्पन्न गर्दा दोहोरो भूमिका निर्वाह गर्न सकिन्छ। उदाहरणको निम्ति कुनै दंगा फसाद वा मारकाट भइरहेको अवस्थामा हाम्रो प्रतिनिधि उपस्थित हुँदा सामाजिक जनजीवनलाई निश्चित गतिमा लैजानको निम्ति उसले निर्वाह गरेको भूमिकाले दुवै पक्षको प्रतिनिधित्व गरेको हुन्छ।

(छ) काम थाँती राख्ने र पन्छिने प्रवृत्ति

कतिपय ठाउँमा आफूले गर्नुपर्ने काम थाँती राख्दै अन्तिम समयमा आएर कामको चाप बढाउने प्रवृत्ति देखा परेको छ। यसले केन्द्र र जिल्लामा भएका घटनाको तत्काल जानकारी नहुँदा कतिपय विषयमा प्रतिक्रिया व्यक्त गर्न पनि अप्ठेरो परेको छ। यसका साथै कहिलेकाहीँ नजानिँदो रूपबाट कामबाट पन्छिने प्रवृत्ति पनि देखा परेको छ। यद्यपि यो संस्थालाई नै नोक्सान पार्ने गरी अगाडि बढेको त छैन, तथापि यसलाई मौकामा सच्याउन सकेनौं भने यसले अन्ततोगत्वा व्यक्ति एवं संस्थालाई नै नोक्सान पार्न सक्दछ। अझ कतिपय ठाउँमा त दोहोरो भूमिका निर्वाह गरेको अवस्थामा कुनै पार्टीको वा अन्य कुनै काम तेर्स्याएर कामबाट पन्छिने गरेका गुनासा पनि सुन्नमा आएका छन्। यसलाई यथावत रहन दिनुहुँदैन, सुधार्नु पर्दछ र संस्थाको काममा गम्भीरतापूर्वक लाग्नु पर्दछ।

सूचना : केही आधारभूत कुराहरु

मानवअधिकार हननका सूचनाहरुको संकलन केका लागि ?

सूचना भनेको घटना, परिवेश तथा स्थितिको पूर्ण जानकारी हो। मानवअधिकारको काममा सूचनाहरूको अर्थात् घटनासम्बन्धी पूर्ण जानकारीको आवश्यकता पर्दछ। मानवअधिकार घटनाहरूको सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरेपछि मात्र हामी घटनाहरूको प्रवृत्ति र प्रकृतिको पहिचान गर्न सक्छौं। तत्पश्चात् घटनाहरूलाई रोकथाम गर्न दोषीहरूमाथि आवश्यक कारवाहीको निम्ति सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै दबाब सिर्जना गर्न, सूचनालाई प्रचारित गर्दै पीडितहरूलाई सबै प्रकारको सहयोग पुऱ्याउन सजिलो हुन्छ। मूलतः मानवअधिकार हननका घटनाहरूको सूचना संकलन निम्नलिखित उद्देश्यका निम्ति गरिन्छ।

(क) घटनाका पीडितलाई तत्कालिक सहयोग पुऱ्याउन।
(ख) पीडितलाई मानसिक राहत प्रदान गर्न।
(ग) पीडकलाई कानूनी कारवाही गर्न दबाब सिर्जना गर्न।
(घ) सरकारले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिहरूको कार्यान्वयनको अवलोकन गर्न।
(ङ) अभियान संचालन गर्न र प्रचार गर्न।
(च) ऐतिहासिक घटनाहरूको विवरण सुरक्षित राख्न।

सूचना लिने विधिहरु

घटनाको प्रकृति, महत्व र त्यसले पार्ने स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय प्रभावको पहिचान गर्दै सूचना संकलनमा भिन्न भिन्न विधिहरूको प्रयोग गरिन्छ।

(क) घटनास्थलको छानबिन तथा अनुसन्धान गरेर।
(ख) स्थानीय क्षेत्र, जिल्ला तथा केन्द्रीय तहका सरकारी निकायमा प्रतिनिधिमण्डल पठाएर।
(ग) जेल तथा हिरासतको निरीक्षण र बन्दी तथा थुनुवाहरूसँग भेटघाट गरेर।
(घ) घटनासँग सम्बद्ध व्यक्तिहरूको मुद्दा अदालत पुगेको छ भने मुद्दाको मिसिल हेरेर एवं पेशी सुनेर।
(ङ) निर्वाचनको पर्यवेक्षण गरेर।
(च) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका सूचना लिन अध्ययन अनुसन्धान गरेर।

सूचना संकलनको महत्वपूर्ण औजार – अन्तरवार्ता

अन्तरवार्ता सूचना संकलनको महत्वपूर्ण औजार हो। कुनै पनि घटनाका सम्बन्धमा जानकारी लिन तपाईं घटनास्थलमा पुग्नासाथ तपाईंको भेट हुन्छ- पीडितसँग, पीडितका आफन्तसँग, प्रत्यक्षदर्शीसँग र पीडकसँग। सूचना संकलनका क्रममा जो कसैसँग पनि अन्तरवार्ता लिनु आवश्यक छ। अन्तरवार्ताको आवश्यक प्रक्रिया एवं तरिकाबारे जानकारी राख्नु पनि उत्तिकै जरूरी छ।

प्रक्रिया तथा तरिका

- अन्तरवार्ता लिनुअघि जुन घटनाका बारेमा अन्तरवार्ता वा कुराकानी गर्न खोज्दै हुनुहुन्छ, त्यो घटनाका बारेमा आफूलाई पूर्व जानकारी हुनुपर्दछ।
- अन्तरवार्ता कोसँग लिइँदैछ उसको स्वभाव, मनस्थिति र तात्कालिक स्थितिबारेमा पनि पूर्व जानकारी हुनुपर्दछ।
- त्यसपछि अन्तरवार्ता कसरी, कहाँ, कहिले र कुन बेला लिनु उपयुक्त हुन्छ भन्ने कुराको पूर्व तयारी गर्नुपर्दछ।
- घटनाका सम्बन्धमा आफूलाई कुन-कुन कुराको सूचना एवं जानकारी चाहिएको हो पहिले नै प्रष्ट हुने र आवश्यक टिपोट वा प्रश्नहरूको तयारी गर्नुपर्दछ।
- अन्तरवार्ता लिनुअघि अन्तरवार्ता टेपमा रेकर्ड गर्ने वा हातैले लेख्ने तयार गर्ने हो, सोबारे प्रष्ट भई त्यसैअनुरूपका आवश्यक सामाग्री साथमा लिनुपर्दछ।
- अन्तरवार्ता लिने क्रमको शुरूमै आफ्नो उद्देश्य र प्रयोजनका बारेमा प्रष्टसँग बताउँदै आफ्नो परिचय खुलस्त दिनुपर्दछ।
- अन्तरवार्ताका क्रममा सोधिने प्रश्न, बोलीको लवज र आफ्ना अन्य व्यवहारले अन्तरवार्ता दिने व्यक्ति आफूसँग रूष्ट र आक्रोशित बन्न नपुगोस् भन्ने कुरामा एकदमै सजग हुनुपर्छ।

- बढी औपचारिकताबाट बचेर स्वाभाविक ढंगले कुराकानी गर्नु आवश्यक हुन्छ।
- अन्तरवार्ता लिइसकेपछि आवश्यक सूचना प्राप्त भयो कि भएन जाँच्ने तथा क्रस चेक गर्ने काम गरेर तत्कालै प्रतिवेदन तयार गरिहाल्नुपर्दछ।

सूचना संकलनमा ध्यान दिनुपर्ने कुराहरु

प्रत्येक सूचना संकलनले निम्न कुरामा गम्भीर ढंगले ध्यान दिनु जरूरी छ -

- सूचना संकलन पूर्ण र निष्पक्ष हुनुपर्छ।
- निर्धारित प्रक्रिया हुनुपर्छ।
- संकलनकर्ता खुल्ला हृदयी हुनुपर्छ।
- पीडितको सुरक्षा र हितमा उचित ध्यान पुऱ्याउनुपर्छ।
- पीडितप्रति आदर तथा सहानुभूतिशील हुनुपर्छ।
- जबर्जस्ती संकलन होइन, आवश्यकताबोध हुने किसिमले गर्नुपर्छ।
- सांस्कृतिक भावनालाई आदर गर्नुपर्छ।
- प्राप्त भएका सूचनाहरूको विश्लेषण गर्ने क्षमता हुनुपर्छ।
- स्थानीय सामाजिक, आर्थिक तथा राजनीतिक वातावरणलाई बुझ्नु पर्छ।

घटना संकलन फारम भर्न चाहिने केही कुराहरु

अभिलेख नं. : पहिलो घटनालाई ००१ नं. दिई शुरू गर्ने, कुनै पनि अभिलेख नं. दोहोरिनु हँदैन। अभिलेख नं. मितिअनुसार मिलेको हुनु अनिवार्य छ।

जिल्ला नं. र नाम : मानवअधिकार वर्ष पुस्तकद्वारा सूचांक गरिएको जिल्ला नं. र नाम, सोहीअनुसार हुनुपर्छ (जस्तो : १.१ झापा, ५.१ कैलाली)। पहिलो नं. ले विकास क्षेत्र जनाउँछ भने दोश्रो नं. ले क्रमागत जिल्ला जनाउँछ।

घटना : घटना जे भएको हो सोही बुझिने गरी लेख्ने (जस्तो : हत्या, बलात्कार प्रयास, ज्यानमार्ने धम्की आदि)

१. सम्मानित रूपले बाँच्न पाउने अधिकार

१.१ हत्या गोली

प्रहरी/सेना/माओवादी/संगठित समूह/व्यक्ति आदिबाट

- गोलीद्वारा मृत्यु
- गोलीद्वारा घाइते
- हत्या
- यातनाले मृत्यु
- सामूहिक हत्या
- समुदाय, सम्प्रदाय, समूहबीचको झगडामा मृत्यु
- हिरासत वा थुनामा मृत्यु
- प्रदर्शन, सभा, मेला आदिमा हत्या

१.२ जेल र बन्दीहरू

जिल्लामा रहेका जेलहरूको नियमित निरीक्षण गर्नु अनिवार्य छ। जेलसम्बन्धी उपलब्ध सूचना फारम वर्षको दुईपटक भरेर पठाउनुपर्नेछ। एउटा फारम साउनभित्र (जनवरीदेखि जुनसम्मको) र अर्को पुसभित्र (जनवरीदेखि डिसेम्बरसम्मको) केन्द्रमा आइपुग्नुपर्नेछ। त्यसका अतिरिक्त जेलको दर्दनाक अवस्था र त्यहाँ उपलब्ध असुविधाप्रति विरोध जनाउँदै बेलाबेलामा बन्दीहरूले हडताल, जुलुस, अनसन, सिधा

वहिष्कार आदि गर्न सक्छन्। त्यस्ता घटनाहरू भए उक्त घटनासम्बन्धी सूचना यथाशीघ्र संकलन गरी सम्प्रेषण गर्नुपर्नेछ।

१.३ गिरफ्तारी र यातना

- विनापुर्जी गिरफ्तार
- शारीरिक यातना
  - ➢ कुटपिट गर्नु, लात्तीले र मुक्का हान्नु
  - ➢ बन्दुकको कुन्दा, लठ्ठी, भिजेको रूमाल, पाइप आदिले हान्नु
  - ➢ खुकुरी वा अन्य धारिलो हतियारले आक्रमण गर्नु
  - ➢ हड्डी भाँचिने गरी यातना दिनु
  - ➢ मुख थुनी दुबै कानमा थप्पड हान्नु
  - ➢ पैतालामा लट्ठी वा अन्य चीजले हान्नु
  - ➢ टेबुलमा माथिको आधी शरीर झुण्डिने गरी सुताई पेटमा हान्नु
  - ➢ हिरासतमा हत्कडी तथा नेल लगाउनु
- जबर्जस्ती उफ्रिन लगाउनु वा धेरै उचाईबाट तल खसाइदिनु
- जलाउनु (चुरोटले, तातोपानीले, जैविक पदार्थले, आगोले)
- यौन दुर्व्यवहार र हिरासतमा बलात्कार
  - ➢ शरीरको संवेदनशील भाग चलाउनु
  - ➢ यौनाङ्गहरू जबर्जस्ती चलाइदिनु वा चलाउन लगाउनु
  - ➢ बलात्कार गर्नु
  - ➢ गुप्ताङ्गमा लठ्ठी वा अरू चीजहरू कोचिदिनु
  - ➢ संवेदनशील भागमा करेन्ट लगाउनु
- प्लाष्टिकको व्यागले निस्सासिने गरी टाउको छोपिदिनु
- औंलाको नङ झिकिदिनु
- ४८ घण्टासम्म खाना खान नदिनु
- ४८ घण्टासम्म पानीबाट वञ्चित गर्नु
- सुत्न नदिनु
- आवश्यक परेको स्वास्थ्य उपचार ४८ घण्टासम्म वञ्चित गर्नु
- पीडितलाई/पीडितका परिवारलाई/पीडितका साथीलाई दुर्व्यवहार गरी धम्की दिनु
- पीडितलाई/पीडितका परिवारलाई/पीडितका साथीलाई दुर्व्यवहार गरी मार्ने धम्की दिनु

१.४ बेपत्ता पारिएको / अपहरण गरिएको

- राज्यपक्षबाट बेपत्ता पारिएको
- संगठित समूहबाट राजनीतिक प्रतिशोध या अन्य कारणबाट अपहरण गरिएको
- संगठित समूहबाट राजनीतिक प्रतिशोध या अन्य कारणबाट बेपत्ता पारिएको

१.५ धम्की, ज्यान मार्ने धम्की, कुटपिट

२. मौलिक अधिकार

२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

- राजनीति, वातावरण, मानवअधिकार, शान्ति, मजदुर समस्या, धार्मिक, सामाजिक समस्या, सामुदायिक समस्या, लैंगिक समस्या, साहित्यिक, संस्कृति, पत्रपत्रिका आदिमा वन्देज/व्यवधान खडा गर्नु

- विना हातहतियार शान्तिपूर्वक राजनीतिक, वातावरण, मानवअधिकार, शान्ति, ट्रेड युनियन, सहकारी, धार्मिक, सामाजिक, आमसञ्चार, सामुदायिक, महिला आदि समूहलाई सभा/संगठन गर्नबाट रोक लगाउनु
- सभा/भेलाहरूमा अश्रुग्याँस हान्नु/हवाई फायर गर्नु/लाठीचार्ज गर्नु
- कुनै पनि समूह, व्यक्ति आदिबाट मतदान गर्नबाट वञ्चित गर्नु
- मतपत्रमा अरू दोश्रो पक्षले छाप लगाइदिनु।
- एक राजनीतिक समूहबाट अर्को राजनीतिक समूहका प्रतिनिधिलाई मतदानस्थलमा बस्न नदिनु

२.२ धार्मिक स्वतन्त्रता

- धार्मिक आस्थाका आधारमा होच्याउनु, दुर्व्यवहार गर्नु, गाउँबाट निकालिदिनु आदि

२.३ सुगम र निष्पक्ष न्यायिक अधिकार

जनवरीदेखि डिसेम्बरसम्मका अदालत, जिल्ला प्रशासन कार्यालय र जिल्लास्थित अर्धन्यायिक कार्यालयमा पनि गई डिसेम्बरसम्मको तथ्यांक लिनु अनिवार्य छ।

- ३ वर्ष वा सोभन्दा बढी समयदेखि नछिनिएका मुद्दाहरूको प्रकृति र विवरण
- २ वर्षसम्म नछिनिएका मुद्दाहरूको प्रकृति र विवरण
- १ वर्षसम्म नछिनिएका मुद्दाहरूको प्रकृति र विवरण
- ६ महिनासम्म नछिनिएका मुद्दाहरूको प्रकृति र विवरण

२.४ सरूवा, घटुवा र पक्षपात आदि

३. भूमिहीन तथा सुकुम्बासी समस्या

- राज्यपक्षबाट विस्थापित गरिने घटना (तथ्य तथ्यांकहरूसमेत)
- सामाजिक सुरक्षा
- वृद्ध भत्ता
- छात्रवृत्ति
- वृद्धाश्रम
- अनाथालय

४. महिला अधिकार

४.१ महिला किनबेच, बलात्कार

- बिक्री गर्ने उद्देश्यले लगिएको
- बिक्री गरेको
- बिक्रीको घटनापछि प्रकाशमा आएको
- बलात्कार / बलात्कार प्रयास

४.२ पारिवारिक हिंसा र बहुविवाह

- कुटपिट गर्नु, लात्तीले हान्नु र मुक्का हान्नु
- लठ्ठी, दाउरा आदिले हान्नु
- खुकुरी वा अन्य धारिलो हतियारले आक्रमण गर्नु
- दुर्घटनामा पार्न खोज्नु
- बलात्कार गर्नु, नचाहँदा नचाहँदै यौन दुर्व्यवहार गर्नु
- दुर्व्यवहार गर्नु, धम्की, ज्यान मार्ने धम्की दिनु

- बहुविवाह गर्नु

४.३ महिला भएकै कारणले दिइने अन्य अमानवीय व्यवहार (देउकी, झुमा, बोक्सी र देह व्यापार आदि)

४.४ गर्भपतन

- गर्भपतनसम्बन्धी स्पष्ट कानूनको अभावमा सामाजिक, पारिवारिक एवं प्रशासनिक क्षेत्रबाट महिलाहरूले भोग्नुपरेका यातना तथा पीडा
- असुरक्षित एवं अवैज्ञानिक गर्भ पतन गराउँदा महिलाहरूको शारीरिक एवं मानसिक स्थितिमा परेका पीडा र नकारात्मक असर

५. बालअधिकार (बालबालिका उपरको अत्याचार)

- बालश्रम
- बालहत्या (शिशुहत्या) – ६ महिना नपुगेको
- सडक बालबालिका
- बाल विवाह
- बालबालिका बेचबिखन र अपहरण
- बलात्कार (यौन शोषण)
- घरेलु कामदार

६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता, ट्रेड युनियन, श्रम, पारिश्रमिक, संगठित हुने अधिकार)

- युनियनको बैठकमा भाग लिनबाट रोक लगाउनु
- युनियनको बैठक चलिरहेको बेला आक्रमण गर्नु
- युनियनमा लागेको कारणले घटुवा गर्नु / सरूवा गर्नु / बढुवा हुनबाट रोक लगाउनु
- युनियन विघटन गरिदिनु / युनियन बनाउन रोक लगाउनु
- कार्यक्षेत्रमा यौन दुर्व्यवहार गर्नु
- लैंगिक आधारमा तलब सुविधामा भेदभाव गर्नु
- लैंगिक आधारमा बढुवा नगर्नु
- काममा लगाई ज्याला/तलब सुविधा नदिनु
- न्यूनतम ज्याला/तलबसमेत नदिनु
- जातिगत आधारमा पक्षपात गर्नु
- धार्मिक, सामाजिक, आर्थिक स्तरका आधारमा भेदभाव गर्नु
- राजनीतिक आस्थाका आधारमा भेदभाव गर्नु

७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

७.१ दासत्व, कमैया, बाँधा र हलिया आदि

७.२ अन्य अमानवीय व्यवहार / जातीय छुवाछूत समेत

- सार्वजनिक स्थल मन्दिर एवं देवल आदिमा प्रवेशमा रोक
- सामाजिक वहिष्कार
- अन्तरजातीय विवाहका कारण विवाद/वहिष्कार
- उत्पादित वस्तुको बिक्री वितरणमा देखा परेको विभेद
- जागिरमा विभेद

८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

९. अतिरिक्त जातकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)
व्यक्तिगत कुटपिट/धम्की, आतंक, अपहरण, ब्ल्याकमेलका घटनाहरू "घटना संकलन फारम" मा नै भर्नुपर्छ भने तल दिइएका शीर्षक अन्तरगतका घटनाहरू छुट्टै फारम "अतिरिक्त जानकारी संकलन फारम" मा भर्नुपर्ने हुन्छ।

- चोरी/डकैती
- दुर्घटनाहरू
- विपत्तिहरू (बाढी पहिरो, आगलागी, भुइँचालो, महामारी, हैजा आदि)
- आत्महत्या
- लाश फेला परेको

घटना सुरुवात मिति : घटना भएको दिनलाई घटनाको सुरूवात मान्ने। मिति लेख्दा वर्ष, महिना र गते क्रमशः लेखी अंग्रेजीमा पनि सोहीअनुरूप अनिवार्य लेख्ने।

घटना अन्त्य भएको मिति : घटनाको प्रकृति हेरी घटना अन्त्य भएको मिति निर्धारण हुने भएकोले यसमा एकरूपता आउँदैन। जस्तो : गिरफ्तारीको घटनामा रिहा गरेको दिन वा फैसला भएको दिन, हत्याको घटनामा हत्या भएकै दिन वा पीडकलाई पक्राउ गरिएको दिन आदि।

घटना स्थलको प्रकार : घटना भएको ठाउँको सामाजिक/भौगोलिक प्रकारको नाम। जस्तो : चौर, अदालत हाताभित्र, सभास्थल, आँगन, घर, बजार, खेतबारी, अस्पताल, सैनिक क्याम्प, आदि।

सम्बन्धित अधिकारी/कार्यालयको भूमिका : घटनाका सम्बन्धमा सम्बन्धित अधिकारी वा कार्यालयको भूमिका कस्तो रह्यो। जस्तो : चासो नदिएको, अनुसन्धान गरिरहेको, पूर्वाग्रही व्यवहार प्रदर्शन गरेको।

पीडितउपरको आरोप : पीडितलाई कस्तो आरोप लगाई घटना भएको हो। जस्तो : माओवादीलाई समर्थन गरेको, ज्यानमार्ने धम्की दिएको, जग्गाको साँध सीमाना मिचेको आदि।

पीडकको प्रकार : प्रहरी, प्रशासन, राजनीतिक व्यक्ति, हुल्याहा, संगठित समूह, माओवादी, जेलर, वन सुरक्षाकर्मी, अज्ञात, जग्गाधनी, मालिक आदि।

पीडित संख्या : घटनामा भएका जम्मा प्रत्यक्ष पीडित संख्या मात्र जनाउने। त्यसरी जनाउँदा छुट्टाछुट्टै जनाउने। जस्तो : कुनै एउटा घटनामा १ जनाको हत्या भयो र अन्य १९ जना घाइते भए भने पीडित संख्या २० नलेख्ने, हत्या र घाइते भएको संख्या खुलाएर लेख्ने। गिरफ्तारी र यातनामा २० जनालाई पक्राउ गरिएकोमा ५ जनालाई गिरफ्तारपश्चात् यातना दिइयो र १५ जनालाई गिरफ्तार मात्र गरियो भने खुलाएर लेख्ने।

पीडितको प्रकार : राजनीतिक कार्यकर्ता, विद्यार्थी, सहभागी, वटुवा, दर्शक, मानवअधिकार कार्यकर्ता, मजदुर, सामाजिक कार्यकर्ता, पत्रकार, सडक बालबालिका, नाबालक, नवजात शिशु, बन्दीहरू, कृषिसँग सम्बन्धित, व्यापारी, कर्मचारी, सांस्कृतिक कार्यकर्ता, धार्मिक कार्यकर्ता, डाँका, शारीरिक र मानसिकरूपले अशक्त व्यक्ति, विदेशी, संस्था, सरकारी व्यक्ति, भारतीय नागरिक, साधारण जनता, कानून व्यवसायी, संगठित समूह, माओवादी, स्वास्थ्य कार्यकर्ता, प्रहरी, शरणार्थी, शिक्षक, वन सुरक्षाकर्मी, सैनिक, कमैया, भूमिहीन तथा सुकुम्वासी, अज्ञात आदि।

स्रोत – प्रकार : स्रोत उपलब्ध गराउनेको प्रकार। जस्तो : प्रत्यक्षदर्शी, प्रहरी, पीडितको नातेदार आदि।
घटनाका वारेमा पूर्ण जानकारी प्रदान गर्ने घटनास्थल, घटनाका पीडितहरू, पीडितका आफन्त, घटनालाई प्रत्यक्ष देख्ने व्यक्तिहरू नै सूचनाका प्रमुख र आधिकारिक स्रोतहरू हुन्। कुनै पनि घटनाको सूचना संकलन गर्दा एउटा मात्रै स्रोतमा भर पर्नुहुन्न। यद्यपि आधारभूत स्रोत अर्थात पीडित एवं पीडितका आफन्तजनहरूसँग भेटघाट नै नगरी सूचना सम्प्रेषण गर्दा कतिपय घटनाको वास्तविक विवरण प्राप्त हुन नसकेको तीतो अनुभव हामीसँग छ। घटनाका वारेमा यथार्थ सूचना

प्राप्त गर्न सूचना संकलकको दायित्व लिएको व्यक्ति अनिवार्यरूपमा निम्न स्रोतसमक्ष पुगेकै हुनुपर्दछ।

- घटनास्थल, पीडित, पीडितका आफन्त, पीडक र साक्षी।
- सरकारी निकाय - जेल, प्रहरी।
- न्यायिक तथा अर्धन्यायिक निकायहरू।
- पत्रपत्रिका र त्यसका स्थानीय सम्वाददाता

स्रोत - नाम/ठेगाना : स्रोत उपलब्ध गराउनेको नाम र ठेगाना।

स्रोत - मिति : स्रोत उपलब्ध भएको मिति।

पीडितको हालको स्थिति : घटना फारम भर्दाको स्थितिमा पीडितको अवस्था। जस्तो : छानबिनमा रहेको, बसाईं सरेको, सजाय घोषित भएको वा थुनुवा, घर फर्किएको, घाइते, बेपत्ता, मृत्यु, हिरासतबाट रिहा, पुर्पक्षको लागि थुनामा आदि।

पीडित पक्षको भनाई : घटनाका सम्बन्धमा पीडित पक्षको भनाई छोटोमा बुझिने गरी लेख्ने।

घटना विवरणको तयारी

प्रतिवेदनको स्वरुप

१. **पृष्ठभूमि**

यस अन्तर्गत घटनाको पृष्ठभूमि, घटनास्थल र त्यसको परिवेश आदिको उल्लेख गर्नुपर्छ।

२. **घटनाको विवरण**

यस अन्तर्गत कहाँका, कति वर्षीय, कसलाई, किन वा के आरोपमा वा के कारणले, कहिले, कहाँ, कसले, के गरेको, कसरी, र अहिले के स्थिति छ? आदि प्रश्नमा केन्द्रित हुँदै घटनाको यथार्थ तस्वीर प्रस्तुत गरिएको हुनुपर्छ।

३. **विभिन्न पक्ष वा व्यक्तिका धारणा एवं विश्लेषण**

यस अन्तर्गत घटनाका सम्बन्धमा पीडित, पीडितका आफन्त, साक्षीहरू तथा विभिन्न पक्ष वा व्यक्तिका धारणाहरूका आधारमा संक्षिप्त विश्लेषण प्रस्तुत गरिएको हुनुपर्छ।

४. **निष्कर्ष**

यो प्रतिवेदनको महत्वपूर्ण अंश हो। छानविन र प्राप्त प्रमाणहरूको आधारमा विश्लेषण गरी आधिकारिक निष्कर्ष अर्थात भएको यथार्थ के हो र परिणाम के निस्कियो जस्ता कुरा यसमा समावेश गर्नुपर्दछ। तर वर्ष पुस्तक जिल्ला प्रतिनिधिले वर्ष पुस्तकको निम्ति तयार गरिने घटनाहरूको प्रतिवेदन तथा विवरणमा भने माथिको १ नं. शीर्षक (पृष्ठभूमि) सबभन्दा पछाडि लेख्दा उपयोगी र सजिलो हुनेछ। घटनाको निष्कर्षमा उक्त घटनाको वास्तविकता स्पष्ट हुनुपर्छ। पढ्दा दुई अर्थ लाग्ने हुनु हुँदैन। जस्तो - हत्या हो कि होइन भन्नेमा प्रतिनिधि स्पष्ट हुन सक्नुपर्छ।

१. **घटना भएको मिति** : सबभन्दा महत्वपूर्ण कुरा सामान्यतया मिति भन्नाले साल, महिना र गते भन्ने बुझिन्छ। हाम्रो प्रतिवेदन अंग्रेजी भाषामा पनि प्रकाशित हुने र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थामा समेत पठाइने भएकोले इश्वी संवत्मा पनि उल्लेख गर्दा राम्रो हुन्छ। अझ पहिलो विवरण पठाउँदा घटना भएको समय पनि उल्लेख गर्दा अनुसन्धान गर्नसमेत सजिलो हुन्छ।

ठाउँ : तथ्य संकलनको अर्को महत्वपूर्ण पक्ष ठाउँ पनि हो। ठाउँको जानकारी राम्ररी प्राप्त भयो भने घटनाका अन्य कुराहरूको बारेमा पनि अध्ययन गर्न सजिलो हुन्छ। कतिपय अवस्थामा त यो वास्तविकताको निम्ति महत्वपूर्ण आधार पनि हुन्छ।

पीडितको नाम : प्रतिवेदनको सबभन्दा महत्वपूर्ण पक्ष पीडित हो। पीडितको विवरण उल्लेख गर्दा नाम, थर, ठेगाना, उमेर, वतन उल्लेख गर्नुपर्दछ। एक ठाउँबाट अर्को ठाउँमा मानिसको आवत-जावत भइरहने भएकाले सोही ठाउँमा स्थायी वा अस्थायी बसोबास गर्ने हो अथवा लामो या छोटो भ्रमण बसाइको क्रममा आएको हो, त्यो पनि उल्लेख गर्नुपर्दछ। त्यतिमात्र होइन, कहिलेकाहीँ एउटै नाम गरेका व्यक्ति त्यस ठाउँमा धेरै जना पनि हुन सक्छन्। त्यस अवस्थामा सम्बन्धित पीडित व्यक्तिकै स्पष्ट पहिचान गर्न सकिने किसिमको हुलिया विवरणमा आएको हुनुपर्छ। एउटै घटनामा बढी पीडित भएको भए त्यो कुरा पनि स्पष्टरूपमा उल्लेख गरिनुपर्दछ, अन्यथा कहिलेकाहीँ बढी घटनामा कम पीडित भएको व्यक्तिको नाम उल्लेख गरी लगायतका यति जना भनेर रिपोर्ट प्रकाशित हुँदा उल्लेख गर्नैपर्ने पीडित छुट्न सक्ने कुरालाई बिर्सन हुँदैन।

पीडकको नाम : पीडकको बारेमा पनि पीडितमा उल्लेख गरेअनुसार नै विवरण लेख्नुपर्दछ।

घटनाको विवरण : प्रतिवेदनको महत्वपूर्ण पाटो भनेको घटनाको यथार्थ विवरण हो। घटनाको पृष्ठभूमिमा त्यो अगाडि बढेकोले प्रवृत्ति र प्रकृतिको अध्ययनको निम्ति पृष्ठभूमिको संक्षिप्त चर्चा जरूरत पर्दछ। कतै-कतै पृष्ठभूमिको चर्चा नगरी प्रतिवेदन तयार गर्ने र कतै-कतै पृष्ठभूमिको नाममा घटना तथ्यलाई ओझेलमा पार्ने काम गरिएको पाइन्छ। घटना विवरण उल्लेख गर्दा पीडित, पीडक र निजको बारेमा पनि उल्लेख गर्नुपर्दछ भने यसको साथै त्यसको असर बारेमा पनि उल्लेख गर्नुपर्दछ। यसले पछिल्ला घटनाहरूको बारेमा अध्ययन गर्न पनि सजिलो पर्दछ। हाम्रो प्रतिवेदन भनेको फोटो खिचाई मात्र नभएकोले समस्या समाधानको निम्ति सम्बन्धित ठाउँबाट आवश्यक सुझाव पनि उल्लेख गर्दा ठोस आकार ग्रहण गर्न सक्छ।

२. प्रतिवेदन सकभर सरल एवं छोटो वाक्यमा लेख्नु पर्दछ। साना वाक्यमा तयार गर्दा अस्पष्टता, द्वैधर्थक र अन्यौलको सम्भावना हुँदैन। अनावश्यकरूपमा लामा, मिश्र वा संयुक्त वाक्यमा प्रतिवेदन तयार गर्दा कहिलेकाहीँ अर्थको अनर्थ पनि हुन सक्छ। त्यसैले प्रतिवेदन लेख्दा प्रसंग र घटनाक्रमको क्रमबद्धता तयार गरी लेख्नु पर्दछ। अड्डा अदालतमा लेख्विने जस्तो लामो अनुच्छेदमा लेख्नुभन्दा विषयगत आधारमा अनुच्छेद छुट्याई प्रतिवेदन तयार गर्नु पर्दछ। अनावश्यक शब्द दोहोऱ्याउने काम गर्नु हुँदैन। पुनरोक्तीतर्फ पनि सचेत हुनुपर्दछ। विषयवस्तु स्पष्ट नहुँदै सर्वनामको प्रयोग गरी के भन्न खोजिएको हो, सो अस्पष्ट हुने गरी लेख्नुहुँदैन।

३. प्रतिवेदनमा अन्तर्वार्ता समावेश गर्दा प्रस्तुति र प्रसङ्गलाई जस्ताको तस्तै लेख्नु पर्दछ। कतिपय शब्दको ठीक पर्यायवाची शब्द प्राप्त नहुँदा शब्द परिवर्तन गर्ने विषयमा पनि हतार गर्नु हुँदैन। कतिपय ठाउँ विशेषमा एउटै शब्दले भिन्दा-भिन्दै अर्थ दिने भएकाले पनि जस्ताको तस्तै उपयुक्त हुन्छ। अन्यथा कहिलेकाहीँ यसले अर्को थप समस्या पनि जन्माइदिन्छ। त्यस्तै एउटा प्रसङ्ग वा सन्दर्भमा उल्लेख गरेको कुरालाई अर्को प्रसङ्गमा समावेश गरिनु पनि हुँदैन।

४. प्रतिवेदन न त अति लामो न त अत्यन्त संक्षिप्त हुन्छ। यो घटनाको हाजिरी जवाफ मात्र होइन। अझ आजको जमानामा एउटा विषय वस्तुलाई अनेक किसिमबाट प्रस्तुत गर्न सकिने हुँदा आवश्यक विषय वा कुरा नछुट्ने र अनावश्यक कुरा समावेश नहोस् भन्ने विषयमा गम्भीरतापूर्वक ध्यान दिनुपर्छ।

जिल्ला परिचय

हरेक वर्षको अन्त्यमा अर्थात् पुस मसान्तसम्ममा एक पटक जिल्लाको भौगोलिक, साँस्कृतिक, राजनीतिक परिचयसहित जिल्ला परिचय लेख्नुपर्छ।

परिचयमा जिल्लाको मानवअधिकार स्थितिलाई समग्रमा उल्लेख गर्नुपर्छ। मानवअधिकारको दृष्टिकोणले मानवअधिकार प्रतिकूलका प्रचलन, रीतिथिति र सामाजिक व्यवहारको आँकलन प्रस्तुत गर्नुपर्छ। उल्लेखित उपलब्धी र क्रियाकलाप पनि लेख्नुपर्छ।

प्रशासनिक व्यवहार, राजनीतिक सन्तुलन र सामाजिक, आर्थिक बनावट एवं क्रियाकलापले मानवअधिकार स्थितिलाई धेरै हदसम्म प्रभावित पर्ने हुँदा यसतर्फ यथार्थपरक प्रतिवेदन प्रस्तुत हुनु जरूरी छ। उल्लेख गर्नुपर्ने बुँदाहरू निम्नानुसार हुन सक्छन् :

- जनसंख्या
- महिला साक्षरता प्रतिशत
- गाविस संख्या
- निर्वाचन क्षेत्र
- मा.वि. संख्या
- क्याम्पस संख्या
- अस्पताल संख्या
- मोटर सडक (कि.मी.)
- प्रहरी चौकी
- अस्थायी प्रहरी चौकी
- जम्मा साक्षरता प्रतिशत
- क्षेत्रफल (वर्ग कि.मी.)
- नपा संख्या
- प्रा.वि. संख्या
- उच्च मा.वि. संख्या
- स्वास्थ्य चौकी संख्या
- टेलिफोन लाइन
- प्रहरी कार्यालय
- प्रहरी थाना
- हुलाक संख्या

राजनीतिक सन्तुलन

- संसदमा (पार्टीगत) - जिविसमा - नपामा - गाविसमा

न्यायालयप्रतिको आमजनताको धारणा

मानवअधिकारप्रतिको आम सचेतनता

निम्नलिखित घटनाबारे तुरुन्तै केन्द्रलाई सूचना दिने

राज्यको बल प्रयोगद्वारा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको बारेमा छिटो माध्यम (ट्रंकल/फ्याक्स) बाट केन्द्रलाई सूचना दिनु जरूरी छ। केन्द्रमा तुरुन्तै सूचना दिनुपर्ने घटनाहरू :

- माओवादी जनयुद्धको क्रममा प्रहरी तथा माओवादीका तर्फबाट भएका मानवअधिकार हननका घटनाहरू (विशेष गरी हत्या र अपहरण/वेपत्ताका घटना)
- जुन कुनै स्थितिमा प्रहरीद्वारा गोली चलाइएको घटना
- गैरकानूनी गिरफ्तारी र प्रहरी कष्टडीमा मृत्यु भएको घटना
- गिरफ्तार गरेपछि बेपत्ता पारिएको घटना / अपहरणका घटना
- प्रहरी हिरासतमा यातना तथा कुटपिटका घटना
- सभा, आमसभामा प्रहरीले लाठीचार्ज गरेको घटना
- जेलमा बन्दीहरूले गरेका हडताल, अनसन वा विरोध कार्यक्रमहरू

उपरोक्त बाहेक जिल्लाको हकमा अत्यन्त संवेदनशील मानिएका अन्य घटनाहरू समेतको विवरण तयार गरेर ट्रंकल गर्ने वा फ्याक्स गर्न सम्भव भए फ्याक्सबाट पठाउने। उक्त घटनाको फारम र अन्य विवरण नियमित ढंगले पछि पठाउने।

सूचना सम्प्रेषण

जिल्ला प्रतिनिधिहरूले सूचना संकलन कार्यका साथसाथै नियमित सम्प्रेषण पनि गरिरहनु पर्दछ। हामीले प्राप्त सूचनालाई प्रचार-प्रसार गर्ने मानवअधिकार सूचना संयन्त्रको समेत सम्भाव्यतालाई केलाउन थालिसकेको हुँदा जिल्ला प्रतिनिधिहरूले झनै गम्भीरतापूर्वक सोच्नुपर्ने स्थिति आएको छ। सूचना संकलन कार्य समाप्त हुनासाथ त्यसलाई प्रतिवेदनको रूपमा प्रस्तुत गरेर आफूसँग राख्नुको कुनै औचित्य बाँकी रहन्न। उक्त सूचना छिटो भन्दा छिटो इन्सेकको क्षेत्रीय कार्यालय वा केन्द्रीय कार्यालयमा पुग्ने स्थिति निर्माण गर्नु जिल्ला प्रतिनिधिहरूको दायित्व हो। अतः सम्प्रेषण कार्य नियमित र चुस्त दुरुस्त हुनुपर्दछ। राज्यको बल प्रयोगद्वारा भएका हननका घटनाबाहेक अन्य कतिपय घटनाहरूको सूचना हरेक महिनाको ५ गतेभित्रमा क्षेत्रीय

कार्यालय पुगिसक्नु पर्नेछ। क्षेत्रीय कार्यालयले पनि हरेक जिल्लाको उक्त सूचना महिनाको ८ गतेभित्र केन्द्रमा पठाइसक्नु पर्नेछ।

केन्द्रबाट प्रकाशित हुने इन्सेक अभियान मासिक, मानवअधिकार स्थिति सूचक र अन्य सान्दर्भिक एवं सामयिक प्रकाशनहरूको निम्ति तपाईंले संकलन गर्नुभएका सूचना समयमा प्राप्त नहुँदा पर्न सक्ने अप्ठेरोप्रति जानकार हुनु जरूरी छ।

आर्थिक हरहिसाबका सम्बन्धमा

जिल्ला प्रतिनिधिले मासिक पाउने पारिश्रमिकबाहेक अन्य स्वर्च रकमको बील, भर्पाई पेश गरेपछि मात्र भुक्तानी दिइनेछ।

- छानबिन स्वर्च घटनाको प्रमाण संकलन गर्ने क्रममा भएको स्वर्च (जस्तो : अदालतबाट मिसिल सार्ने वा फोटोकपी गर्ने स्वर्च, घटनाको फोटो खरीद आदि)
- मसलन्द स्वर्च - सूचना संकलन गर्ने सन्दर्भमा खरीद गरेको नोटबुक, डटपेन आदि स्वर्च।
- सञ्चार स्वर्च - सूचना पठाउँदा वा टेलिफोन गर्दा भएको स्वर्च।
- यात्रा स्वर्च - सूचना संकलन गर्दा वा गर्ने क्रममा भएको यात्रा स्वर्च।
- वर्ष पुस्तक समीक्षा - समीक्षा गोष्ठी कार्यक्रम आयोजना गर्दा लागेको स्वर्च।
- उल्लेखित स्वर्चका बीलहरू निर्धारित स्वर्च बील विवरण फारममा शीर्षकअनुरूप लेखेर पेश गर्नुपर्छ।
- उल्लेख भएअनुसारका बील पेश गर्नुपर्ने विषयमा पेश नभएको खण्डमा भुक्तानी दिइने छैन।
- जुन महिनासम्मको सूचना संकलन सम्पन्न भइसकेको छ त्यो महिनाभन्दा अघिल्लो महिनासम्मको मात्र पारिश्रमिक भुक्तानी गरिनेछ र अन्तिम प्रतिवेदन प्राप्त भएपछि मात्र बाँकी सम्पूर्ण रकम भुक्तानी गरिनेछ।

मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि आचार संहिता

२०५८

(०५८ कार्तिक २० देखि २४ गतेसम्म धुलिखेलमा आयोजित मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि तालिममा प्रस्तुत)

- सूचना संकलन वा सम्प्रेषण वा सूचनाको व्याख्याका क्रममा मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिहरुले सत्य र न्यायको पक्षमा इमान्दार र वस्तुनिष्ठ भइ प्रस्तुत हुनु पर्दछ।
- भाषिक, धार्मिक वा जातीय सौहार्द्रता लगायत कुनै व्यक्ति वा सम्प्रदायको भावनामा चोट पुऱ्याउने गरी सूचनाको प्रस्तुति गरिनु हुँदैन।
- खास राजनीतिक, साम्प्रदायिक वा धार्मिक पक्षधरताबाट दुष्प्रभावित भई सूचनालाई तोडमोड गरी अपव्याख्या गर्नु हुँदैन। सुनेको वा सुनाइएको होइन आफ्नै अन्वेषणबाट पत्ता लागेको तथ्य प्रस्तुत गर्नु पर्दछ।
- सत्य तथ्यको प्रस्तुतिका क्रममा कथ्मकदाचित कुनै त्रुटी हुन गएको प्रमाणित भएमा त्यसलाई सच्याउन हिचकिचाउनु हुँदैन।
- वर्ष पुस्तक प्रतिनिधिको हैसियतलाई व्यक्तिगत स्वार्थ पूर्तिका निम्ति प्रयोग गर्नु हुँदैन। मानवअधिकार सम्बन्धी सूचनालाई माध्यम बनाएर कुनै पनि किसिमको अनुचित लाभ लिन खोज्नु हुँदैन।
- सूचना संकलनका क्रममा विनम्रतापूर्वक मानवअधिकार रक्षकको अधिकारको उपयोग गर्नु पर्दछ। सूचना उपलब्ध गराउन नचाहने व्यक्ति, समुदाय, अदालत, प्रशासन वा कानुन बहाल गराउने निकायलाई विद्यमान कानुनी र संवैधानिक व्यवस्था एवं राज्यले मानवअधिकारको सम्मानका निम्ति दर्शाएको प्रतिबद्धताको स्मरण गराउनु पर्छ र अनावश्यक विवादबाट मुक्त रहनु पर्दछ।
- सूचना संकलन र सम्प्रेषणका क्रममा सधै समूदाय, विद्यमान संविधान र न्यायपूर्ण कानुनहरुप्रति सम्मान दर्शाउनु पर्दछ।
- सूचना संकलन र सम्प्रेषणका क्रममा मानवअधिकार र सामाजिक न्यायका निम्ति समर्पित रहने इन्सेकको ध्येयलाई सदैव हेक्का राख्नु पर्दछ।

मानवअधिकार वर्ष पुस्तक शैली

महिनाको नाम लेख्दा

सधैं लेखौं	कहिल्यै नलेखौं
वैशाख	वैसाख
जेठ	जेष्ठ
असार	अषाढ, आषाढ
साउन	श्रावण
भदौ	भाद्र
असोज	आश्विन
कार्तिक	कात्तिक
मंसिर	मार्ग
पुस	पौष
माघ	
फागुन	फाल्गुन, फाल्गुण
चैत	चैत्र

फारम र विवरणमा लेख्नुपर्ने

	सधैं लेखौं	कहिल्यै नलेखौं
फारममा :	०५८/७/२४	२०५८/७/२४
विवरणमा :	०५८ कार्तिक २४ गते	२०५७ कात्तिक २४
	गाविस	गा.वि.स.
	नपा	न.पा.
	-	वडा नं.

जस्तैः स्यूचाटार गा.वि.स। वडा नं. ४ को सट्टा स्यूचाटार गाविस-४

.... वर्षीय	..... वर्षका
का, की	बस्ने
पीडक	अपराधी, दोषी, हत्यारा, अभियुक्त, बलात्कारी आदि
उसको, उनको	निजको

प्रहरी कार्यालयहरु लेख्दा

सधैं लेखौं	कहिल्यै नलेखौं
जिल्ला प्रशासन कार्यालय	जिप्रका
जिल्ला प्रहरी कार्यालय	जिप्रका
इलाका प्रहरी कार्यालय	इप्रका
इलाका प्रशासन कार्यालय	इप्रका
हिरासत	कस्टडी

राजनीतिक पार्टीहरुको नाम छोटकरीमा लेख्दा

छोटकरीमा	पूरा
नेकाँ	नेपाली काँग्रेस
नेकपा (एमाले)	नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी)

नेकपा (माले)	नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी)
नेकपा (माओवादी)	नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
राप्रपा	राष्ट्रिय प्रजातन्त्र पार्टी
सद्भावना पार्टी	नेपाल सद्भावना पार्टी
राजमो	राष्टिय जनमोर्चा
जनमोर्चा	संयुक्त जनमोर्चा
मसाल	ने क पा (मसाल)

अन्य

सधैं लेखौं	**कहिल्यै नलेखौं**
मानवअधिकार	मानव अधिकार
बलात्कार	जबर्जस्ती करणी, करणी
यौन दुर्व्यवहार	महिलामाथि हातपात
लास	शव
रिहा भए	छुटे
लगायत्	समेत
बालक	केटा
बालिका	केटी
पत्नी	श्रीमती, स्वास्नी
पति	श्रीमान्, लोग्ने
उहाँ	वहाँ
आत्महत्या	आत्मदाह
एम्बुस	धराप
अछूत भनिने , तल्लो जाति भनिने	अछूत, तल्लो जाति
शुरू	आरम्भ
अन्त्य	खतम, अन्त
प्रहरी	पुलिस
प्रहरी जवान	सिपाही
हवल्दार	प्र.ह.
असई	प्रहरी सहायक निरीक्षक, प्रसनि
सई	प्रहरी नायव निरीक्षक, प्रनानि
इन्स्पेक्टर	प्रहरी निरीक्षक, प्रनि
डिएसपी	प्रहरी नायव उपरीक्षक, प्रनाउ
एसपी	प्रहरी उपरीक्षक, प्रउ
एसएसपी	वरिष्ठ प्रहरी उपरीक्षक, वप्रउ
डिआईजी	प्रहरी नायव महानिरीक्षक, प्रनाम
एआईजी	प्रहरी अतिरिक्त महानिरीक्षक, प्रअम
आईजीपी	प्रहरी महानिरीक्षक, प्रमनि

कसैका नामका अगाडि पानि परम्परागत वा अन्य किसिमका अपमानजनक विशेषण प्रयोग नगर्ने

मानवअधिकार वर्ष पुस्तक १९९४ को विमोचन गर्नुहुँदै स्व. गणेशमान सिंह

मानवअधिकार वर्ष पुस्तक १९९५ को विमोचन गर्नुहुँदै स्व. मनमोहन अधिकारी